# राजश्व सुधार कार्ययोजना

## REVENUE IMPROVEMENT ACTION PLAN

(२०८१/०८२ देखि २०८३/०८४)

नगरकार्यपालिकाको कार्यालय
मध्यनेपाल नगरपालिका भोर्लेटार, लमजुङ
गण्डकी, प्रदेश, नेपाल
फोन नं : ०६६–४१००५२,४१०१५२,४१०१५२
E-mail:info@madhyanepalmun.np, madhyanepalmun@gmail.com
Website: https:madhyanepalmun.gov.np

| | |
|---|---|
| **प्रतिवेदनको शीर्षक :** | *मध्यनेपाल नगरपालिकाको राजश्व सुधार कार्ययोजना, २०८०* |
| **नगरपालिका :** | *मध्यनेपााल नगरपालिका भोर्लेटार, लमजुङ* |
| **समन्वय र सहयोग :** | *गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान, पोखरा, नेपाल* |
| *परामर्शदाता सँस्था* | *कृतज्ञ इन्जिनियरिङ प्रा.लि.शंखमूल काडमाण्डौ* |
| **मिति :** | *बैशाख, २०८१* |

पत्र संख्या:
च.नं:

मिति२०८१।०२।२४

## मध्यनेपाल नगरपालिका, नगरकार्यपालिकाको कार्यालय

भोर्लेटार, लमजुङ



### मन्तव्य

नेपालको संविधान बमोजिमको संघीय ढाँचाको राज्य संरचना कार्यन्वयन गर्न दोस्रो चरणमा हामीलाई जनताले निर्वाचित गरेर पठाएका छन् । संविधानको मर्मअनुसार दीगो शान्ति र सामाजिक न्याय सहितको समृद्धीमा पुग्ने तीव्र चाहाना अनुसार कार्य गर्ने अवसर हामी जनप्रतिनिधिहरुले प्राप्त गरेका छौं । यसै सर्न्दभमा मध्यनोल नगरपालिकाले गत तीन आर्थिक वर्षको यथार्थ आम्दानी, चालू आर्थिक वर्ष २०८०/०८१ को प्रस्तावित तथा पौष मसान्तसम्मको यथार्थ आयको आधारमा आगामी तीन आर्थिक वर्षको लागि राजस्व सुधार कार्ययोजना तर्जुमा गरेको छ । संविधानले निर्देश गरेअनुसारको नीतिसंग समायोजन हुने गरी दीगो विकासका लक्ष्य हाँसिल गर्न आन्तरीक राजश्व योजना तर्जुमा गर्न वान्छनीय भएको छ । विभिन्न चरणमा गरीएका गोष्टि र छलफलबाट आएका सुझावहरु आत्मसाथ गरी त्रिवर्षिय राजश्व सुधार कार्य योजना तयार गरिएको छ । जनताको सामाजिक न्याय सहितको समृद्धिको तीव्र चाहना बमोजिम आन्तरीक राजश्वलाई योजनावद्ध विकास गर्न यो दस्तावेज एउटा मार्गचित्र हुनेछ । यस कार्ययोजना तर्जुमाको लागि आर्थिक तथा प्राविधिक सहयोग गर्ने गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानलाई धन्यवाद दिन चाहन्छु साथै यस कार्यका लागि महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने हाम्रा जनप्रतिनिधिज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत लगायत कर्मचारी वर्ग, प्रत्यक्ष, अप्रत्यक्ष रुपमा योगदान गर्नु हुने हाम्रा शुभचिन्तक, विज्ञ विद्धानहरु, आम जनसमुदाय, आ-आफ्नो भूमिकामा रहेर योगदान दिनु भएका परामर्श संस्था कृतज्ञ इन्जिनियरिङ काठमाण्डौका विज्ञ टिमका टिमलिडर महेन्द्रप्रसाद लामिछाने साथै सदस्यहरु, नगरपालिकाका सबै नागरिक लगायत सम्पूर्णमा हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

रमेश कुमार पाण्डे
नगर प्रमुख

पत्र संख्या:
च.नं:

मिति२०८१।०२।२४

## मध्यनेपाल नगरपालिका, नगरकार्यपालिकाको कार्यालय
### भोर्लेटार, लमजुङ

**मन्तव्य**



भौगोलिक विविधता र प्राकृतिक श्रोतको धनी लमजुङ जिल्लाको मध्यनेपाल नगरपालिका जिल्लाकै आर्थिक विकासको अग्रणी क्षेत्रको रुपमा विकसित हुने प्रचुर सम्भावना रहेको छ । सुशासन, प्रभावकारी सेवाप्रवाह, पर्यटकिय पूर्वाधारको निर्माण, कृर्षिमा व्यवसायीकरण, स्थानीय औधोगिकरण, उत्पादन तथा आयमूलक कार्यमा लगानी, रोजगारीको सृजना तथा नागरिकहरुको प्रतिव्यक्ति आयमा वृद्धि जस्ता कार्यको लागि संघीय, प्रदेश तथा स्थानीय सरकार सहित स्थानीय राजनैतिक दल, संघ संस्था, सहकारी तथा निजि क्षेत्र सबैको विकास र परिवर्तन प्रतिको सकरात्मक सोंच, एकता तथा समन्वय र दृढ ईच्छाशक्ति हुनु अति नै आवश्यक छ । सेवा प्रवाह र विकास कार्यलाई प्रभावकारी गराउन नगरपालिकाको आन्तरीक राजश्वको नविनतम स्रोत साथै दायरालाई खोजी गरी समग्र पक्षको क्षेत्रगत तथा खण्डिकृत तथ्यांकका आधारमा यो त्रिवर्षिय राजश्व सुधार कार्य योजना तर्जुमा गर्नु अत्यन्त महत्वपूर्ण कार्य हो । यसबाट नगरपालिका क्षेत्रको आन्तरिक आय वृद्धि तथा विकास प्रकृया लगायत समग्र क्षेत्रमा मार्गदर्शन गर्नेछ भन्ने पूर्ण विश्वास लिएकी छु । अन्त्यमा, यस योजना तर्जुमा कार्यमा सहयोग तथा परामर्श प्रदान गर्नुहुने नगरपालिकाका निर्वाचित पदाधिकारीहरु, स्थानीय स्तरमा कृयाशिल राजनीतिक दल, कर्मचारी मित्रहरु, विषयगत शाखा, अन्य सरोकारवाला संघ संस्था, प्राविधिक सहयोग गर्ने श्री कृतज्ञ इन्जिनियरिङ प्रा.लि. काठमाण्डौका का विज्ञहरुको योगदानको उच्च कदर गर्दै अत्यन्तै हार्दिकता पूर्वक धन्यवाद व्यक्त गर्दछु ।

सिता गुरुङ
उप प्रमुख

**मध्यनेपाल नगरपालिका, नगरकार्यपालिकाको कार्यालय**

**भोर्लेटार, लमजुङ**

**मन्तव्य**

मध्यनेपाल नगरपालिका नगर कार्यपालिकाको कार्यालय भोर्लेटार, लमजुङ गण्डकी प्रदेश २०७३



मिति२०८१।०२।२४

धार्मिक साथै पर्यटनका दृष्टिले पनि महत्वपूर्ण रहेको लमजुङ जिल्लाको मध्यनेपाल नगरपालिकाको राजश्व सुधार कार्ययोजनाको यो दस्तावेज गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानको आर्थिक तथा प्राविधिक सहयोगमा गाउँपालिका तथा नगरपालिकाको राजश्व सुधार कार्ययोजना तर्जुमा सम्बन्धी दिग्दर्शन ( २०७६) अनुसार तयार भएको छ । नगरपालिकाले राजश्व सङ्कलनलाई थप प्रभावकारी र जनतामैत्री बनाउने उद्देश्यले निर्माण गरेको यस राजश्व सुधार कार्ययोजनाले नगरपालिकाको स्रोत बढाउनेमा विश्वास लिएको छु । प्रचलित कानूनले प्रदत्त गरेका अधिकारको प्रयोग गर्दै नगरपालिकाले आवश्यकता अनुसार ऐन कानून निर्माण गर्ने, नीति बनाउने, कार्यविधिहरू समेत निर्माण गरी करका दायराहरू बढाउँदै लगेको छ । यसै सन्दर्भमा हरेक स्थानीय तहले राजस्व सुधार कार्ययोजना अनिवार्य रुपमा निर्माण गर्नैपर्ने भएकाले मध्यनेपाल नगरपालिकाले विगतको राजश्वको विश्लेषण गर्दै आगामी तीन आर्थिक वर्षको सम्भाव्यता प्रक्षेपण गरेको हो । यो त्रिवर्षिय राजश्व सुधार कार्य योजना तर्जुमाका क्रममा अत्यन्त खुला हृदयका साथ सौहार्द्रपूर्ण सहयोग गर्नुहुने आदरणीय नगरप्रमुखज्यू, राजश्व परामर्श समितिका संयोजक नगरउप-प्रमुखज्यू साथै सम्पूर्ण जनप्रतिनिधिज्यूहरु, सबै राजनीतिक दलका नेतृत्ववर्गहरु, विषयगत दक्षता ज्ञान सहित रायसुझाव तथा सल्लाह प्रदान गर्नुहुने विषयगत शाखाका प्रमुख एवं राष्ट्रसेवक साथिहरु, सबै वडाका सचिव र कर्मचारी साथीहरु प्रति हार्दिक धन्यवाद दिन चाहन्छु । साथै यस योजनाको छलफल कार्यक्रममा उपस्थित भई गहन राय सुझाव सल्लाह दिनुहुने विभिन्न क्षेत्रबाट प्रतिनिधित्व गर्नुभएका विज्ञ व्यक्तित्वहरु र योजना तयार पार्ने परादर्श दाता संस्था कृतज्ञ इन्जिनियरिङ प्रा.लि. काठमाण्डौका विज्ञ समूहका टिमलिडर महेन्द प्रसाद्र लामिछाने साथै विज्ञ टिमका सदस्यहरुप्रति विशेष धन्यवाद ज्ञापन गर्दछु ।

प्रमुख प्रशासकीय अधिकृत

चण्डिका पौडेल

**चण्डिका पौडेल**

**प्रमुख प्रशासकीय अधिकृत**

## विषयसूची

**परिच्छेद–एकः परिचय १**
१.१ पृष्ठभूमि ........ १
१.२ राजश्व सुधार कार्ययोजनाको औचित्य ........ २
१.३ राजश्व सुधार कार्ययोजनाको उद्देश्यहरू........३
१.४ राजश्व सुधार कार्ययोजना तर्जुमाका विधि तथा प्रक्रियाहरू ........ ३
१.४.१ सन्दर्भ सामग्री सङ्कलन तथा अध्ययन ........ ३
१.४.२ तथ्याङ्क/सूचना सङ्कलन फाराम तथा रूजुसूची विकास........५
१.४.३ तथ्याङ्क/सूचना सङ्कलन ........ ६
१.४.४ कार्यशालाका सहभागीहरू........ ६
१.४.५ प्रतिवेदन तयारी ........ ७
१.५ योजनाका सीमाहरू........ ७
परिच्छेद-दुई : नगरपालिकाको संक्षिप्त परिचय ........ ९
२.१ नगरपालिकाको संक्षिप्त परिचय........ ९
२.२ नगरपालिकाको मानव संशाधनको अवस्था........११
२.३ नगरपालिकाको भौतिक सम्पत्तिको अवस्था........१२
परिच्छेद-तीनः स्थानीय तहको राजश्व अधिकार र आय सम्भाव्यता ........१३
३.१ स्थानीय तहको राजश्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था........१३
३.२ नगरपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था........१६
३.३ आन्तरिक राजश्व सङ्कलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण........१८
३.३.१ स्थानीय कर राजश्व ........१९
३.३.२ स्थानीय गैर कर राजश्व........३२
परिच्छेद-चारः आय सङ्कलनको संस्थागत क्षमता तथा सङ्कलन अवस्था........ ४६
४.१ राजश्व परिचालन सम्बन्धी नीति ........४६
४.२ आय सङ्कलनको संस्थागत क्षमता ........ ४७
४.२.१.राजश्व शाखामा कार्यरत कर्मचारीहरुको विवरण........४७
४.२.२.राजश्व परामर्श समिति........४८
४.२.३.राजश्व परिचानलका लागि प्रशासनिक व्यवस्था........४८
४.३ नगरपालिकाको आन्तरिक आय परिचालन ........ ५०
४.४ राजश्व परिचालनमा रहेका सवालहरू........ ५०

परिच्छेद–पाँचः राजश्व सुधार कार्ययोजना....................................५३
५.१.नगरालिकाको राजश्व सुधार कार्ययोजना ....................................५३
परिच्छेद-छः आगामी तीन वर्षको आय प्रक्षेपण ....................................६१
६.१ राजश्व सुधार कार्ययोजनाका आधारमा प्रक्षेपण....................................६१
६.२ आगामी तीन आर्थिक वर्षको आय प्रक्षेपण....................................६४
परिच्छेद- सातःअपेक्षित नतिजा ....................................६७
परिच्छेद-आठः अनुगमन तथा मूल्याङ्कन....................................७०
८.१. कार्यलय स्तरको अनुगमन ....................................७०
८.२. राजश्व परामर्श समितिबाट अनुगमन तथा मूल्याङ्कन ....................................७०
८३. कार्यापालिकाबाट अनुगमन तथा मूल्याङ्कन ....................................७१
८.४. वाह्य अनुगमन तथा मूल्याङ्कन ....................................७१
८.५ अनुगमन तथा मूल्याङ्कनका क्षेत्रहरु....................................७२

# परिच्छेद–एक: परिचय

## १.१ पृष्ठभूमि

नेपालको संविधान, २०७२ ले राज्य शक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले गर्ने गरी तीनवटै तहका कार्य जिम्मेवारी निर्धारण गरेको छ । यसै बमोजिम स्थानीय सरकारलाई संविधान प्रदत्त कार्यजिम्मेवारी पुरा गर्न आवश्यक पर्ने स्रोत साधनको परिपूर्तिका लागि संघ तथा प्रदेश सरकारबाट वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदान प्रदान गर्न सक्ने व्यवस्था गरेको छ । संघ तथा प्रदेश सरकारबाट प्रदान गरिने वित्तीय हस्तान्तरणले मात्र स्थानीय तहको खर्च आवश्यता पुरा गर्न सम्भव  छैन । यसैगरी राज्यशक्तिको बाँडफाँट गर्दा राजश्व अधिकारको समेत तहगत सरकारबीच बाँडफाँट गरिएको हुँदा संघीय वित्त व्यवस्थाका मान्यता अनुसार स्थानीय तहलाई विभिन्न कर तथा गैरकरहरू लगाउने र उठाउने गरी राजश्व अधिकार प्रदत्त छ । अनुदान र राजश्व अधिकार बाहेक स्थानीय तहले संविधान र संघीय कानुन बमोजिम राजश्व बाँडफाँट बापत रकम प्राप्त गर्न सक्ने र नेपाल सरकारको पूर्वस्वीकृतिमा ऋण लिन सक्ने कानुनी व्यवस्था समेत छ । यसका लागि स्थानीय तहको राजश्व अधिकारका सम्भावनाहरूको खोजी गर्ने, सम्भाव्य क्षेत्रको राजश्व परिचालनका लागि अवलम्बन गर्नुपर्ने नीतिगत, कानुनी र व्यवस्थापकीय सुधारका उपायहरू पहिचान गरी कार्यान्वयनमा ल्याउने र ती प्रयासका आधारमा आगामी दिनमा परिचालन गर्न सकिने वास्तविक आन्तरिक आयको प्रक्षेपण गर्ने कार्यका लागि राजश्व सुधार कार्ययोजना (Revenue Improvement Action Plan-RIAP) को खाँचो छ । यसैले आन्तरिक आय परिचालनमा सुधार ल्याउन, राजश्व सुधारका क्रियाकलापहरू पहिचान गर्न र पहिचान गरिएको क्रियाकलापहरूको कार्यान्वयनबाट स्थानीय तहको आन्तरिक आयमा पर्न सक्ने प्रभाव समेतका आधारमा आगामी दिनमा प्राप्त हुन सक्ने राजश्वको प्रक्षेपण गर्ने कार्यलाई मार्गदर्शन गर्न राजश्व सुधार कार्ययोजना तर्जुमा गरिन्छ । स्थानीय सरकारको बढ्दो खर्च धान्न र तिनको सामर्थ्य बृद्धि गर्न आन्तरिक राजश्व परिचालन क्षमतामा बृद्धि गर्न अपरिहार्य भएकाले गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानको प्राविधिक तथा आर्थिक सहयोगमा लमजुङस्थित मध्यनेपाल नगरपालिकाले राजश्व सुधार कार्ययोजना तयार गरेको हो ।

राजश्व सुधार कार्ययोजनामा नगरपालिकाको वर्तमान वित्तीय अवस्था, राजश्व क्षमता र राजश्व परिचालनका लागि लिनु पर्ने रणनीति र कार्यनीतिहरू समावेश गरिएको छ । राजश्व सुधार कार्ययोजनाले पहिचान गरेका समस्याहरूको समयमा नै समाधान गर्न सके सम्भावित वित्तीय प्रक्षेपणलाई पूर्ण क्षमतामा उपयोग गर्ने सकिने छ । राजश्व सुधार कार्ययोजनाले राजश्व परिचालनमा

सुधार ल्याउनको लागि योजनाबद्ध रूपमा कार्य गर्दछ । स्थानीय तहको राजश्व प्रक्षेपण गरी सोको आधारमा बजेट तयार गर्ने तथा राजश्व परामर्श समितिको सिफारिसमा राजश्वका दररेट निर्धारण गर्ने कार्यमा राजश्व सुधार कार्ययोजनाले सहयोग गर्दछ । स्थानीय तहले प्रत्येक वर्षको पुस मसान्तभित्र आगामी आर्थिक वर्षको लागि आफ्नो स्रोतबाट सङ्कलन हुनसक्ने अनुमानित राजश्वसहित आयव्यय प्रक्षेपण गरिएको तथ्याङ्कसहितको विवरण संघीय अर्थ मन्त्रालयमा पठाउनु पर्ने व्यवस्था अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले गरेको छ । यस्तै प्रत्येक स्थानीय तहले आफ्नो कार्यक्षेत्र भित्रका विषयहरूमा हुने सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्नुपर्ने र आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था छ । यसरी खर्चको प्रक्षेपण गर्दा आन्तरिक आयको समेत प्रक्षेपण तीन वर्षको लागि गर्नुपर्ने हुन्छ । स्थानीय तहमा राजश्व परामर्श समितिमा जनप्रतिनिधि र कर्मचारी गरी ५ देखि ७ जनाको एक कार्यदल गठन गरिएको हुन्छ । जसको नेतृत्व उपप्रमुख वा उपाध्यक्षले गर्दछन् । राजश्व परामर्श समितिको सिफारिसका आधारमा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले आन्तरिक स्रोतको अनुमान गर्नुपर्ने भएकाले राजश्व सुधार कार्ययोजना तर्जुमा गर्दा पुस मसान्त भित्रै सम्पन्न गर्नु उपयुक्त हुन्छ ।

## १.२ राजश्व सुधार कार्ययोजनाको औचित्य

नेपालको संविधान (भाग १९) मा आफ्नो अधिकार क्षेत्र भित्रको विषयमा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसारपसार, पुँजी तथा श्रम बजार, छिमेकी प्रदेश वा स्थानीय तहलाई प्रतिकूल नहुने गरी कानुन बनाई कर लगाउन सक्ने व्यवस्था गरिए अनुरूप स्थानीय तहहरूले राजश्व अधिकारको प्रयोग गरी कर तथा गैरकर सङ्कलनका आधारभूत मान्यता अनुरूप राजश्व, कर, शुल्क र दस्तुर उठाउन सक्नेछन् । स्थानीय सरकारलाई वित्तीय रूपमा सबल बनाउने, स्थानीय सरकारको खर्च व्यवस्थापन गर्ने, स्थानीय तहमा सार्वजनिक सेवाहरू उपलब्ध गराउने, स्थानीय तहका विकास निर्माण कार्य सञ्चालन गर्ने तथा स्थानीय तहमा सुशासनको प्रत्याभूति गराउनु पर्दछ । स्थानीय सरकारले कर लगाउँदा वैज्ञानिक करका आधारभूत मान्यताहरूका आधारमा कर करदाताले तिर्न सक्ने क्षमता र कर प्रणाली समानता र न्यायमा आधारित रहने गरी स्थापना गर्ने, सरल, पारदर्शी र मितव्ययी हुने गरी कर लगाउनुका साथै नागरिकलाई सुविधा हुने गरी असुल गर्ने, स्वेच्छिक रूपमा कर तिर्न प्रेरित हुने वातावरण सिर्जना गर्न र करको आधार, दायरा, दर र तिर्ने अवधि निश्चित गर्न राजश्व सुधार कार्ययोजना निर्माण गरिएको हो ।

## १.३ राजश्व सुधार कार्ययोजनाको उद्देश्यहरू

यस कार्ययोजनाको मुख्य उद्देश्य नगरपालिकाको प्रभावकारी राजश्व सङ्कलन तथा परिचालनका सुझावहरूसहितको त्रि-वर्षिय राजश्व सुधार कार्ययोजना/प्रतिवेदन तयार गर्नु रहेको छ । यस उद्देश्य प्राप्तिको लागि देहाय अनुसारका सहायक उद्देश्यहरू निर्धारण गरिएका छन् :

३.१ नगरपालिकाको आन्तरिक आय तथा राजश्व सम्बन्धी संवैधानिक तथा कानुनी प्रावधानहरूको समीक्षा गर्ने ।

३.२ नगरपालिकाको आन्तरिक आय तथा राजश्वका वर्तमान अवस्था र श्रोतहरूको विश्लेषण एवम् लेखाजोखा गर्ने र बृद्धिका सम्भावनाहरू पहिचान गर्ने ।

३.४ नगरपालिकाको वैज्ञानिक ढङ्गले आगामी ३ वर्षको शीर्षकगत राजश्व अनुमान तथा प्रक्षेपण गर्ने ।

३.५ नगरपालिकाको आन्तरिक राजश्व सुधार रणनीति तथा प्रभावकारी राजश्व प्रशासनका लागि कार्ययोजना निर्माण गरी कार्यान्वयन गर्ने ।

## १.४ राजश्व सुधार कार्ययोजना तर्जुमाका विधि तथा प्रक्रियाहरू

राजश्व सुधार कार्ययोजना तर्जुको लागि विभिन्न सन्दर्भ सामग्रीहरूको अध्ययन, तथ्याङ्क तथा सूचना सङ्कलनका लागि आवश्यक फारामहरूको विकास, समावेशी र सहभागितामूलक छलफल, तथ्याङ्क सङ्कलन तथा विश्लेषण जस्ता विधि र प्रक्रियाहरू अवलम्बन गरिएको थियो । अध्ययनका क्रममा निम्न विधिहरू अवलम्बन गरिएको थियो ।

### १.४.१ सन्दर्भ सामग्री सङ्कलन तथा अध्ययन

अध्ययन कार्यको प्रथम चरणमा विभिन्न स्रोतहरूबाट सन्दर्भ सामग्रीहरूको सङ्कलन तथा पुनरावलोकन गरिएको थियो । यस क्रममा अध्ययन तथा पुनरावलोकन गरिएको मुख्य सामग्रीहरू देहायअनुसार रहेका छन् :

**तालिका नं. १ सन्दर्भ सामग्री**

| सन्दर्भ सामग्रीहरू | अध्ययनको विषय क्षेत्र |
|---|---|
| नेपालको संविधान, २०७२ | • राज्यको संरचना र राज्यशक्तिको बाँडफाँड (भाग १९ : धारा २२८ देखि २३० सम्म)<br>• स्थानीय आर्थिक प्रणाली (भाग १९ : भाग २२८ देखि २३० सम्म)<br>• संघ, प्रदेश तथा स्थानीय सरकारको अधिकार सूची<br>• (अनुसूची ५ देखि ९ सम्म) |
| स्थानीय सरकार सञ्चालन ऐन, २०७४ | • गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार (परिच्छेद ३)<br>• गाउँपालिका तथा नगरपालिकाको वित्तीय अधिकार क्षेत्र (परिच्छेद ९)<br>• गाउँपालिका तथा नगरपालिकाको आर्थिक कार्य प्रणाली (परिच्छेद १०) |
| अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ | • राजश्वका अधिकार (परिच्छेद २)<br>• राजश्वका बाँडफाँड (परिच्छेद ३)<br>• अनुदानको व्यवस्था (परिच्छेद ४)<br>• वैदेशिक सहायता तथा ऋण (परिच्छेद ५)<br>• आयव्ययको प्रक्षेपण गर्ने (दफा १८)<br>• राजश्व प्रस्ताव तयार गर्ने (दफा १९)<br>• वित्तीय अनुशासन (परिच्छेद ८)<br>• नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारले लगाउन सक्ने कर (अनुसूची १, २ र ३)<br>• प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँड (अनुसूची ४) |
| राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन, २०७४ | • प्राकृतिक स्रोतको परिचालन, राजश्व बाँडफाँड तथा अनुदान (परिच्छेद ४) |
| केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन | • स्थानीय सरकार सञ्चालन एनेमा स्थानीय तहको राजश्व अधिकार सम्बन्धी विषयमा भए गरिएका संशोधनहरू |
| नेपाल सरकारको आर्थिक वर्ष २०८०/०८१ बजेट वक्तव्य र आर्थिक ऐन, २०८० | • स्थानीय तहको राजश्व अधिकार क्षेत्रमा भएका वा हुने संशोधित प्रावधानहरू |
| प्रदेश सरकारको आर्थिक वर्ष २०८०/०८१ वार्षिक बजेट वक्तव्य र आर्थिक ऐन, २०८० | • स्थानीय तह र प्रदेश सरकार बीच साझा अधिकार सूचीका विषयमा प्रदेश कानुनले गरेको व्यवस्थाहरू |
| एकीकृत आर्थिक सङ्केत तथा वर्गीकरण र व्याख्या, २०७४ | • स्थानीय तहको राजश्व प्रक्षेपणको ढाँचामा एकरूपताका लागि |
| कर तथा गैरकर राजश्व ऐन, २०७५ | • कर तथा गैरकर सम्बन्धी व्यवस्थाको लागि |
| प्रदेश तथा स्थानीय कर सम्बन्धी अध्ययन तथा सुझाव प्रतिवेदन, २०७५ | • प्रदेश तथा स्थानीय कर बारे जानकारीको लागि |
| मध्यनेपाल नगरपालिकाको वस्तुगत | • स्थानीय तहको राजश्व अधिकार क्षेत्रमा पर्ने स्रोतहरूको |

| सन्दर्भ सामग्रीहरू | अध्ययनको विषय क्षेत्र |
|---|---|
| विवरण (प्रोफाइल) | आधार बारेको सूचना र तथ्याङ्कको लागि |
| मध्यनेपाल नगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ को बजेट तथा कार्यक्रम | • स्थानीय राजश्व र आयको प्रवृत्ति विश्लेषणको लागि |
| मध्यनेपाल नगरपालिकाको आर्थिक ऐन, २०८० | • नगरपालिकाले तोकेको दर र दायरा सम्बन्धी व्यवस्थाको लागि |
| मध्यनेपाल नगरपालिकाको राजश्व परामर्श समितिको निर्णयहरू | • कर सम्बन्धी निर्णयको लागि |
| मध्यनेपाल नगरपालिकाको महालेखा परीक्षकको आर्थिक वर्ष ०७७/०७८, ०७८/०७९ र ०७९/०८० को वार्षिक प्रतिवेदन | • कर सङ्कलनको अवस्था र अन्य आवश्यक तथ्याङ्कको लागि |
| मध्यनेपाल नगरपालिकाको अन्य सान्दर्भिक कार्ययोजनाहरू | • नगरपालिकाको योजनामा आन्तरिक राजश्वका स्रोत र सम्भावनाको लागि |
| संघ तथा प्रदेशले उपलब्ध गराएका कार्यविधि, दिग्दर्शन, ऐन कानुनका नमुनाहरू | • स्थानीय तहको राजश्व अधिकारको उपयोगका लागि कानुनी र नीतिगत व्यवस्था |

## १.४.२ तथ्याङ्क/सूचना सङ्कलन फाराम तथा रूजुसूची विकास

आवश्यक सन्दर्भ सामग्रीहरूको अध्ययन तथा विश्लेषण पश्चात तथ्याङ्क तथा सूचना सङ्कलनका लागि आवश्यक फारामहरूको विकास गरिएको थियो । सूचना सङ्कलन फारामलाई अन्तिम रूप दिन आवश्यक छलफल गरिएको थियो । सूचना सङ्कलनका लागि तयार गरिएको फारामहरू निम्नानुसार छन् ।

(क) नगरपालिकाको परिचयको लागि आवश्यक आधारभूत र संस्थागत सूचना तथा मुख्य पदाधिकारीहरूसँगको परामर्शका लागि तयार गरिएको सूचना सङ्कलन फाराम अनुसूची १ मा रहेको छ । यस सूचीमा मुख्यतः नगरपालिकाको संक्षिप्त परिचय, गठन, राजश्व प्रशासनको अवस्था र विगत तीन आर्थिक वर्षको राजश्व परिचालनको स्थितिबारे जानकारी लिने उद्देश्यले यो फारामको प्रयोग गरिएको थियो ।

(ख) राजश्वका शीर्षकगत समुह छलफलका लागि आवश्यक सूचनासँग सम्बन्धित फाराम अनुसूची २ मा रहेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा व्यवस्था भए अनुसारका कर र गैरकरहरूको शीर्षकगत रूपमा वर्तमान समस्याहरू, सम्भावना, समाधानका लागि गर्नुपर्ने उपायहरू र जिम्मेवार

निकायको पहिचान र कार्यान्वयनको समयावधिका बारेमा समूहगत रूपमा छलफल गर्नका लागि यो फाराम प्रयोगमा ल्याइएको थियो । आवश्यक आधारभूत र संस्थागत सूचना सङ्कलनका लागि तयार गरिएका फारामहरू सम्बन्धित स्थानीय तहहरूलाई इमेल एवम् व्यक्तिगत तबरबाट उपलब्ध गराइएको थियो ।

### १.४.३ तथ्याङ्क/सूचना सङ्कलन

नगरपालिकाका पदाधिकारीहरू, प्रमुख प्रशासकीय अधिकृत, कार्यालयका लेखा र राजश्व शाखाका कर्मचारीहरूसँग छलफल गरी आवश्यक तथ्याङ्क एवम् सूचनाहरू सङ्कलन गरिएको थियो । नगरसभाको निर्णय पुस्तिकाबाट समेत आवश्यक सूचनाहरू लिइएको थियो । यस क्रममा निम्न तथ्याङ्क एवम् सूचनाहरू सङ्कलन गरिएको थियो ।

- मध्यनेपाल नगरपालिका बारे संक्षिप्त जानकारी,
- वर्तमान राजश्व प्रशासनको अवस्था (संगठन संरचना, कर्मचारी, राजश्व असुली तथा भौतिक सुविधा आदि),
- राजश्व परिचालनका लागि अवलम्बन गरिएका नीतिगत व्यवस्थाहरू,
- आन्तरिक आय सङ्कलनको अवस्था, स्रोत, क्षेत्र तथा दर सम्बन्धी विस्तृत विवरण,
- आन्तरिक आय सङ्कलनको सम्भावित नयाँ क्षेत्रहरू सम्बन्धी तथ्याङ्क तथा सूचना (सम्बन्धित तथ्याङ्क, सरोकार पक्षहरूसँग छलफल),
- मध्यनेपाल नगरपालिकाको आ.व. २०८०/०८१ को नीति, कार्यक्रम तथा बजेट ।

### १.४.४ कार्यशालाका सहभागीहरू

राजश्व सुधार कार्ययोजना तर्जुमा सम्बन्धी अभिमुखीकरण २०८०।१०।०४ मा सञ्चालन गरिएको थियो । नगरपालिका उपप्रमुख एवम् राजश्व परामर्श समिति संयोजक सिता गुरूङको अध्यक्षतामा भएको कार्यक्रममा नगरप्रमुख रमेश कुमार पाण्डे, वडाअध्यक्षहरू, कार्यपालिका सदस्यहरू, प्रमुख प्रशासकीय अधिकृत, लेखा अधिकृत, विषयगत शाखा प्रमुखहरू, वडाका सचिवहरू तथा कर्मचारीहरूको सहभागिता छलफल गरिएको थियो ।

## १.४.५ प्रतिवेदन तयारी

विभिन्न स्रोतहरू र छलफलहरूबाट प्राप्त सूचना तथा सुझावहरूको आधारमा यस मस्यौदा कार्ययोजना निर्माण गरिएको हो । यस प्रतिवेदनमा नगरपालिकाको राजश्व सुधार कार्ययोजना, तीन आर्थिक वर्षहरूका लागि नगरपालिकाको आय प्रक्षेपण समावेश गरिएको छ । यो प्रतिवेदन तयार गर्दा निम्न प्रक्रियाहरू अवलम्बन गरिएको छ ।

### (क) मस्यौदा प्रतिवेदन तयारी

सर्वप्रथम अध्ययनका क्रममा विभिन्न स्रोतहरूको पुनरावलोकन, नगरपालिकाबाट प्राप्त अभिलेखहरूको अध्ययन, नगरपालिकामा गरिएको छलफल र वडागत रुपमा गरिएको छलफलबाट प्राप्त सुझाव र सल्लाहका आधारमा प्रारम्भिक मस्यौदा प्रतिवेदन तयार गरिएको छ ।

### (ख) मस्यौदा प्रतिवेदनबारे सुझाव सङ्कलन

यसैगरी नगरकार्यपालिकाको कार्यालयमा नगरपालिका उपप्रमुख तथा राजश्व परामर्श समितिकी संयोजकको अध्यक्षता तथा नगरप्रमुखको प्रमुख आतिथ्यतामा प्रमुख प्रशासकीय अधिकृत लगायत विषयगत शाखाका प्रमुख तथा कर्मचारीहरुसँग मस्यौदा प्रतिवेदन माथि छलफल गरि प्राप्त राय सुझाव बमोजिम मश्यौदा प्रतिवेदनलाइ पूर्णता दिइकोछ । त्यस्तै प्रदेश प्रशिक्षण प्रतिष्ठान समक्ष पेश गरी आवश्यक सुझावहरू तथा पृष्ठपोषण सङ्कलन गरिने छ । सरोकारवाला पक्षहरूबाट प्राप्त सुझावहरूलाई समावेश गरी मस्यौदा राजश्व सुधार कार्ययोजनामा समावेश गर्ने कार्य गरि अन्तिम रुप दिइने छ ।

### (ग) अन्तिम प्रतिवेदन तयारी

प्रारम्भिक प्रतिवेदन माथि प्रदेश प्रशिक्षण प्रतिष्ठानबाट प्राप्त सुझाव र पृष्ठपोषण समेतलाई समावेश गरी तयार गरि मस्यौदा प्रतिवेदन नगरपालिकामा पेंश गरी प्राप्त सुझावहरूलाई समेत समावेश गरी अन्तिम प्रतिवेदन तयार गरिने छ ।

## १.५ योजनाका सीमाहरू

मध्यनेपाल नगरपालिकाको राजश्व सुधार कार्ययोजना तर्जुमा निम्नानुसारका सीमामा रहेर तयार गरिएको छ ।

- यस राजश्व सुधार कार्ययोजना संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेको गाउँपालिका तथा नगरपालिकाको राजश्व सुधार कार्ययोजना तर्जुमा सम्बन्धी दिग्दर्शन (२०७६) अनुसार तयार गरिएको हो ।
- यस राजश्व सुधार कार्ययोजना गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानको आर्थिक तथा प्राविधिक सहयोगमा निर्माण गरिएकाले केन्द्रको दिशानिर्देश र पृष्ठपोषण प्राप्त भए अनुसार तयार गरिएको हो ।
- यस राजश्व सुधार कार्ययोजना नेपाल सरकार र प्रदेश सरकारका विद्यमान प्रचालित कानुनी दस्तावेजहरू तथा मध्यनेपाल नगरपालिकामा उपलब्ध तथ्य, तथ्याङ्क, नीति तथा ऐन, नियम र कार्यविधि तथा अन्य कानुनी दस्तावेज अनुसार तयार गरिएको हो ।
- यस राजश्व सुधार कार्ययोजनाले आम्दानीको प्रक्षेपण मात्रै गरेको छ ।
- कार्ययोजना निर्माण २०७७/०७८, २०७८/०७९ र २०७९/०८० को यथार्थ आय र चालू आ.व. २०८०/०८१ को अनुमान र पुस मसान्तसम्मको यथार्थ आयमा आधारित भएकोले आगामी तीन आर्थिक वर्षको लागि मात्रै तयार गरिएको हो ।
- कार्ययोजनाको निर्माण कार्यशर्तगत क्षेत्रमा तोकिए बमोजिम २०८० फागुन ४ गतेदेखि शुरु गरी २५ दिन भित्र तयार गरिएको हो ।

# परिच्छेद-दुई : नगरपालिकाको संक्षिप्त परिचय

*यस परिच्छेदमा मध्यनेपाल नगरपालिकाको संक्षिप्त परिचय प्रस्तुत गरिएको छ ।*

## २.१ नगरपालिकाको संक्षिप्त परिचय

नेपालको मध्य भागमा, ईशानेश्वर महादेवको काखमा अवस्थित यस मध्यनेपाल नगरपालिका काठमाडौबाट १८० कि.मी पश्चिम तथा पोखराबाट ३२ कि.मी पूर्वमा अवस्थित गण्डकी प्रदेश अन्तर्गत लम्जुङ्ग जिल्लाको एक व्यापारीक केन्द्र भोर्लेटारमा पर्दछ । यस नगरपालिकामा मुख्य जातिको रुपमा ब्राह्मण, क्षेत्री, गुरुङ्ग, नेवार, मगर, दुरा, कामी आदि रहेका छन् भने नेपाली लोक संगीतमा दुर्लभ मानिने ठाडोभाका लोक गीतको जन्मथलो मानिने यस क्षेत्रमा बिभिन्न जातिय तथा परम्परागत नृत्यहरु पनि छन् । जसमा घाटु, चुड्का, कौरा र परम्परागत तिजका गित तथा नृत्यहरु यस नगरपालिकाका सर्वाधिक लोकप्रिय संस्कृतिहरु हुन् । नगरवासिहरु आंशिक रुपमा जागिरे, व्यापार र वैदेशिक रोजगारिमा संलग्न भयतापनि कृषि नै मुख्य आर्थिक स्रोत रहेको छ । मादी, खहरे, गोल्यङ्दि, रिस्ति, चर्दि, मिदिम, पिस्ति जस्ता खोलाका काखमा रहेका फाँटहरु उर्भर र सदाबहार छन् ।

हरेक बर्ष हिन्दुहरुको महान पर्व शिवरात्रिको अवशर पारेर हजारौं श्रदालु भक्तजनहरु यस नगरको काखमा रहेको प्रसिद्ध धार्मिक स्थल इशानेश्वर महादेव मन्दिरको दर्शन गर्नका निम्ति आउने गर्दछन् । यसै गरी नाग भैरवको मन्दिर, मालिका मन्दिर, जल्पादेवी मन्दिर, जिता भयरथान मन्दिर आदि धार्मिक स्थलले आफनो छुटै अस्तित्व बोकेका छन् ।

विकासको क्रममा हेर्ने हो भने नगरपालिका स्थापना पूर्व नै यस क्षेत्रमा बाटो, विजुली, खानेपानी, शिक्षा, स्वास्थ्य र टेलिफोन जस्ता भौतिक पूर्वाधारहरु लगभग दुइ तिहाइ नगरबासिले उपभोग गरिसकेका थिए भने नगरपालिका स्थापना पश्चात उक्त भौतिक सुविधाहरु क्रमबद्ध रुपमा न.पा.को सम्पूर्ण क्षेत्रमा विस्तार गर्न नगरपालिका निरन्तर रुपमा लागि परेको छ । शिक्षाको क्षेत्रमा हेर्ने हो भने, यस नगरमा जम्मा ४६ सरकारी, ७ निजि र १ बाल बिकास केन्द्र सञ्चालनमा रहेका छन । यहाँका शत प्रतिशत नगरवासिले विधुत सेवा उपभोग गर्न पाएका छन् भने यातायातको क्षेत्रमा १८ कि.मि कालोपत्रे पक्कि सडक, ३४ कि.मि ग्राभेल सडक र २३० कि.मि कच्चि सडक रहेका छन् । यस नगरको

प्रमुख आर्थिक केन्द्र भोर्लेटार, रामबजार, दुइपिप्ले र सोतिपसल, छिमेकि जिल्ला तनहुँको सदरमुकाम दमौलीसँग पक्कि सडकले जोडिएको हुँदा बजार व्यवस्थापनका लागि सहज मानिन्छ । नगरपालिकाको जनसङ्ख्या, क्षेत्रफल, घरधुरी संख्या आदिको विवरण निनानुसार छः

**तालिका नं. २ नगरपालिकाको संक्षिप्त जानकारी**

| | |
|---|---|
| जनसङ्ख्या | • ११,८९५ महिला र १०,०७६ पुरुष गरि जम्मा २१,९७१ (जनगणना, २०७८) |
| साक्षरता दर | • जम्मा साक्षरता प्रतिशत ७८.९<br>• पुरुष साक्षरता प्रतिशत ८७.८ र महिला साक्षरता प्रतिशत ७१.६ |
| क्षेत्रफल | • ११३.८६ वर्ग कि.मी |
| घर सङ्ख्या | • ६४२७ (जनगणना, २०७८) |
| केन्द्र | भोर्लेटार |
| वडा सङ्ख्या | १० |
| सिमाना | |
| पूर्व | सुन्दरबजार नगरपालिका |
| पश्चिम | रुपा गाँउपालिका, कास्की जिल्ला |
| उत्तर | क्व्होलासोथार गाँउपालिका र केहि भाग बेसीशहर नगरपालिका |
| दक्षिण | ब्यास नगरपालिका, तनहुँ जिल्ला |

**तालिका नं. ३ नगरपालिकाको वडा विभाजन**

| वडा नं. | साविक गाविस/गाउँवस्तीको नाम |
|---|---|
| १ | जिता |
| २ | तान्द्रङ टक्सार |
| ३ | सुर्यपाल |
| ४ | रम्घा |
| ५ | समिभञ्यङ |
| ६ | भोर्लेटार |
| ७ | इशानेश्वर (चिसाङखु) |
| ८ | करापु |
| ९ | बाङ्ग्रे |
| १० | नेटा |

*स्रोतः मध्यनेपाल नगर कार्यपालिकाको कार्यालय, २०८०*

## २.२ नगरपालिकाको मानव संशाधनको अवस्था

नगरपालिकाले आफ्नै संगठन संरचना अनुरूप कार्य सञ्चालन गर्दै आएको छ । संघीय सरकारबाट विषयगत शाखामा खटाइएका कर्मचारीहरूलाई पनि विषयगत शाखा गठन गरी सञ्चालन गरिरहेको छ । हाल कायम संगठन संरचना यसप्रकार रहेको छ ।

नगरकार्यपालिकाको मानव संशाधनको अवस्था र कर्मचारीको दरबन्दी निम्न अनुसार रहेको छ ।

**तालिका नं. ४ नगरकार्यपालिकाको कर्मचारी दरबन्दी सम्बन्धी व्यवस्था**

| क्र.स. | पद | तह/श्रेणी | सेवा | समूह | सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत | १० औं | प्रशासन | सा.प्र. | १ |
| २ | अधिकृत | ९/१० औं | शिक्षा | शिक्षा प्रशासन | १ |
| ३ | सि.डि.ई. | ९/१० औं | ईन्जि. | सिभिल | १ |
| ४ | अधिकृत | ७/८ औं | सा.प्र. | प्रशासन | १ |
| ५ | लेखा अधिकृत | ७/८ औं | प्रशासन | लेखा | १ |
| ६ | अधिकृत | ७/८ औं | शिक्षा | शिक्षा प्रशासन | १ |
| ७ | जन स्वास्थ्य अधिकृत | ७/८औं | स्वास्थ्य | जन स्वास्थ्य | १ |
| ८ | इन्जिनियर | ७/८ औं | इन्जि. | सिभिल | १ |
| ९ | अधिकृत | ६ औं | प्रशासन | सामान्य | २ |
| १० | आ.ले.प. सहायक | ५ औं | प्रशासन | लेखा | १ |
| ११ | प.हे.न. | ५/६ औं | स्वास्थ्य | क.न. | १ |
| १२ | हेल्थ असिष्टेन्ट | ५/६ औ | स्वास्थ्य | हे.इ. | १ |
| १३ | सहायक | ५औं | प्रशासन | सा.प्र. | ५ |
| १४ | लेखापाल | ५ औं | प्रशासन | लेखा | १ |
| १५ | कम्प्युटर अप्रेटर | चौथो | विविध | | १ |
| १६ | प्रा.स. | ५ औं | शिक्षा | शिक्षा प्रशासन | ४ |
| १७ | सव.इन्जिनियर | ५ औं | इन्जि. | सिभिल | २ |
| १८ | महिला विकास निरीक्षक | ५ औं | विविध | | १ |
| १९ | अमिन | चौथो | इन्जि. | सर्भे | १ |
| २० | सहायक | चौथो | प्रशासन | सा.प्र. | २ |
| २१ | स.ले.पा. | चौथो | प्रशासन | लेखा | १ |
| २२ | सहायक महिला विकास निरीक्षक | चौथो | विविध | | १ |
| **कार्यालय तर्फ जम्मा** | | | | | २८ |
| **वडा कार्यालय तर्फ (जम्मा वडा १०)** | | | | | |
| १. | सहायक | ५ औं | प्रशासन | सा.प्र. | ५ |
| २. | सव.इन्जिनियर | ५ औं | इन्जि. | सिभिल | ५ |
| ३. | सहायक | चौथो | प्रशासन | सा.प्र. | ६ |
| ४. | अ.सव.इन्जिनियर | चौथो | इन्जि. | सिभिल | ६ |
| वडा कार्यालय तर्फ जम्मा | | | | | २२ |
| | | | | **कुल जम्मा** | **५०** |

*स्रोतः मध्यनेपाल नगरकार्यपालिकाको कार्यालय, २०८०*

यस नगरपालिकाको १० वटा वडा कार्यालय सहायक (५औं, प्रशासन) ५, सहायक (प्रशासन, चौथो) ६ र असिष्टेन्ट सव-इन्जिनियर (चौथो, इन्जि.) ६ गरी २२ दरबन्दी तेरीज कायम गरिएको छ भने कार्यालय तर्फ कुल दरबन्दि २९ जनाको भएता पनि हाल कुल जम्मा २८ गरी जम्मा ५० जनाको तेरीज कायम गरिएको छ ।

## २.३ नगरपालिकाको भौतिक सम्पत्तिको अवस्था

यस नगरपालिका हाल भाडाको भवनबाट सञ्चालित छ भने नयाँ प्रशासकीय भवन निर्माणाधीन छ । यस नगरपालिकाका १० वटै वडामा स्वास्थ्य चौकी रहेका छन् । यसमा वडा नं. ५ र ८ का स्वास्थ्य चौकीको आफ्नो भवन छैन भने अन्य ८ वटा स्वास्थ्य चौकीको आफ्नै भवन छ । यस्तै ८ वडाले आफ्नै भवनबाट सेवा प्रदान गर्छन् भने वडा नम्बर ५ र ६ चाहिँ भाडाको भवनमा सञ्चालित छ । यस नगरपालिकामा १५ शैयाको आधारभूत अस्पताल सुर्यपालमा निर्माणाधीन छ । यसैगरी यस नगरपालिकामा स्कारपियो एक वटा, महेन्द्र पिक अप एक वटा, फोरटन एक वटा गरी जम्मा ३ वटा गाडि प्रयोगमा छन् भने १८ वटा मोटरसाइकल र २ वटा स्कुटर छन् ।

## परिच्छेद-तीनः स्थानीय तहको राजश्व अधिकार र आय सम्भाव्यता

यस परिच्छेदमा नगरपालिकाको राजस्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था, उपलब्ध कानुनी व्यवस्था अनुसार नगरपालिकाको आन्तरिक आय परिचालनको सम्भाव्यतालाई शीर्षक गत रूपमा विश्लेषण गरिएको छ । यसबाट नगरपालिकाको आन्तरिक आय परिचालनको विद्यमान अवस्था तथा सम्भावनाको विस्तृत विश्लेषण भई पहिचान गरिएको मुद्दाहरूलाई राजस्व सुधार कार्य योजनाले सम्बोधन गर्ने विश्वास लिइएको छ । त्यसैगरी, नगरपालिकाले राजस्व परिचालनमा गरेका प्रयासहरू तथा आय सङ्कलनको अवस्थालाई छोटकरीमा व्याख्या गरिएको छ । यसले नगरपालिकाको आय सङ्कलनको लागि संस्थागत क्षमतामा सुधार गर्न गर्नुपर्ने कार्यहरू पहिचान गर्न सहयोग पुग्नेछ ।

### ३.१ स्थानीय तहको राजश्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था

नेपालको संविधानको अनुसूची ८ ले स्थानीय तहलाई सम्पत्ति कर, घरबहाल कर, घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर (मालपोत), दण्ड जरिवाना, मनोरञ्जन करलाई स्थानीय तहको एकल अधिकार क्षेत्र भित्र राखेको छ । साथै संविधानको अनुसूची ९ मा सेवा शुल्क, दस्तुर, दण्ड जरिवाना तथा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी, पर्यटन शुल्क लगाउने अधिकार तीनै तहको साझा अधिकारको रूपमा राखिएको छ । यस्तै अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले एकल कर प्रशासनको मान्यता अनुरूप अनुसूची ८ मा घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर र विज्ञापन करबाट प्राप्त आयलाई एउटा तहको सरकारले उठाई आपसमा बाँडफाँट गर्ने व्यवस्था छ ।

यस व्यवस्था अनुसार घरजग्गा रजिष्ट्रेशन शुल्क प्रदेश कानुन बमोजिम हाललाई नेपाल सरकारले तोकेको निकाय मार्फत् उठाई सम्बन्धित स्थानीय तहलाई ६० प्रतिशत र प्रदेश सरकारलाई ४० प्रतिशतका दर बाँडफाँट गर्ने, सवारी साधन कर प्रदेश सरकारले उठाई ६० प्रतिशत रकम प्रदेश सरकारले र ४० प्रतिशत स्थानीय तहले पाउने गरी बाँडफाँट गर्ने, मनोरञ्जन कर प्रदेश कानुन बमोजिम स्थानीय तहले उठाई ६० प्रतिशत स्थानीय तह र ४० प्रतिशत प्रदेश सरकारले पाउने गरी बाँडफाँट गर्ने र विज्ञापन कर स्थानीय कानुन बमोजिम स्थानीय तहले उठाई ६० प्रतिशत रकम आफूले राखी ४० प्रतिशत प्रदेश सरकारलाई उपलब्ध गराउने पर्ने हुन्छ । साथै सोही ऐनले मूल्य

अभिबृद्धि कर र आन्तरिक उत्पादन तर्फको अन्तशुल्क वापत प्राप्त रकमको ७० प्रतिशत नेपाल सरकारले, १५ प्रतिशत प्रदेश र १५ प्रतिशत स्थानीय तहले पाउने व्यवस्था गरेको छ भने पर्वतारोहण, विद्युत, वन, खानी तथा खनिज र पानी तथा अन्य प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको ५० प्रतिशत नेपाल सरकारले, २५ प्रतिशत रकम सम्बन्धित प्रदेशले र २५ प्रतिशत रकम स्थानीय तहलाई बाँडफाँट गर्नुपर्ने व्यवस्था छ । नेपालको संविधानको अनुसूची ८ अनुसार स्थानीय तहको वित्तीय अधिकार अन्तरगत स्थानीय तहहरूले सम्पत्ति कर (घरजग्गा कर), घरवहाल कर, घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, भूमिकर (मालपोत), मनोरञ्जन कर, विज्ञापन कर र व्यवसाय कर लगाउन सक्नेछन र गैरकर अन्तर्गत सेवा शुल्क, दस्तुर, पर्यटन शुल्क र दण्ड जरिवाना सङ्कलन गर्न सक्नेछन् । राजश्व अधिकार सम्बन्धी विभिन्न तहहरूको एकल तथा साझा अधिकार सम्बन्धी विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ५ तीन तहको सरकारको राजश्व अधिकार**

| संघ | प्रदेश | स्थानीय | साझा |
|---|---|---|---|
| • भन्सार<br>• अन्त:शुल्क<br>• मूल्य अभिवृद्धि कर<br>• संस्थागत आयकर<br>• व्यक्तिगत आयकर<br>• पारिश्रमिक कर<br>• राहदानी शुल्क<br>• भिसा शुल्क<br>• पर्यटन दस्तुर<br>• सेवा शुल्क दस्तुर<br>• दण्ड जरिवाना | • घरजग्गा रजिष्ट्रेशन शुल्क<br>• सवारी साधन कर<br>• मनोरञ्जन कर<br>• विज्ञापन कर<br>• पर्यटन<br>• कृषि आयमा कर<br>• सेवा शुल्क दस्तुर<br>• दण्ड जरिवाना | • सम्पत्ति कर<br>• घर बहाल कर<br>• घर जग्गा रजिष्ट्रेशन शुल्क<br>• सवारी साधन कर<br>• सेवा शुल्क दस्तुर<br>• पर्यटन शुल्क<br>• विज्ञापन कर<br>• व्यवसाय कर<br>• भूमिकर (मालपोत)<br>• दण्ड जरिवाना<br>• मनोरञ्जन कर<br>• मालपोत सङ्कलन | • सेवा शुल्क<br>• दस्तुर<br>• दण्ड जरिवाना<br>• प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी<br>• पर्यटन शुल्क |

## कानुनी व्यवस्था

स्थानीय तहको वित्तीय अधिकारका सम्बन्धमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५४ देखि दफा ६३ सम्म व्यवस्था गरेको छ । स्थानीय तहको वित्तीय अधिकारलाई थप स्पष्ट पार्न निम्नानुसारको थप व्यवस्था कानुनले गरेको छ ।

## (क) एकल कर प्रशासन

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को, (१) दफा ५ को सट्टा नेपाल सरकारको आर्थिक ऐन, २०७५ ले एकल कर प्रशासन सम्बन्धमा देहाय बमोजिम संशोधन गरेको छ :

(१) यस ऐन तथा प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि संविधानको अनुसूचीमा प्रदेश र स्थानीय तह दुवैको अधिकार सूचीमा रहेका देहायको कर देहाय बमोजिम लगाइने र उठाइने छ :

(क) सवारी साधन करको दर प्रदेशले लगाउने र उठाउने, तर टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्सामा सवारी साधन करको दर गाउँपालिका वा नगरपालिकाले लगाउने र उठाउने ।

(ख) घर जग्गा रजिष्ट्रेशन शुल्कको दर प्रदेशले लगाउने र गाउँपालिका वा नगरपालिकाले उठाउने ।

(ग) मनोरञ्जन करको दर प्रदेशले लगाउने र गाउँपालिका वा नगरपालिकाले उठाउने ।

(घ) विज्ञापन करको दर गाउँपालिका वा नगरपालिकाले लगाउने र उठाउने ।

(२) उपदफा (१) को खण्ड (ख), (ग) र (घ) बमोजिमको करबाट उठेको रकम मध्ये साठी प्रतिशत रकम गाउँपालिका वा नगरपालिकाले स्थानीय सञ्चित कोषमा जम्मा गरी चालिस प्रतिशत रकम मासिक रूपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ

## (ख) सम्पत्ति कर सम्बन्धी व्यवस्था

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५ मा भएको सम्पत्ति करको व्यवस्थामा संशोधन गरी देहाय अनुसारको व्यवस्था गरिएको छ ।

१. दफा ५५ सम्पत्ति कर

(१) गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको घर र सो ले चर्चेको (प्लेन्थ एरिया) जग्गामा सम्पत्ति कर लगाउने छ । स्पष्टिकरण : यस उपदफाको प्रयोजनका लागि चर्चेको जग्गा भन्नाले भवन र भवनले ओगटेको क्षेत्रफल बराबरको जग्गा वा पाँच हजार चार सय छहत्तर वर्ग फिट जग्गा मध्ये जुन घटी हुन्छ त्यसलाई सम्झनु पर्दछ ।

(२) उपदफा (१) बमोजिम सम्पत्ति कर लगाउने भनि तोकेको घरजग्गा बाहेकका अन्य जग्गा भएमा दफा ५६ बमोजिम भूमिकर (मालपोत) लगाउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम सम्पत्ति कर लगाउँदा देहाय बमोजिमका विषयलाई आधार लिनु पर्नेछ :

(क) घर र जग्गाको आकार प्रकार र बनौट

(ख) घर र जग्गाको प्रचलिन बजार मूल्य तथा घरको हकमा ह्रासमूल्य

(ग) घर र जग्गाको व्यापारिक वा आवासीय उपयोगको अवस्था

२.दफा ५६ को सट्टा देहायको दफा ५६ राखिएको छ : ५६. भूमिकर (मालपोत): गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको दफा ५५ बमोजिम सम्पत्ति कर लागेको जग्गा बाहेकको अन्य जग्गामा भूमिकर (मालपोत) लगाउनेछ ।

## ३.२ नगरपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था

मध्यनेपाल नगरपालिकालाई प्राप्त कानुनी अधिकारको आधारमा नगरपालिकामा सम्भावना भएका आय शीर्षकहरूको सम्भाव्यता, आन्तरिक आय सङ्कलनका प्रमुख क्षेत्रहरू परिचालनको विद्यमान अवस्था, सम्भावनाको शीर्षकगत रूपमा विश्लेषण गर्दै प्रभावकारी परिचालनका उपायहरूको खोजी गरिएको छ ।

**तालिका नं. ९ आन्तरिक आय सङ्कलनको विद्यमान अवस्था विवरण**

| क्र.सं. | आयका प्रकार | सम्भावनाको विवरण | दर निर्धारणको अवस्था | सङ्कलन भएको/नभएको |
|---|---|---|---|---|
| क. | **कर तर्फ** | | | |
| १. | सम्पत्ति कर | भएको | भएको | भएको |
| २. | भूमि कर (मालपोत) | भएको | भएको | भएको |
| ३. | सवारी साधन कर (टाँगा, रिक्सा, अटोरिक्सा, इ–रिक्सा) | भएको | भएको | नभएको |
| ४. | घर जग्गा बहाल कर | भएको | भएको | भएको |
| ५. | मनोरञ्जन कर | भएको | भएको | नभएको |
| ६. | विज्ञापन कर | भएको | भएको | नभएको |
| ७. | व्यवसाय कर | भएको | भएको | भएको |
| ८. | जडीबुटी, कवाडी र जीवजन्तु निकासी कर | भएको | भएको | भएको |
| ख. | गैर कर राजश्व | | | |
| ख.१ शुल्क, सेवाशुल्क तथा महसुल | | | | |
| १. | बहालविटौरी शुल्क | भएको | भएको | भएको |
| २. | पार्किङ शुल्क | भएको | भएको | नभएको |
| ३. | फोहरमैला व्यवस्थापन शुल्क | भएको | भएको | नभएको |
| ४. | स्थानीय खानेपानी महसुल | भएको | भएको | नभएको |
| ५. | स्थानीय विद्युत महसुल | नभएको | नभएको | नभएको |
| ६. | धार्मिक, मनोरञ्जन तथा साहसी खेलकुद | भएको | भएको | नभएको |

| क्र.सं. | आयका प्रकार | सम्भावनाको विवरण | दर निर्धारणको अवस्था | सङ्कलन भएको/नभएको |
|---|---|---|---|---|
| | सम्बन्धी सेवा तथा व्यवसाय सेवाशुल्क | | | |
| ७. | निर्माण, सञ्चालन र व्यवस्थापन गरेका स्थानीय पूर्वाधार तथा सेवामा सेवाशुल्क | भएको | भएको | नभएको |
| ८. | मूल्याङ्कन सेवा शुल्क | भएको | भएको | भएको |
| ९. | शिक्षा सेवा (सरुवा, अनुमति आदि) | भएको | भएको | भएको |
| १०. | परीक्षा शुल्क | भएको | भएको | भएको |
| ११. | स्वास्थ्य सेवा (परीक्षण लगायत विभिन्न सामान्य शुल्क) | भएको | भएको | भएको |
| १२. | दमकल | भएको | नभएको | नभएको |
| १३. | एम्बलेन्स | भएको | नभएको | नभएको |
| १४. | केबलकार, ट्रेकिङ, कायाकिङ, बन्जिजम्प, जिपफ्लायर, प्याराग्लाइडिङ आदि मनोरञ्जन तथा साहसी खेलकुद सम्बन्धी सेवा तथा व्यवसाय सेवाशुल्क | भएको | नभएको | नभएको |
| १५. | पर्यटन शुल्क | भएको | भएको | नभएको |
| ख.२ बिक्री तथा अन्य आय | | | | |
| १६. | ढुङ्गा, गिट्टी, बालुवा, माटो आदि प्राकृतिक एवम् खनिजजन्य वस्तुको बिक्री तथा निकासी शुल्क | भएको | भएको | भएको |
| १७. | काठ, दाउरा, जराजुरी, दहत्तर, बहत्तर बिक्री | भएको | भएको | भएको |
| १८. | अन्य बिक्रीबाट प्राप्त आय | भएको | भएको | भएको |
| १९. | सामुदायिक वनबाट प्राप्त आय | भएको | भएको | नभएको |
| २०. | सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय | भएको | भएको | भएको |
| २१. | न्यायिक दण्ड जरिवाना | भएको | भएको | भएको |
| २२. | प्रशासनिक दण्ड जरिवाना | भएको | भएको | भएको |
| २३. | पूर्वनिर्धारित क्षतिपूर्ति | भएको | भएको | भएको (पटके) |
| ख.३ दस्तुर | | | | |
| २४. | नक्सापास | भएको | भएको | भएको |
| २५. | सिफारिस/प्रमाणित दस्तुर | भएको | भएको | भएको |
| २६. | व्यक्तिगत घटना दर्ता दस्तुर | भएको | भएको | भएको |
| २७. | नाता प्रमाणित दस्तुर | भएको | भएको | भएको |
| २८. | दर्ता, अनुमति तथा नवीकरण दस्तुर | भएको | भएको | भएको |

*स्रोत : मध्यनेपाल नगरपालिका, राजश्व शाखा, २०८०*

माथिको तालिकामा नगरपालिकाले सम्पत्ति कर, भुमिकर (मालपोत), घरबहाल कर, व्यवसाय कर, जडिबुटी, कवाडी र जीवजन्तु निकासी कर सङ्कलन गरिरहेको अवस्था छ भने सवारी साधन कर,

मनोरञ्जन कर र विज्ञापन कर भने दर समेत लगाई सम्भावना हुँदाहुदै पनि सङ्कलन हुन सकेको छैन । यसैगरी नगरपालिकाले ढुङ्गा, गिट्टी, बालुवा आदि प्राकृतिक एवम् खनीजजन्य वस्तुको बिक्री तथा निकासी शुल्क, नक्सा पास दस्तुर, व्यक्तिगत घटना दर्ता विलम्ब शुल्क, बहालविटौरी शुल्क, पार्किङ शुल्क, मूल्याङ्कन सेवा शुल्क, स्वास्थ्य सेवा (परीक्षण लगायत विभिन्न सामान्य शुल्क), शिक्षा सेवा ( सरुवा, अनुमति आदि), दण्ड जरिवाना, वडामार्फत् गरिने सिफारिश तथा प्रमाणित दस्तुर, दर्ता, अनुमति तथा नवीकरण दस्तुर लगायतका गैर करहरू सङ्कलन भईरहेको छ । तर फोहरमैला व्यवस्थापन शुल्क, स्थानीय खानेपानी र विद्युत महसुल भने सम्भावना हुँदाहुँदै पनि सङ्कलन हुन सकेको छैन ।

## ३.३ आन्तरिक राजश्व सङ्कलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण

यस भागमा नगरपालिकाको आन्तरिक आय सङ्कलनका प्रमुख क्षेत्रहरू परिचालनको विद्यमान अवस्था, सम्भावनाको शीर्षकगत रूपमा विश्लेषण गर्दा प्रभावकारी परिचालनका उपायहरूको खोजी गरिएको छ । तथ्याङ्कीय विश्लेषणको लागि कर तथा गैरकरका आधार र करदाता सङ्ख्याको पहिचान गरिएको छ । त्यसैगरी प्रति इकाई कर तथा गैरकरका दरको अनुमान गरी करदाता सङ्ख्याका आधारमा कुल सम्भाव्यता पहिचान गरिएको छ । राजश्व अनुमान गर्दा कुल सम्भाव्यताको सबै अंश तत्काल करको दायरामा ल्याउन सम्भव नहुने हुँदा दायरामा ल्याउन सकिने अंश अनुमान गरी प्रक्षेपण गरिएको छ ।

नगरपालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र नगरपालिकाका अन्य ऐन अनुसारका राजश्व अधिकार प्रयोग गरी राजश्व सङ्कलन गर्दै आएको छ । कानुनी प्रावधान अनुसार नगरपालिकालाई प्राप्त राजश्व अधिकार प्रयोगको वर्तमान अवस्थाको विश्लेषण गर्दा राजश्व परिचालनमा उपलब्ध दस्तावेजहरू तथा छलफलबाट प्राप्त जानकारीका आधारमा नगरपालिकाको राजश्व परिचालनको वर्तमान अवस्था निम्न अनुसार छ ।

## ३.३.१ स्थानीय कर राजश्व

## (क) सम्पत्ति कर

**विद्यमान अवस्था**

नगरपालिकाले चालू आ. व. २०८०/०८१ देखि मात्र सम्पत्ति कर सङ्कलन गर्न सुरुवात गरेको छ। सम्पत्ति कर कार्यान्वयनका लागि नगरपालिकाले सम्पत्ति मूल्याङ्कन सहितको आर्थिक नीति बनाएर सम्पत्ति कर असुली गरिरहेको छ।

आ.व.२०७९/८० मा नगरपालिकामा सम्पत्ति कर र भूमिकर एकमुस्ट रूपमा रु.४० लाख अनुमान गरिएकोमा सो बापत रु. २२ लाख २५ हजार ४८६ सङ्कलन भएको छ। त्यसैगरी सम्पत्ति कर बापत आ.व. २०८०/८१ का लागि रु. ३० लाख असुल हुने अनुमान रहेकोमा चालू आ.व. २०८०/०८१ को पौष मसान्त सम्ममा रु.१८ हजार ५७२ मात्र सङ्कलन भइसकेको छ। यसरी कूल अनुमानित रकमको १ प्रतिशत पनि ६ महिनामा सङ्कलन हुन नसकेको देखिन्छ।

**सम्भावना**

यस नगरपालिकामा राष्ट्रिय जनगणना २०७८ को नतिजा अनुसार ६४२७ घरधुरी रहेको देखिन्छ। विद्यमान कानुनी व्यवस्थाले घर र घरले चर्चेको जग्गा र अधिकतम सो जग्गा बराबरको थप जग्गामा मात्र सम्पत्ति कर लाग्ने हुँदा उल्लेखित घर परिवार संख्या ६४२७ लाई नै यस अध्ययनको प्रयोजनका लागि कूल सम्पत्ति करदाता संख्या कायम गरिएको छ। आर्थिक ऐन २०८० अनुसार चालू आर्थिक वर्षको सम्पत्ति कर सोही आर्थिक वर्षको पौष मसान्त सम्ममा बुझाएमा लाग्ने करमा १० प्रतिशत छुट हुने प्रावधान रहेको छ। चालू आ. व. को आर्थिक ऐनमा उल्लेखित दर रेटलाई नै आधार मानेर अनुमानित करदाताको संख्या तथा सम्पत्ति करको न्यूनतम औसत अनुमानित दरका आधारमा गणना गर्दा सम्पत्ति करको सम्भाव्यता निम्नअनुसारको देखिन्छ।

**तालिका नं. १० सम्पत्ति करको प्रक्षेपण**

| क्र. स | सम्पत्तिको मुल्य रु.( भन्दा माथि) | सम्पत्तिको मुल्य रु. (सम्मको लागि) | सम्भावित करदाता संख्या | सम्भावित घरधुरी प्रतिशत | आ.व.२०८० /८१ को औषत सम्पत्ति करको दर | सम्भावित कर सङ्कलन | आधार |
|---|---|---|---|---|---|---|---|
| १ | १ | १०००००० | १६०७ | २५ | १२५ | २००८४४ | नपा आर्थिक ऐन २०८० |
| २ | १००००० | २०००००० | १२८५ | २० | ३०० | ३८५६२० | " |
| ३ | २००००० | ३०००००० | ९०० | १४ | ५०० | ४४९८९० | " |

| क्र. स | सम्पत्तिको मुल्य रु.( भन्दा माथि) | सम्पत्तिको मुल्य रु. (सम्मको लागि) | सम्भावित करदाता संख्या | सम्भावित घरधुरी प्रतिशत | आ.व.२०८० /८१ को औषत सम्पत्ति करको दर | सम्भावित कर सङ्कलन | आधार |
|---|---|---|---|---|---|---|---|
| ४ | ३००००01 | ४००००००० | ७७१ | १२ | ८०० | ६१६९९२ | " |
| ५ | ४००००01 | ५००००००० | ५१४ | ८ | १२०० | ६१६९९२ | " |
| ६ | ५००००01 | ७००००००० | ४५० | ७ | १७०० | ७६४८१३ | " |
| ७ | ७००००01 | १०००००००० | ३८६ | ६ | २५०० | ९६४०५० | " |
| ८ | १०००००01 | १५०००००० | १९३ | ३ | ५००० | ९६४०५० | नपा आर्थिक ऐन २०८० |
| ९ | १५००००01 | २०००००००० | १२९ | २ | ११००० | १४१३९४० | " |
| १० | २०००००01 | ३०००००००० | ९६ | १.५ | १८००० | १७३५२९० | " |
| ११ | ३०००००01 | ५०००००००० | ६४ | १ | २५००० | १६०६७५० | " |
| १२ | ५ करोड भन्दा माथि-प्रतिशत हजार रु. २) | | ३२ | ०.५ | २८००० | ८९९७८० | " |
| जम्मा | | | ६४२७ | १०० | | १०६१९०११ | |

आगामी आ. व. मा नै सत प्रतिशत करदाताबाट सम्पत्ति कर सङ्कलन हुने अवस्था नरहेकाले आगामी आ. व. का लागि कुल सम्भाव्य सम्पत्ति करको करिब३ ३० प्रतिशत हाराहारीमा मात्रै सम्पत्ति कर सङ्कलन हुने देखिन्छ भने त्यस पछिका वर्षहरूमा क्रमशः १० प्रतिशतका दरले वृद्धि हुने देखिन्छ । त्यसैगरी आर्थिक ऐन २०८० मा उल्लेख भएअनुसार चालू आ. व. को असार मसान्त भित्रमा कर नबुझाएमा देहायअनुसारको जरिबाना गर्ने व्यवस्था भएको छ । आर्थिक ऐनमा रजिस्ट्रेसन प्रयोजनको लागि मालपोत कार्यालय लमजुङले तयार गरेको घर जग्गाको मूल्याङ्कनलाई नै सम्पत्ति कर प्रयोजनको लागि घर तथा जग्गाको मूल्याङ्कनको आधार मानिने प्रावधान राखिएको छ । चालू आर्थिक वर्षको सम्पत्ति कर सोही आर्थिक वर्ष पौष मसान्त सम्ममा बुझाएमा लाग्ने करमा १० प्रतिशत छुट गरि असुल गरिने पनि प्रावधान राखिएको छ ।

**तालिका नं. ११ सम्पत्ति करको जरिबाना दर**

| सि.नं. | विवरण | जरिवाना दर | आधार |
|---|---|---|---|
| १. | म्याद नाघेको पहिलो आर्थिक वर्ष भित्र बुझाएमा | निर्धारित करको १० प्रतिशत | नपा आर्थिक ऐन २०८० |
| २. | म्याद नाघेको दोस्रो आर्थिक वर्ष भित्र बुझाएमा | निर्धारित करको २० प्रतिशत | " |
| ३. | म्याद नाघेको तेस्रो आर्थिक वर्ष भित्र बुझाएमा | निर्धारित करको ३० प्रतिशत | " |

| | | | |
|---|---|---|---|
| ४. | म्याद नाघेको चौथो आर्थिक वर्ष भित्र बुझाएमा | निर्धारित करको ५० प्रतिशत | " |
| ५ | म्याद नाघेको पाँचौं आर्थिक वर्ष भित्र बुझाएमा | निर्धारित करको १०० प्रतिशत | " |

**सुधारका पक्षहरु**

सम्पत्ति कर कार्यान्वयनमा आइसकेको भए पनि सम्भावित सबै करदाता करको दायरामा आइसकेको देखिँदैन । सम्पत्ति करका सम्बन्धमा नगरपालिकाले सुधार गर्नुपर्ने विषयहरू निम्नअनुसार रहेको देखिन्छ:

- नगरपालिकाको आर्थिक ऐनमा हाल भएको सम्पत्ति कर सम्बन्धी प्रावधानलाई विद्यमान संघीय कानुन बमोजिम हुने गरी परिमार्जन गर्ने ।
- आर्थिक ऐनमा उल्लेख भएको जरिबानालाई कडाइसाथ लागू गर्ने ।
- नगरपालिकाका सबै सम्भावित करदाताको लगत सङ्कलन गरी घर दर्ता सम्पन्न गर्ने ।
- सम्पत्ति मूल्याङ्कन दर र सम्पत्ति करको दर पुनरावलोकन गरी यथार्थपरक बनाउने ।
- करको दायरामा नआएकालाई सूचना मूलक, जनचेतना मूलक तथा अन्य कार्यक्रमहरू मार्फत करको दायरामा ल्याउने ।
- सम्बन्धित करदाताको सम्पत्ति मूल्याङ्कन यथार्थ परक बनाउन घर र बाटोको डिजिटल नक्साङ्कन गरी नियमित अद्यावधिक गर्ने व्यवस्था गर्ने तथा यसलाई राजस्व सङ्कलन गर्ने कर्मचारीको सहज पहुँचमा राख्ने ।
- सबै वडामा कम्प्युटरमा आधारित बिलिङ पद्धतिलाई अनिवार्य गर्ने ।
- सम्पत्ति करको वीजकलाई सूचना प्रविधिको माध्यमद्वारा करदातालाई अग्रिम रूपमा जानकारी गराउने पद्धति सुरु गर्ने ।

## (ख) भूमिकर (मालपोत)

**विद्यमान अवस्था**

मध्यनेपाल नगरपालिकाले सम्पत्ति कर कार्यान्वयन गरिसकेको अवस्थामा सम्पत्ति कर लागू नभएका जमिनको हकमा मात्रै भूमि कर (मालपोत) सङ्कलन हुने गरेको अवस्था देखिन्छ भने मालपोत बापतको बक्यौता रकम पनि क्रमशः असुली हुने गरेको छ । नगर कार्यपालिकाले भूमिकर (मालपोत) को दररेटहरू निर्धारण गरी भूमिकर असुली गरिरहेको अवस्था छ । सम्पत्ति कर र भूमिकर (मालपोत) का करहरू बीचको भिन्नता स्पष्ट नहुँदा कर सङ्कलनमा समस्या रहेको साथै शीर्षक गत रूपमा छुट्याउन नसकिएको देखिन्छ । आ. व. २०७९/०८० मा सम्पत्ति कर र भूमिकर एकमुस्ट रूपमा रु. ४० लाख अनुमान गरिएकोमा सो बापत रु. २२ लाख २५ हजार ४८६ सङ्कलन भएको छ । जुन चालू

आ. व. को अनुमान रु. २० लाख रहेको छ र चालू आ. व. को पौष मसान्त सम्ममा रु. ८ लाख ४२ हजार ३८७ सङ्कलन भइसकेको छ ।  यसरी कूल अनुमानित रकमको ४२.१२ प्रतिशत ६ महिनामा सङ्कलन  हुन सकेको देखिन्छ ।

**सम्भावना**

स्थानीय सरकार सञ्चालन ऐनमा व्यवस्था गरेअनुसार घर र घरले चर्चेको जग्गामा सम्पत्ति कर लगाइ बाँकी रहेको जग्गामा भूमिकर (मालपोत) करको सम्भाव्यता अनुमान गरिएको छ । नगरपालिकाले पूर्ण रूपमा सम्पत्ति कर लागू गरिरहेको अवस्थामा सम्पत्ति कर लागू हुने बाहेकका जग्गामा मात्रै भूमिकर (मालपोत) सङ्कलन हुने देखिन्छ । विद्यमान कानुनी व्यवस्थाले घर र घरले चर्चेको जग्गा बाहेकका क्षेत्रमा भूमि कर वा मालपोत लगाइने हुँदा हालसालै नगरपालिकाद्वारा गरिएको जग्गा वर्गीकरणको नतिजाका अनुसार नगरपालिकामा करिब ५१९८ हेक्टर अर्थात् करिब १०२००० रोपनी कृषि क्षेत्र र करिब ८४३ हेक्टर अर्थात् करिब ९४९५ रोपनी आवास क्षेत्र रहेको छ । भूमिकर ( मालपोत) का दररेटहरू लाई केही समय सान्दर्भिक परिमार्जनको सिफारिस सहित आवास क्षेत्रको करिब ३५ प्रतिशत र कृषि क्षेत्रको करिब ९० प्रतिशत जमिनबाट भूमिकर सङ्कलन हुन सक्ने सम्भावना सहित देहाय अनुसारको प्रक्षेपण गरिएको छ ।

**तालिका नं. १२ भूमिकर (मालपोत) कर सम्बन्धी प्रक्षेपण**

| करदाता सम्बन्धी विवरण | एकाइ | करको दर (रु.प्रतिरोपनी) | करयोग्य जमिनको परिमाण (अनुमानित) | सम्भाव्य सङ्कलन रु. | आधार |
|---|---|---|---|---|---|
| आवासिय क्षेत्र (जम्मा क्षेत्रफल ८४३हेकटर (९४९५ रोपनीमा करिब ३५ प्रतिशत भूमिकर योग्य) | | | | | नपा आर्थिक ऐन २०८० |
| घडेरी | प्रतिआना | ४० | १२०० | ४८००० | " |
| खेत | प्रति रोपनी | २५ | १२०० | ३०००० | " |
| बारी | प्रति रोपनी | २० | १८०० | ३६००० | " |
| **जम्मा** | | | | ११४००० | |
| आवासिय क्षेत्र (जम्मा क्षेत्रफल ८४३ हेकटर (९४९५ रोपनीमा करिब ९० प्रतिशत भूमिकर योग्य) | | | | | |
| कृषि क्षेत्र | | | | | **आधार** |
| मुख्य सडकले छोएको खेत | प्रति रोपनी | १८ | ५००० | ९०००० | नपा आर्थिक ऐन २०८० |
| मुख्य सडकले छोएको बारी | प्रति रोपनी | १५ | ८००० | १२०००० | " |
| सहायक बाटोले छोएको खेत | प्रति रोपनी | १५ | १२००० | १८०००० | " |

| करदाता सम्बन्धी विवरण | एकाइ | करको दर (रु.प्रतिरोपनी) | करयोग्य जमिनको परिमाण (अनुमानित) | सम्भाव्य सङ्कलन रु. | आधार |
|---|---|---|---|---|---|
| सहायक बाटोले छोएको बारी | प्रति रोपनी | १२ | २१००० | २५२००० | नपा आर्थिक ऐन २०८० |
| सडक सञ्जालले छोएको खेत | प्रति रोपनी | १२ | १६००० | १९२००० | " |
| सडक सञ्जालले छोएको बारी | प्रति रोपनी | १० | ३५००० | ३५०००० | " |
| निजी वन | प्रति रोपनी | १० | ३५००० | ३५०००० | " |
| **जम्मा** | | | | **१५३४०००** | |
| **कुल जम्मा** | | | | **१६४८०००** | |

शत प्रतिशत करदाताबाट आगामी आ. व. मा नै भूमिकर वा मालपोत सङ्कलन हुने अवस्था नरहेकाले आगामी आ. व. का लागि कुल सम्भाव्य सम्पत्ति करको करिब ८० प्रतिशत हाराहारीमा मात्रै भूमि कर वा मालपोत सङ्कलन हुने देखिन्छ भने त्यस पछिका वर्षहरूमा क्रमशः१०प्रतिशतका दरले वृद्धि हुने देखिन्छ ।

**<u>सुधारका पक्षहरु</u>**

नगरपालिकामा भूमिकर (मालपोत) तथा करदाता सम्बन्धी विस्तृत र एकिन तथ्याङ्क उपलब्ध छैन भूमि र करदाता सम्बन्धी विस्तृत र एकिन तथ्याङ्क सङ्कलन र नियमित अद्यावधिक गरी मालपोत सम्बन्धमा प्रमुख आवश्यकताको रूपमा रहेको निम्न पक्षहरूमा थप सुधार गर्नुपर्ने देखिन्छः

- नगरपालिकामा भूमि तथा करदाता सम्बन्धी विस्तृत र यकिन तथ्याङ्क सङ्कलन गर्ने ।
- संघीय कानुन सँग नबाझिने गरी घर टहरा नभएको सबै जग्गामा भूमिकर (मालपोत) लगाउन पर्याप्त गृहकार्य गर्ने ।
- जग्गाको मूल्यको आधारमा भूमिकर सङ्कलन गर्ने गरी व्यवस्थालाई थप पारदर्शी र प्रभावकारी बनाउने ।
- मालपोत बक्यौता अभिलेख अद्यावधिक तथा असुलीमा विशेष जोड दिने ।
- बाटोले छोएको र नछोएको पत्ता लगाउन बाटोको लगत कट्टा गरी भुसूचना प्रणालीमा आबद्ध गर्ने ।

## (ग) घर बहाल कर

**विद्यमान अवस्था**

नगरपालिकाले आर्थिक ऐनमा उल्लेख गर्दै नगरपालिका क्षेत्रभित्रको घर, पसल, ग्यारेज, गोदाम, टहरा, शेड, कारखाना, जग्गा पुरै वा आंशिक रूपमा बहाल लगाएका घरधनीबाट वार्षिक रूपमा बहाल रकमको १० प्रतिशत असुल गर्ने व्यवस्था गरेको छ । नगरपालिकाले प्रभावकारी रूपमा यो कर सङ्कलन गर्न सकेको देखिँदैन। हालसम्म संस्थागत रूपमा बहालमा बस्ने संस्थाहरूले अन्य निकायको कानुनी प्रावधानका कारण नबुझाई नहुने भएको खण्डमा मात्र कर बुझाउने गरेको देखिन्छ।

घर बहाल कर बापत गत आ. व. २०७९/८० मा घरजग्गा बहाल करबाट रु. ३ लाख अनुमान गरिएकोमा सो बापत झण्डै तेब्बर अर्थात् रु. ८ लाख ६५ हजार १७४ सङ्कलन भएको छ जुन चालू आ. व. २०८०/८१ को अनुमान रु. ८ लाख रहेको छ र चालू आ. व. को पौष मसान्त सम्ममा रु. ३ लाख ६४ हजार ७२६ सङ्कलन भइसकेको छ। यसरी कूल अनुमानित रकमको ४५.५९ प्रतिशत ६ महिनामा सङ्कलन हुन सकेको देखिन्छ।

**सम्भावना**

नगरपालिकाले घरजग्गा बहाल करलाई एकमुस्ट गरी कूल भाडा रकमको १० प्रतिशत दर कायम गरेको छ। राष्ट्रिय जनगणना २०७८ को नतिजा अनुसार ६४२७ घरधुरी रहेको र त्यस मध्ये करिब १ प्रतिशत (६५) घर परिवार भाडामा बसेको देखिन्छ तर धेरै घरहरू आंशिक रूपमा व्यावसायिक एवं संस्थागत प्रयोजनका लागि प्रयोग भएकाले करिब ४ प्रतिशत (२६०) घरहरू बहालमा लगाउने गरेको अनुमान गर्न सकिन्छ जसबाट नगरपालिकालाई घर बहाल कर मार्फत निम्नअनुसारको घर जग्गा बहाल कर प्राप्त हुने सम्भावना देखिन्छ।

तालिका नं. १३ घरजग्गा बहाल करको प्रक्षेपण:

| प्रयोजनका आधारमा बहाल लिने करदाता | बहालमा भएको सङ्ख्या | औसत मासिक भाडा रकम जम्मा | वार्षिक भाडा असुली | प्रस्तावित करको दर (%) | सम्भावित घरबहाल कर | आधार |
|---|---|---|---|---|---|---|
| | (क) | (ख) | (ग) | (घ) | (ङ) | |
| | अनुमानित | अनुमानित | कXखX१२ | % | ग को १० % | |
| अडिट गर्ने तथा संस्थागत व्यावसायिक फर्म, वित्तीय संस्था तथा सार्वजनिक संस्थाहरू (औसत मासिक रु. ५००० भाडा आर्जन गर्ने) | ७० | ५००० | ४२,००,००० | १० | ४,२०,००० | नपा आर्थिक ऐन २०८० |

| प्रयोजनका आधारमा बहाल लिने करदाता | बहालमा भएको सङ्ख्या | औसत मासिक भाडा रकम जम्मा | वार्षिक भाडा असुली | प्रस्तावित करको दर (%) | सम्भावित घरबहाल कर | आधार |
|---|---|---|---|---|---|---|
| | (क) | (ख) | (ग) | (घ) | (ङ) | |
| | अनुमानित | अनुमानित | कxखx१२ | % | ग को १० % | |
| उल्लेखित बाहेक व्यावसायिक तथा घरयासी प्रयोजनले बहालमा लगाउने (औसत मासिक रु.२००० भाडा आर्जन गर्ने) | १९० | २००० | ४५,६०,००० | १० | ३,६०,००० | नपा आर्थिक ऐन २०८० |
| **जम्मा** | २६० | | ८७६०००० | | **८७६०००** | |

**सुधारका पक्षहरु**

- बहालमा भएका घरजग्गाको लगत सङ्कलन गरी अद्यावधिक गर्ने र सम्पत्ति करसँग आबद्ध गर्ने ।
- घरजग्गा बहाल कर सङ्कलन कार्यविधि तर्जुमा गर्ने ।
- आर्थिक ऐन वा कार्यविधिमा बहाल कर नतिरेमा हुन सक्ने दण्ड सजाय सम्बन्धी स्पष्ट प्रावधान राख्ने ।
- नगरपालिका वासीलाई कर भार कम गर्न तथा सबैलाई कर दायरामा ल्याउन घरजग्गा बहाल करका दर उपयोग वर्गीकरण समेत गरी घटाउने ।

## (घ) सवारी साधन कर

**विद्यमान अवस्था**

आर्थिक ऐन २०८० को दफा ९ को उप दफा (१) मा नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ । तर गण्डकी प्रदेशको आर्थिक ऐनमा उल्लेखितकरको दरसँग बाझिएमा सो ऐनमा व्यवस्था भएको हकमा सोही बमोजिम हुनेछ भन्ने व्यवस्था छ । यसको लागि ऐनको अनुसूची ८ मा व्यवस्था गरिएको छ ।

**सम्भावना**

नगरपालिका क्षेत्र भित्र सञ्चालनमा हुने साना सवारीको दर्ता, नवीकरण आदिबाट वार्षिक रुपमा कर सङ्कलन गर्न सकिने सम्भावना छ तर हाल आर्थिक ऐनमा व्यवस्था गरीएको भएता पनि हाल सम्म साना सवारी कर सङ्कलन गरीएको देखिन्न ।

**सुधारका पक्षहरु**

- साना सवारी साधनको तथ्याङ्क एकीन गरी कर सङ्कलन गर्ने ।

## (ङ) मनोरञ्जन कर

**विद्यमान अवस्था**

आर्थिक ऐन २०८० को दफा ११ मा मनोरञ्जन करको व्यवस्था गरिएको छ । नगरपालिका क्षेत्रभित्र संचालन गरीने चलचित्र घर, मेला-महोत्सव, कन्सर्ट मनोरञ्जन व्यवसाय सेवामा मनोरञ्जन कर लगाइने र असुल उपर गरिनेछ । नगरपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा नगर कार्यपालिकाबाट तोकिए बमोजिमको कर लगाइने र असुल उपर गरिनेछ । हाल यस नगरपालिकामा यस प्रकारको कर असुल नभएको ।

**सम्भावना**

नगरपालिका क्षेत्र भित्र सञ्चालन हुने चलचित्र घर, मेला-महोत्सव, कन्सट, मनोरञ्जन, फिल्म तथा टेलिफिल्मको छायांकन आदिबाट नगरपालिकामा यस प्रकारको कर असुल गर्न सकिने सम्भावना छ ।

**सुधारका पक्षहरु**

- मनोरञ्जन कर सङ्कलन गर्नुपर्ने ।
- नगरपालिका भित्र वा नगरपालिका क्षेत्र भित्र सञ्चालन हुने मेला, महोत्सव तथा मनोरञ्जनमुलक क्रियाकलापलाई लक्षित गरी कर असुल गर्ने ।

## (च) विज्ञापन कर

**विद्यमान अवस्था**

विद्यमान कानुनी व्यवस्था अनुसार नगरपालिकाले आफ्नो क्षेत्रका सडक, चोक, सार्वजनिक स्थलमा विज्ञापन, प्रचार–प्रसार आदिका लागि राख्न दिने साइनबोर्ड, ग्लोबोर्ड, स्टल आदिमा विज्ञापन कर लगाउन सक्नेछ । संघीय कानुन अनुसार यो प्रदेश सरकारसँग बाँडफाँट हुने कर हो । यस नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा नगरपालिकाले आर्थिक ऐन बमोजिम विज्ञापन कर लगाई असुल

उपर गरिने र यसरी कर सङ्कलन गर्दा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम स्थानीय तहको विभाज्य कोष मार्फत नगरपालिका संचित कोषमा राजस्व बाँडफाँट गर्नुपर्ने उल्लेख गरिएको छ । नगरपालिकाले सङ्कलित रकममध्ये ४० प्रतिशत प्रदेश सरकारलाई दिनु पर्दछ ।

विज्ञापन करका सन्दर्भमा नगरपालिकाले विभिन्न विज्ञापनका सामग्री अनुसार करको दरहरू निर्धारण गरेको छ । नगरपालिकाले स्थानीय तहको आर्थिक ऐन २०८० मा विज्ञापन करका दररेट

निर्धारण भए बमोजिम नेपाल सरकारबाट निषेध गरिएको विषयमा विज्ञापन राख्न नलिने तथा राजनैतिक, धार्मिक र सामाजिक उद्देश्यको व्यानर ७ दिनसम्म नि:शुल्क राख्न दिइने प्रावधान राखिएको छ । जनचेतनामलूक विज्ञापनमा कर लाग्ने छैन भने विज्ञापन राख्नको लागि नगरपालिकाआट पूर्व स्वीकृति लिनूपर्ने र विज्ञापन कर असुल गर्न सकिने व्यवस्था भएता पनि हाल सम्म यस किसिमको कर वापत कुनै रकम प्राप्त भएको देखिदैन ।

आ.व. २०७९/८० मा यस शीर्षकवाट के कति कर सङ्कलन भयो वास्तविक आँकडा उपलब्ध हुन सकेन भने चालू आ.व.को लागि पनि कुनै अनुमान गरिएको छैन ।

**सम्भावना**

यस नगरपालिका अन्तर्गत पूर्व पश्चिम राजमार्गको बजार क्षेत्र, सहायक राजमार्गका सडक र पर्यटकीय क्षेत्र आसपास साना ठूला होर्डिङ बोर्डहरू राखे बापत देहायअनुसारको राजश्व असुली हुने देखिन्छ ।

**तालिका नं. १४ विज्ञापन करको प्रक्षेपण**

| क्र.स. | विवरण | करको दर रु. | औषत परिमाण | अनुमानित वार्षिक करदाता | सङ्कलन हुने सम्भावित रकम | आधार |
|---|---|---|---|---|---|---|
| १. | होर्डिङ बोर्ड/ फ्लेक्स बोर्ड (२५ वर्ग फूट सम्म) | २५ | १० | १० | २५००० | नपा आर्थिक ऐन २०८० |
| | होर्डिङ बोर्ड / फ्लेक्स बोर्ड (२५ वर्ग फूट भन्दा माथि) | ४० | ३० | २ | २४००० | " |
| २. | डिजिटल बोर्ड, ग्लो बोर्ड तथा विद्युतीय बोर्ड | ६० | ० | ५० | १५००० | " |
| ३. | भित्ते लेखन, सटर पेन्टिङ | २० | १० | ५० | १०००० | " |
| ४. | तूल, ब्यानर प्रति हप्ता | १०० | १ | ६० | ६००० | " |
| | स्टल, स्वागत द्वार | ५०० | १ | २० | १०००० | " |
| | जम्मा | | | | ९०००० | |

शत प्रतिशत करदाताबाट आगामी आ. व. मा नै विज्ञापन कर सङ्कलन हुने अवस्था नरहेकाले आगामी आ. व. का लागि कुल सम्भाव्य विज्ञापन करको करिब २० प्रतिशत हाराहारीमा मात्रै विज्ञापन कर सङ्कलन हुने देखिन्छ भने त्यस पछिका वर्षहरूमा क्रमशः १० प्रतिशतका दरले वृद्धि हुने देखिन्छ ।

**सुधारका पक्षहरु**

- नगरपालिका क्षेत्रमा रहेका विद्यमान विज्ञापन सामग्री सम्बन्धी लगत सङ्कलन गर्ने ।
- विज्ञापन कर व्यवस्थापन कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याउने ।
- कार्यविधि तर्जुमा गर्दा विज्ञापन सामग्रीको आकारका अतिरिक्त विज्ञापनका विषयवस्तुलाई पनि वर्गीकृत गर्ने ।
- विज्ञापन करको अनुगमनलाई प्रभावकारी बनाई सबै विज्ञापन करको दायरामा आउने विषय सुनिश्चित गर्ने ।
- सार्वजनिक जग्गा बाहेक निजी घर र जग्गामा राखिएका विज्ञापन सामग्रीमा समेत कर लगाउने गरी कानुनी व्यवस्था गर्ने ।
- न्यूनतम सङ्कलन हुन सक्ने रकम यकिन गरी बहुवर्षिय ठेक्का मार्फत अंक निर्धारण गर्ने ।

## (छ) व्यवसाय कर

**विद्यमान अवस्था**

नगरपालिकाले आर्थिक ऐन मार्फत कारोबारको प्रकृति हेरी व्यापार, व्यवसाय र सेवामा पुँजीगत लगानी र आर्थिक कारोबारका आधारमा व्यवसाय कर लगाउने व्यवस्था गरेको छ । आर्थिक ऐनमा अधिकृत पुँजीका आधारमा व्यवसायहरूलाई ६ समूह र विभिन्न उप समूह बनाएर वर्गीकरण गरिएको छ । करको दर न्यूनतम रु. ५,०० देखि अधिकतम रु. २०,००० सम्म रहेको छ । तर ऐनमा कर नतिरेमा हुन सक्ने दण्ड सजायको बारेमा व्यवस्था भने गरिएको देखिँदैन । नगरपालिकामा हालसम्म कति व्यवसायहरू दर्ता भई वार्षिक कर तिरिरहेका छन् भन्ने यकिन तथ्याङ्क नभएता पनि गत आ.व.०७९/८० को असार मसान्त सम्म व्यवसाय कर तिर्ने करदाताको संख्या करिब ३ सय रहेको देखिन्छ ।

नगरपालिकाले व्यवसाय करलाई अन्य करकै शीर्षकमा उठाउने गरेकाले यथार्थ सङ्कलित रकमको आँकडा प्राप्त हुन सकेन । अन्य शीर्षकमा आ.व. २०७९/८० मा रु. ३ लाख ८७ हजार २४२ सङ्कलित गरेको छ । चालू आ. व. २०८०/०८१ पौष सम्ममा रु. ६१ हजार ८६० मात्र सङ्कलित भएको देखिन्छ भने चालू आ. व. को लक्ष्य रु. ५ लाख पुर्याउन अझ ४ लाख ३८ हजार १४० थप सङ्कलन गर्नुपर्ने देखिन्छ ।

**सम्भावना**

नगरपालिकामा सञ्चालित व्यवसायहरूको एकीन तथ्याङ्क नभएता पनि सबै वडाहरूमा विभिन्न प्रकारका साना ठूला गरी करिब ५ सयको संख्यामा व्यवसायहरू सञ्चालनमा रहेका छन् । सबै

व्यवसायहरू नगरपालिकामा दर्ता भई करको दायरमा आएका छैनन् । ती व्यवसायहरूलाई करको दायरामा समावेश गर्न सकेको खण्डमा करको दायरामा आउने साना ठूला व्यवसायबाट देहायअनुसारको व्यवसाय कर सङ्कलन हुन सक्ने अनुमान गरिएको छ ।

**तालिका नं. १५ व्यवसाय करको प्रक्षेपण**

| क्र.सं. | करदाता (व्यपार व्यवसायको स्तर अनुसार) | सङ्ख्या | औषत करको दर | सम्भावित आय | आधार |
|---|---|---|---|---|---|
| १. | ठुला व्यवसायीहरू (५००० वा सो भन्दा बढी कर तिर्ने करदाता) | २० | ७००० | १४०००० | नपा आर्थिक ऐन २०८० |
| २. | मध्यम व्यवसायीहरू(२,००० भन्दा अधिक ५,००० सम्म कर तिर्ने करदाता) | ९० | २५०० | २२५००० | " |
| ३. | साना व्यवसायीहरू (२,००० र सो भन्दा कम कर तिर्ने करदाता) | ३५० | १००० | ३५०००० | " |
| ४. | उत्पादनमूलक व्यवसाय/उद्योग कर | ४० | ५०० | २०००० | " |
| ५. | पटके कर | ५०० | ४० | २०००० | " |
| **जम्मा** | | | | **७५५०००** | |

शत प्रतिशत करदाताबाट आगामी आ.व. मा नै व्यवसाय कर सङ्कलन हुने अवस्था नरहेकाले आगामी आ.व.का लागि कुल सम्भाव्य व्यवसाय करको करिब ४० प्रतिशत हाराहारीमा मात्रै व्यवसाय कर सङ्कलन हुने देखिन्छ भने त्यस पछिका वर्षहरूमा क्रमशः १० प्रतिशतका दरले वृद्धि हुने देखिन्छ । आर्थिक ऐनमा चालू आर्थिक वर्षको व्यवसाय कर सोही आर्थिक वर्ष पौष मसान्त सम्ममा बुझाएमा लाग्ने करमा १० प्रतिशत छुट गरी असुल गरिने पनि प्रावधान राखिएको छ भने विलम्ब गरी बुझाउन आएमा लाग्ने करमा २५ प्रतिशत थप गरी असुल गरिने पनि प्रावधान राखिएको छ ।

**सुधारका पक्षहरु**

नगरपालिकाको व्यवसाय कर सङ्कलनमा सुधार ल्याउनका लागि निम्न कार्यहरू गर्न आवश्यक देखिन्छः

- नगरपालिकामा सञ्चालित सबै किसिमको व्यवसायको विवरण लगत तयार गर्ने (कर कार्यालयसँग समन्वय गरी व्यवसाय गर्ने करदाता संख्या यकिन गर्ने) ।
- घुम्ती टोलीहरू खटाई स्थलगत रूपमै व्यवसाय दर्ता गरी प्रमाणपत्र दिने र कर सङ्कलन गर्ने व्यवस्था गर्ने ।
- एकै प्रकारको व्यवसायलाई व्यवसायमा भएको लगानी तथा कारोबारको आधारमा वर्गीकरण गरी करको दरमा परिमार्जन गर्ने ।
- व्यवसाय दर्ता, नवीकरण र खारेजी सम्बन्धी स्पष्ट कार्यविधि तयार गरी कार्यान्वयनमा ल्याउने ।

- व्यवसाय करलाई दर्ता र नवीकरणमा लिने गरी कानुनी व्यवस्था परिमार्जन गर्ने ।
- बजार अनुगमन गर्ने, यसका लागि राजश्व परामर्श समितिलाई बढी सक्रिय बनाउने ।
- कर अभियान सञ्चालन गरी कर सचेतना अभिवृद्धि गर्ने साथसाथै यस सम्बन्धमा नागरिकका गुनासो सुनुवाइ गरी जायज गुनासो सम्बोधनको व्यवस्था गर्ने ।
- कर प्रशासनमा दण्ड र पुरस्कारलाई नियमित प्रक्रियाका रूपमा स्थापित गर्ने । जस्तैः नियमित र अधिकतम कर तिर्ने करदातालाई सम्मान एवं पुरस्कृत गर्ने । करको दायरामा नआउनेलाई उच्च दरमा जरिबानाको व्यवस्था गर्ने ।
- कृषि क्षेत्रको व्यवसाय करका दर घटाउने र अन्य क्षेत्रहरूमा आम्दानीको आधारमा व्यवसाय कर लगाउने र छुटेका क्षेत्रहरूलाई करको दायरामा ल्याउने ।
- व्यवसाय दर्ता र नवीकरण अभियान सञ्चालन गर्ने ।
- व्यवसाय कर सङ्कलन अभियान सञ्चालन गर्ने ।
- जिल्लास्थित उद्योग वाणिज्य संघसँग समन्वय वा नगरपालिका स्तरीय उद्योग वाणिज्य संघको इकाईसँग समन्वय गरी नगरपालिका क्षेत्रभित्र व्यवसाय सञ्चालन गर्नका लागि इजाजत पत्रको व्यवस्था सम्बन्धमा जानकारी गराउने ।
- करदाता शिक्षा सञ्चालन गर्ने ।
- घरेलु, आन्तरिक राजश्व कार्यालयसँग समन्वय गरी व्यवसायीको कर चुक्ता प्रमाणपत्र लिदा नगरपालिकामा नवीकरण गर्नुपर्ने व्यवस्था गर्ने ।

## (ज) जडिबुटी, कवाडी तथा जीवजन्तु कर

**विद्यमान अवस्था**

यस शीर्षकमा नगरपालिकाले कर सङ्लन गरेको छैन । नगरपालिकाको आर्थिक ऐनमा नगरपालिका क्षेत्रमा कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडीबुटी, बनकस, मरेका जन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यावसायिक कारोबार गरे बापत कर लगाइने र असुल उपर गरिने उल्लेख गरेको छ ।

नगरपालिका क्षेत्रबाट तरकारी, फलफूल, खाद्यान्न, दूध, पशु जन्य उत्पादन, जडीबुटी तथा कवाडी सङ्कलन गरी बेच विखन गर्ने केही व्यवसायीहरू रहेका भएपनि जडिबुटी, कवाडी र जीवजन्तु कर तथा निकासी कर सङ्कलन तथा बिक्रीका सन्दर्भमा तथ्याङ्क तथा सूचनाको अभाव देखिन्छ । यस शीर्षक नगरपालिकाले आर्थिक ऐनमा यो कर सङ्कलनको प्रावधान र दरहरू उल्लेख गरेको छ । यस किसिमका कर बापत निकासीका आधारमा कर लगाइने व्यवस्था रहेको छ । यस नगरपालिकाका

क्षेत्रमा सामुदायिक वन क्षेत्र रहेकाले जडीबुटीहरू रहेको भए तापनि व्यावसायिक रूपमा सङ्कलन र बिक्री वितरण हुने गरेको छैन र रकम पनि सङ्कलन गरेको छैन ।

**सम्भावना**

यस नगरपालिकासँग पृथ्वी राजमार्ग तथा सहायक राजमार्गमा जोडिएको हुनाले कवाडी माल वस्तुको सङ्कलन र निर्यात हुन सक्ने सम्भावना प्रशस्त देखिन्छ । त्यसैगरी जडीबुटी (खोटो, पाँचऔँले, एक्लेवीर, टीमुर आदि विभिन्न जडीबुटी आदि) को सङ्कलन तथा बिक्री सम्बन्धमा कुनै तथ्याङ्क नभए पनि आसपासको सामुदायिक वन लगायतका वडा क्षेत्रमा यसको उत्पादन र विक्रीको सम्भाव्यता देखिन्छ । त्यसैगरी जीवजन्तुको हाड, छाला, प्वाँख आदिको अभिलेख विना कारोबार भइरहेको छ । नगरपालिका क्षेत्रबाट तरकारी, फलफूल, खाद्यान्न, दूध, पशु जन्य उत्पादन, जडीबुटी तथा कवाडी सङ्कलन गरी बेच विखन गर्ने प्रशस्त व्यवसायीहरू रहेका भएपनि जडिबुटी, कवाडी र जीवजन्तु कर तथा निकासी कर सङ्कलन तथा बिक्रीका सन्दर्भमा तथ्याङ्क तथा सूचनालाई व्यवस्थित गरी अनुगमन सम्यन्त्र कडा बनाउनु पर्ने देखिन्छ । यस सम्बन्धी कारोबारलाई थप व्यवस्थित र कडाइका साथ राजश्व असुली गर्न सके नगरपालिकामा उल्लेखित शीर्षक देहाय अनुसारको आम्दानी हुन सक्ने अनुमान गरिएको छ ।

**तालिका नं. १५ जडीबुटी, कवाडी र जीवजन्तु कर तथा निकासी करको प्रक्षेपण**

| निकासीजन्य वस्तु | एकाई | औषत करको दर रु. | अनुमानित वार्षिक निकासी परिमाण | सङ्कलन हुन सक्ने रकम | आधार |
|---|---|---|---|---|---|
| फलफूल | प्रति केजी | ३ | १५०००० | ३००००० | नपा आर्थिक ऐन २०८० |
| तरकारी | प्रति बोरा | १० | ६०००० | ६००००० | " |
| अन्नवाली | प्रति बोरा | १५ | १५००० | २२५००० | " |
| काठ /दाउरा | प्रति फिट | २ | २०००० | ४०००० | " |
| जडीबुटी | प्रति केजी | ५० | १०००० | ५००००० | " |
| पशुपंछी | प्रति केजी | ३ | ३००००० | ९००००० | " |
| **जम्मा** | | | | **२५६५०००** | |

**सुधारका पक्षहरु**

- यससँग सम्बन्धित व्यवसायीहरूको दर्ता र अभिलेखीकरण गर्ने ।
- कवाडी वस्तुको व्यावसायिक कारोबारलाई इजाजत प्रदान गरी बहु वर्षीय ठेक्का मार्फत कर सङ्कलन गर्ने ।

- निकासी हुने वस्तुको उपलब्धता पत्ता लगाई कारोबारमा कर सङ्कलन सुरुवात गर्ने
- आगामी आ.व. मा आर्थिक ऐनमा नै कवाडी माल, वस्तुको पनि दररेट निर्धारण गर्ने ।
- जडीबुटी, कवाडी र जीवजन्तुको कारोबार इजाजत दस्तुर र करको दर निर्धारण गर्ने । यसको व्यावसायिक कारोबार गर्नेलाई इजाजत प्राप्त गर्न लगाउने र त्यसको आधारमा कर सङ्कलन गर्ने

## ३.३.२ स्थानीय गैर कर राजश्व

### (क) बिक्री तथा अन्य आय अन्तर्गत ढुङ्गा, गिट्टी, बालुवा, माटो आदि प्राकृतिक एवम् खनिजजन्य वस्तुको बिक्री तथा निकासी शुल्क

**विद्यमान अवस्था**

केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ ले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ क थप गरी नगरपालिका तथा गाउँपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवम् माटो जन्य वस्तु बिक्री गर्न सक्ने प्रावधान राखेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएको यस संशोधनसँगै संघीय कानुनमा स्रोत बाँडफाँटको अर्को स्पष्ट कानुनी व्यवस्था नभएसम्म यस शीर्षकको राजश्व नगरपालिकाको एकल अधिकार क्षेत्रभित्र पर्ने देखिन्छ । साबिकमा प्रारम्भिक वातावरणीय परीक्षणको मात्र व्यवस्था भएकोमा यस संशोधनसँगै वातावरणीय प्रभाव मूल्याङ्कनको समेत व्यवस्था भएको छ र आवश्यकता अनुसार यी दुई अध्ययनको सिफारिसका आधारमा स्थानीय सरकारले ढुङ्गा, गिट्टी, बालुवा, माटो वा स्लेट बिक्री गर्न सक्ने कानुनी व्यवस्था रहेको छ । यसमा नगरपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा, माटो जन्य वस्तु र सार्वजनिक तथा ऐलानी जग्गामा रहेका काठ, दाउरा, जरा जुरी, दहत्तर बहत्तर आदिको बिक्री गर्न सक्ने र त्यसरी बिक्री गरिएको रकम नगरपालिकाको संचित कोषमा दाखिला गर्ने व्यवस्था गरिएको छ । वन ऐन, २०७६ ले वन पैदावारको परिभाषा गर्दै वनमा रहेका वा पाइएका वा वनबाट ल्याइएका काष्ठ पैदावार, गैरकाष्ठ वन पैदावार वा चट्टान, माटो, नदीजन्य र खनिज पदार्थलाई सम्झनु पर्छ भनी व्यवस्था गरेकोले र नेपाल सरकारले जारी गरेको ढुङ्गा, गिट्टी, बालुवा उत्खनन व्यवस्थापन तथा बिक्री सम्बन्धी मापदण्ड, २०७७ ले सार्वजनिक खोलानाला र खानी क्षेत्रको सम्बन्धित निकायबाट अनुमति प्राप्त गरेपछि आफ्नै निर्णयले र वन तथा चुरे क्षेत्रको ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, सङ्कलन र बिक्री गर्दा सम्बन्धित निकायको सहमतिमा वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेखित विधि अनुसार गर्नुपर्ने उल्लेख गरिएको छ । यसरी उत्खनन् र बिक्री वितरणबाट प्राप्त आयको ४० प्रतिशत सम्बन्धित प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने प्रावधान रहेको छ ।

यसैगरी, नेपाल वातावरण संरक्षण नियमावली, २०७७ अनुसार खानीको हकमा दैनिक ५०० घन मिटरसम्म र खोलाको हकमा जतिसुकै भए पनि ढुङ्गा, गिट्टी, बालुवा, माटो आदि उत्खनन् गर्न प्रारम्भिक वातावरणीय परीक्षण मात्र गर्नु पर्ने र यस सम्बन्धी अध्ययन तथा स्वीकृति कार्यको टुंगो स्थानीय तहले नै लगाउन सक्ने गरी व्यवस्था गरिएकोले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्वीकृति गर्दा कुन विषयलाई प्राथमिकता दिई विश्लेषण गर्ने भनी अभिमुखीकरण पनि गरेको छ ।

चालू आ.व.को लागि वातावरणीय अध्ययन गरी ठेक्का आह्वान गरिएको तर क्षमता अनुरूपको सम्झौता हुन नसकेको देखिन्छ । चोरी निकासी भइरहेको छ । नगरपालिका क्षेत्रमा रहेका क्षेत्रको प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदनका आधारमा नदी जन्य पदार्थ सङ्कलन र विक्री कार्यका लागि ठेक्का बन्दोवस्ती गरी यस किसिमको राजश्व सङ्कलन हुने देखिन्छ । आ. व. २०७९/८० मा बाँडफाँट भई आउने दहत्तर बहत्तर शुल्क रु. ५० लाख अनुमान गरिएकोमा सो बापत रु.३१ लाख ३४ हजार ४६७ सङ्कलन भएको छ जुन चालू आ. व. को अनुमान रु. ८० लाख रहेको छ र चालू आ. व. को पौष मसान्त सम्ममा यस शीर्षकमा शुल्क सङ्कलन भइसकेको देखिँदैन । यसरी कूल अनुमानित रकमको शून्य प्रतिशत ६ महिनामा सङ्कलन हुनको मुख्य कारण समयमा ठेक्का लाग्न नसकेको देखिन्छ ।

## सम्भावना

उल्लेखित हालको अवस्थाका आधारमा विश्लेषण गर्दा यस नगरपालिका क्षेत्रमा मादी नदी क्षेत्रका ९ स्थान बाहेक अन्य स्थानीय खोला तथा निजी जग्गाबाट प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदनका आधारमा ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल जस्ता वस्तुको उत्खनन र त्यस्ता वस्तुको बिक्री सम्भावना उल्लेख्य मात्रामा रहेको देखिन्छ । यो नगरपालिकामा नदी जन्य पदार्थ सङ्कलनका लागि एकदमै उपयुक्त क्षेत्र रहेका कारण यस सम्बन्धी आवश्यक वातावरणीय अध्ययन गरी दिगो उत्खनन तथा सङ्कलन गरी नगरपालिकाको आय स्रोत बढाउन यस क्षेत्रले उल्लेख्य भूमिका खेल्ने र हाल बढ्दै गएको अवैध चोरी निकासी पनि नियन्त्रण हुने देखिन्छ । नदी जन्य पदार्थ बिक्री तथा निकासीबाट प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनका आधारमा करिब २ करोड बराबर राजश्व सङ्कलन हुन सक्ने अनुमान गरिएको छ ।

## सुधारका पक्षहरु

- वातावरणीय अध्ययन प्रतिवेदनले सिफारिस गरेका मापदण्डभित्र रहेर उत्खनन गर्ने कार्य गराउन आवश्यक कार्यविधि तर्जुमा गर्ने ।

- सङ्कलन कार्यको नियमित रूपमा अनुगमन गरी अध्ययन प्रतिवेदनले सिफारिस गरेको मापदण्डभित्र मात्र रहेर उत्खनन् हुने कार्य सुनिश्चित गर्ने ।
- ठेक्का नलागेको अवस्था नगरपालिका स्वयंले अमानतबाट सङ्कलन गर्न सक्ने व्यवस्थाका बारेमा आवश्यक प्रावधान सहित निर्णय गर्ने ।
- नगरपालिकाले आर्थिक ऐनमा नियम विपरीत गर्ने ठेकेदारलाई कारबाही गर्ने र ठूलो परिमाणमा दण्ड जरिबाना गर्न सकिने प्रावधान समावेश गर्ने ।
- नदीजन्य पदार्थ बिक्रीको लागि अलग्गै दफा उल्लेख भएको कानुन बनाउने ।
- बोलपत्र आह्वान गर्दा व्यवसायीबाट हुन सक्ने मिलोमतोको कारण ठेक्का नै नपर्ने कारणको पहिचान गरी समाधानको उपाय अपनाउने ।

बिक्रीबाट प्राप्त रकम आगामी आ.व. मा नै शत प्रतिशत सङ्कलन हुने अवस्था नरहेकाले आगामी आ.व.का लागि कुल सम्भाव्य ढुङ्गा, गिट्टी, बालुवा तथा माटो जन्य वस्तु बिक्री रकमको करिब ४० प्रतिशत हाराहारीमा मात्रै ढुङ्गा, गिट्टी, बालुवा तथा माटो जन्य वस्तु बिक्री रकम बिक्रीबाट प्राप्त रकम आगामी आ.व. मा नै शत प्रतिशत सङ्कलन हुने अवस्था नरहेकाले आगामी आ.व.का लागि कुल सम्भाव्य ढुङ्गा, गिट्टी, बालुवा तथा माटो जन्य वस्तु बिक्री रकमको करिब ४० प्रतिशत हाराहारीमा मात्रै ढुङ्गा, गिट्टी, बालुवा तथा माटो जन्य वस्तु बिक्री रकम सङ्कलन हुने देखिन्छ भने त्यस पछिका वर्षहरूमा क्रमशः १५ प्रतिशतका दरले वृद्धि हुने देखिन्छ

## (ख) **बहालविटौरी शुल्क**

**विद्यमान अवस्था**

नगरपालिकाले चालू आ.व.को आर्थिक ऐनमा बहालविटौरी शुल्कको लागि दफा १२ मा व्यवस्था गरेको छ । नगरपालिकाले आफूले रेखदेख वा सञ्चालन गरेको हाटबजार र सरकारी जग्गामा बनेका संरचनाको उपयोग गरे बापत बहाल बिटौरी शुल्क लगाउन पाउने कानुनी व्यवस्था छ । नगरपालिकाले बहाल बिटौरी शुल्क सम्बन्धमा आर्थिक ऐनमा विस्तृत उल्लेख गरेको देखिन्छ यद्यपि नगरपालिकाले सार्वजनिक ऐलानी जग्गामा निर्मित संरचना, हाटबजार लगायतका क्षेत्रबाट बहाल बिटौरी शुल्क सङ्कलन गरेको छैन । साथै नगरपालिकाको क्षेत्राधिकारभित्र रहेका ऐलानी तथा प्रती जग्गाहरूमा केही घर तथा पसलहरू रहेका हुनाले तिनलाई पनि शुल्कको दायरामा ल्याउन पहल गर्नुपर्ने देखिन्छ ।

**सम्भावना**

बहाल बिटौरी शुल्क सङ्कलन सम्बन्धी हालको अवस्था र शुल्क सङ्कलनमा नगरपालिकाको प्रयास हेर्दा आगामी दिनमा यो शीर्षक बापत बढ्दो दरमा आय सङ्कलन हुने सम्भावना देखिन्छ ।

बहाल बिटौरी शुल्कका लागि यस नगरपालिकाको राजमार्ग तथा सहायक राजमार्ग आसपास रहेका सडक अधिकार क्षेत्रमा निर्माण गरिएका होटेल, रेष्टुरेन्टहरूसँग बहाल बिटौरी असुल गर्न सकिन्छ। हाट बजारमा हुने पसल तथा व्यापार सम्बन्धी आवश्यक तथ्याङ्क सङ्कलन गरी बिटौरी शुल्क निर्धारण गर्नु पर्ने देखिन्छ । नगरपालिका क्षेत्रमा यस किसिमको शुल्क लगाउन सकिने क्षेत्रहरू उल्लेख्य रहेकाले प्रभावकारी रूपमा शुल्कको दर रेट परिमार्जन सहित करको दायरा वृद्धि गर्न सकिने देखिन्छ । नगरपालिकालाई यस किसिमका पसलहरूका भाडा, तरकारी बजार, हाटबजार, जग्गा तथा संरचनाबाट वार्षिक करिब रु. ५० हजारसम्म आम्दानी हुन सक्ने अनुमान गरिएको छ।

**सुधारका पक्षहरु**

नगरपालिकाको बहाल बिटौरी शुल्कमा सुधार ल्याउनको लागि निम्नलिखित कार्यहरू गर्न आवश्यक देखिन्छः

- बहाल बिटौरी शुल्कको दायराभित्र हाटबजार, सार्वजनिक जग्गाको उपयोग र सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापत लाग्ने सबै किसिमका शुल्कलाई समावेश गर्ने ।
- बहाल बिटौरी दर तथा दायरामा वृद्धि गर्ने ।
- नगर क्षेत्रभित्रका सबै ऐलानी वा पर्ती जग्गामा बनेका संरचनाहरूको अभिलेख राखी बहाल बिटौरी शुल्क सङ्कलनको व्यवस्था गर्ने ।
- नगर कार्यपालिका आफैले निर्माण गरेको, रेखदेख गरेको वा सञ्चालन गरेको पसल कबल तथा स्टलहरूको नियमित अनुगमन तथा भाडा दर समयानुकूल परिमार्जन गर्दै जाने ।
- हाट बजारमा हुने पसल तथा व्यापार सम्बन्धी आवश्यक तथ्याङ्क तथा विवरण सङ्कलन गरी पसलहरूको वर्गीकरण र हाट बजार बिटौरी शुल्कको दर निर्धारण गर्ने र सोही आधारमा ठेक्का अङ्क कायम गर्ने ।

बहाल बिटौरी शुल्कबाट प्राप्त रकम आगामी आ. व. मा नै शत प्रतिशत सङ्कलन हुने अवस्था नरहेकाले आगामी आ. व. का लागि कुल सम्भाव्य बहाल बिटौरी शुल्क रकमको करिब ४० प्रतिशत हाराहारीमा मात्रै बहाल बिटौरी शुल्क सङ्कलन हुने देखिन्छ भने त्यस पछिका वर्षहरूमा क्रमशः १० प्रतिशतका दरले वृद्धि हुने देखिन्छ।

## (ग) नक्सापास, सिफारिस/प्रमाणित दस्तुर, व्यक्तिगत घटना दर्ता विलम्ब दस्तुर, नाता प्रमाणित दस्तुर, दर्ता, अनुमति तथा नवीकरण दस्तुर

**विद्यमान अवस्था**

नगर कार्यपालिकाले नक्सा पासलाई अनिवार्य गरी आर्थिक ऐनमा नक्सापास दस्तुरको विभिन्न दर रेटहरू तोकिएको छ । भवनको किसिम र भवन रहेको स्थानका आधारमा उक्त दस्तुरहरू फरक रहने गरी निर्धारण गरिएको छ । नक्शापास नियमनका लागि निर्माण कार्य रोक्का सहितको जरिबानाको समेत व्यवस्था गरिएको छ । आ. व. २०७९/८० मा नक्सा पास दस्तुर एकमुस्ट रूपमा रु. ८ लाख अनुमान गरिएकोमा सो बापत रु. ६ लाख २० हजार १८८ सङ्कलन भएको छ जुन चालू आ. व. को अनुमान रु. ६ लाख ५० हजार रहेको छ र चालू आ. व. को पौष मसान्त सम्ममा रु. १ लाख ७१ हजार ८४ सङ्कलन भइसकेको छ ।  यसरी कूल अनुमानित रकमको २६.३२ प्रतिशत ६ महिनामा सङ्कलन हुन सकेको देखिन्छ ।

**सम्भावना**

नक्शापास नगरपालिकाको नियमित र एक उल्लेख्य आम्दानीको स्रोत हो । आगामी आ.व.मा हुन सक्ने नयाँ घरहरूको नक्सापास र पुराना घरहरूको दर्ता (अभिलेखीकरण) को अनुमानित संख्या र प्राप्त तथ्याङ्क तथा विगतको आय प्रवृत्तिका आधारमा नक्सापास दस्तुर बापत प्राप्त हुने आय देहाय अनुसारको हुनेछ ।

**तालिका नं १६ नक्शापास सम्बन्धी दस्तुरको प्रक्षेपण:**

| भौतिक संरचनाको विवरण | शुल्क दर रु. | | औषत वार्षिक परिमाण | अनुमानित वार्षिक करदाता | सङ्कलन हुने रकम | आधार |
|---|---|---|---|---|---|---|
| आर.सि.सि.फेम स्टक्चर निवेदन दस्तुर | १००० | | १ | ४५ | ४५००० | नपा आर्थिक ऐन २०८० |
| घर कायम निवेदन दस्तुर | ७०० | | १ | २० | १४००० | ” |
| घर ग्रामीण घर तथा अस्थायी घर | ५०० | | १ | १० | ५००० | ” |
| निर्माण नक्सा पास सम्बन्धी दस्तुर | ५०० | | १ | १०० | ५०००० | ” |
| आर.सि.सि.फ्रेम स्टक्चर | पिच बाटो | ग्राभेल बाटो | | | | ” |
| भुइँ तला-प्रति वर्ग फिट | ८ | ७ | १६०० | १५ | १८०००० | ” |
| पहिलो तला-प्रति वर्ग फिट | ९ | ८ | १५०० | १५ | १९१२५० | ” |
| दोस्रो तला-प्रति वर्ग फिट | १० | ९ | १२०० | १० | ११४००० | ” |

| भौतिक संरचनाको विवरण | शुल्क दर रु. | औषत वार्षिक परिमाण | अनुमानित वार्षिक करदाता | सङ्कलन हुने रकम | आधार |
|---|---|---|---|---|---|
| दोस्रो तला भन्दा माथि दोस्रो तला अनुसारकै शुल्क लाग्ने | १० ९ | १००० | ५ | ४७५०० | नपा आर्थिक ऐन २०८० |
| सिमेन्टको जेडाईमा ईटा वा ढुङ्गाको गाह्रो (न्यूनतम२३ से.मी.मोटाई) र जस्ता पाताको छाना भएको-प्रति वर्ग फिट | ३ | १००० | ५ | १५००० | " |
| माटोको जोडाईमा ईटा वा ढुङ्गाको गाह्रो (न्यूनतम २३ से.मि.मोटाई)आर.सि.सि. जस्ता पाताको छाना भएको - प्रति वर्ग फिट | २ | १००० | ५ | १०००० | " |
| माटोको जोडाइमा ईटा वा ढुङ्गाको गाह्रो (न्यूनतम२३ से.मि.मोटाई)-प्रति वर्ग फिट | २ | १००० | ५ | १०००० | " |
| नगरपालिका स्थापना भई नक्सा पासको व्यवस्था हुनु भन्दा पहिले बनेका पुराना घरहरूको घर नक्सा अभिलेखीकरण | | | | ० | " |
| भुइँ तला-प्रति वर्ग फिट | ५ | ६०० | ५ | १५००० | " |
| पहिलो तला-प्रति वर्ग फिट | ५.५० | ८०० | ५ | २२००० | " |
| दोस्रो तला-प्रति वर्ग फिट | ६ | ८०० | ५ | २४००० | " |
| घर सम्पन्न प्रमाणपत्रको लागि-प्रति वर्ग फिट (सबै तलाको एरिया प्लेन्थ जोडेर) | ३ | १२०० | ५० | १८०००० | " |
| **जम्मा** | | | | **९२२७५०** | |

**सुधारका पक्षहरु**

- वडा कार्यालयलाई यी शीर्षकका दस्तुरहरू सङ्कलनलाई विशेष जोड दिने । नगरपालिकाको आन्तरिक श्रोतको आम्दानी नगुमाउन वडाअध्यक्ष, वडासदस्यलाई जिम्मेवार र जवाफदेही बनाउने ।
- सचेतनामूलक तथा प्रचारात्मक अभियानहरू सञ्चालन गरी नक्शापास हुन बाँकी सबै घरलाई नक्शापासको दायरामा ल्याउने ।

- आवासीय, व्यावसायिक तथा औद्योगिक प्रयोजनका घरहरूलाई नक्शापास दस्तुरको दरमा विविधता कायम गरी सकेसम्म सानो संरचना निर्माण गर्ने सीमान्त करदातालाई सहुलियत प्रदान गर्ने ।
- नक्शापास र घर बहाल कर तथा व्यवसाय करलाई सूचना प्रविधिको उपयोग गरी एक आपसमा आबद्ध गर्ने तथा कर प्रशासन र नक्शापास प्रक्रियालाई सरलीकरण गर्ने ।
- नक्शापासको लागि मापदण्ड तथा कार्यविधिहरू अनुसार भवन निर्माण भए नभएको निरन्तर अनुगमन गर्ने ।

नक्शापास शुल्कबाट प्राप्त रकम आगामी आ. व. मा नै शत प्रतिशत सङ्कलन हुने अवस्था नरहेकाले आगामी आ.व.का लागि कुल सम्भाव्य नक्शापास शुल्क रकमको करिब ७० प्रतिशत हाराहारीमा मात्रै नक्शापास शुल्क सङ्कलन हुने देखिन्छ भने त्यस पछिका वर्षहरूमा क्रमशः १० प्रतिशतका दरले वृद्धि हुने देखिन्छ ।

आर्थिक ऐनमा नगरपालिका स्थापना भई नक्शा पासको व्यवस्था हुनु भन्दा पहिले बनेका पुराना घरहरूको घर नक्शा अभिलेखीकरणमा नक्शा पास सम्बन्धी महलमा उल्लेख भए अनुसारकै शुल्क लाग्ने र नगरपालिकामा नक्शा पासको व्यवस्था भएपछि नक्शा पास नगरी बनेका घरको घर नक्शा अभिलेखीकरण गर्दा उल्लिखित शुल्कको अतिरिक्त थप २५ प्रतिशत जरिबाना लाग्ने तथा नगरपालिका स्थापना भई नक्शा पासको व्यवस्था भइसकेपछि नक्शा पास नगरी बनेका घरको घर नक्शा अभिलेखीकरण गर्दा नयाँ नक्शा पास गरे सरह लाग्ने प्रावधान राखिएको छ ।

## (घ) पार्किङ शुल्क, पर्यटन शुल्क, फोहरमैला व्यवस्थापन शुल्क

**विद्यमान अवस्था**

पार्किङ शुल्क दफा १३ मा व्यवस्था गरेको छ । पर्यटन शुल्क हकमा यस नगरपालिका क्षेत्रमा रमणीय पर्यटकीय तथा धार्मिक दृष्टिकोणले महत्वपूर्ण स्थानहरू रहेका छन् । नगरपालिकाले पर्यटकीय क्षेत्रको विकासका लागि बजेट विनियोजन गरेको छ तर पर्यटकीय क्षेत्रमा प्रवेश शुल्क दर निर्धारण गरेको छैन (तर प्रदेश कानुन बमोजिम शुल्क उठाउन सकिने) । फोहरमैला व्यवस्थापन शुल्क आर्थिक उेनमा व्यवस्था गरेको छैन । यस्तै नगरपालिकाले निर्माण गरेका स्थानीय सडकमा पार्किङ शुल्कको सम्भावना छ । यसैगरी नगरपालिकाले पर्यटन पूर्वाधारमा लगानी गरिरहेको र भविष्यमा पनि गर्ने हुनाले आफूले बनाएको पर्यटन पूर्वाधारको आधारमा पर्यटन शुल्कको सम्भावना देखिन्छ । यस्तै नगरपालिकाले अहिलेसम्म फोहरमैला व्यवस्थापन गर्न सकेको छैन तर भविष्यमा फोहरमैला व्यवस्थापन गरी शुल्क

लिन सक्ने सम्भावना पनि देखिन्छ । त्यसैगरी पदमार्ग कायम गरी पदयात्रीबाट शुल्क लिन सकिने सम्भावना पनि छ ।

**सम्भावना**

मध्यनेपाल नगरपालिका संस्कृति, कला, भाषा तथा साहित्यका दृष्टिकोणले धनी नगरको रूपमा रहेको छ । नगर क्षेत्रभित्र विभिन्न किसिमका जात जाति, धर्म र भाषा भाषी बोल्ने परिवारहरूको बसोबास रहेको छ । साँस्कृतिक महत्त्वका सम्पदाहरू ऐतिहासिक, पर्यटकीय क्षेत्र लगायतका अन्य धार्मिक स्थलहरू समेत रहेका छन् र यी क्षेत्रहरूको प्रचार प्रसार तथा विकास गरी पर्यटन सेवा शुल्क लगाउन सकिन्छ । साथै नगरपालिका क्षेत्रभित्र संचालित राफ्टिङ, हामस्टे, पार्क, भ्यूटावर, वाल उद्यान, पिकनिक स्पष्ट, महोत्सव तथा अन्य मनोरंजन स्थलहरूका लगत तयार गरी आवश्यक नीतिगत निर्णय गरी आय आर्जन गर्न सक्ने सम्भावना रहेको छ । र्‍याफ्टिङ लगायतका पर्यटन गतिविधिमा उल्लेख्य वृद्धि भइ राजश्व सङ्कलनमा उल्लेख्य वृद्धि हुने भएकाले यस पर्यटन शुल्क सङ्कलन गर्न सकिने देखिन्छ त्यसको साथसाथै नगरपालिका भित्र पार्किङ हुने सवारी साधनबाट गरी नगरपालिकालाई वार्षिक रु. ५० हजार हाराहारीमा आम्दानी हुने अनुमान गर्न सकिन्छ ।

**सुधारका पक्षहरू**

पार्किङ र पर्यटन शुल्क सङ्कलन प्रभावकारी बनाउन देहाय अनुसार कार्यहरू गर्नुपर्ने देखिन्छ :

- सम्भावित पर्यटकीय क्षेत्रहरूको गुरु योजना तयार गर्ने ।
- आर्थिक ऐनमा पर्यटन शुल्कको सङ्कलन सम्बन्धी व्यवस्था गर्दै शुल्कको दरलाई यथार्थपरक बनाउने ।
- पर्यटकीय सम्भावना भएका प्रमुख पर्यटकीय स्थलहरूको संभाव्यता हेरी पूर्वाधारको विकास गर्ने
- रमणीय पर्यटकीय तथा धार्मिक स्थल बारे प्रचार प्रसार गरी प्रवर्धन गर्ने ।
- सार्वजनिक निजी साझेदारी अवधारणा अनुसार पर्यटन शुल्क सङ्कलनको व्यवस्था गर्ने ।
- पार्किङ सम्बन्धी दर रेट अनुसार कर सङ्कलनलाइ कार्यन्वयनमा लैजाने ।

पार्किङ र पर्यटन शुल्कबाट प्राप्त रकम आगामी आ. व. मा नै शत प्रतिशत सङ्कलन हुने अवस्था नरहेकाले आगामी आ. व. का लागि कुल सम्भाव्य शुल्क रकमको करिब ५० प्रतिशत हाराहारीमा मात्रै पर्यटन शुल्क सङ्कलन हुने देखिन्छ भने त्यस पछिका वर्षहरूमा क्रमशः २० प्रतिशतका दरले वृद्धि हुने देखिन्छ ।

## (ङ) व्यवसाय रजिष्ट्रेशन दस्तुर(दर्ता तथा अनुमति दस्तुर)

**विद्यमान अवस्था**

स्थानीय सरकारले एफ.एम. रेडियो सञ्चालन, घ वर्गको निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम, ट्युसन, कोचिङ, औषधी पसल, प्लटिङ्ग, ढुङ्गा, गिट्टी, बालुवा, नुन, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्वेक्षण र सो बापत दस्तुर सङ्कलन गर्न सक्छन् । नगरपालिकाले "घ" वर्गका निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि तयार गरी सोही अनुरूप इजाजत पत्र दिने र सो बापत दस्तुर सङ्कलन गरिरहेको भए तापनि सोको तथ्याङ्क अद्यावधिक गरेको छैन ।

**सम्भावना**

नगरपालिका क्षेत्रमा सञ्चालनमा रहेका स्थानीय स्तरका व्यापारिक फर्म, घ वर्गको निर्माण इजाजत पत्र, सहकारी, विद्यालय आदि अनुमति प्रमाणपत्र दिई नियमित गर्नुपर्ने तथा नयाँ सञ्चालनमा आउन चाहनेलाई इजाजत दिन सकिन्छ । करिब वार्षिक रूपमा १३५ जति व्यापारिक फर्म व्यवसाय रजिस्ट्रेसन दस्तुरका लागि नगरपालिकामा सम्पर्कमा आउने अनुमान गरिएको छ । यस शीर्षकमा देहाय अनुसारको आय हुने सम्भावना देखिन्छ ।

**तालिका नं १७ व्यवसाय रजिस्ट्रेसन दस्तुरको प्रक्षेपण:**

| क्र.सं. | व्यवसाय रजिस्ट्रेसन दस्तुरका लागि सम्भाव्य व्यवसाय (व्यापार व्यवसायको स्तर अनुसार) | संख्या | औषत दस्तुरको दर | संभावित आय | आधार |
|---|---|---|---|---|---|
| १. | ठूला व्यवसायीहरू (अधिकृत पूँजी १ करोड भन्दा माथि भएका व्यवसाय) | ५ | ७००० | ३५००० | " |
| २. | मध्यम व्यवसायीहरू (अधिकृत पूँजी ५ लाख देखी १ करोड सम्म भएका व्यवसाय) | ३० | २५०० | ७५००० | " |
| ३. | साना व्यवसायीहरू (अधिकृत पूँजी ५ लाख भन्दा कम भएका व्यवसाय) | १०० | १००० | १००००० | " |
| | जम्मा | | | २१०००० | |

**सुधारका पक्षहरु**

- दर्ता तथा अनुमतिका लागि छुट्टै कार्यविधि तर्जुमा गर्ने ।
- नयाँ व्यवसाय वा कारोबार सञ्चालन गर्नु पूर्व दर्ता तथा अनुमति प्रमाणपत्र अनिवार्य गर्ने ।
- अनुमति नलिई सञ्चालनमा रहेका व्यवसायलाई नियमित गर्न दण्ड जरिबानाको व्यवस्था गर्ने ।

व्यवसाय रजिस्ट्रेसन शुल्कबाट प्राप्त रकम आगामी आ. व. मा नै शत प्रतिशत सङ्कलन हुने अवस्था नरहेकाले आगामी आ. व. का लागि कुल सम्भाव्य व्यवसाय रजिस्ट्रेसन शुल्क रकमको करिब

६० प्रतिशत हाराहारीमा मात्रै व्यवसाय रजिस्ट्रेसन शुल्क सङ्कलन हुने देखिन्छ भने त्यस पछिका वर्षहरूमा क्रमशः १० प्रतिशतका दरले वृद्धि हुने देखिन्छ ।

## (च) सिफारिस तथा प्रमाणित दस्तुर र दण्ड जरिवाना

**विद्यमान अवस्था**

नगरपालिकाले विभिन्न किसिमका सिफारिस तथा प्रमाणित दस्तुरको दर आर्थिक ऐन मार्फत निर्धारण गरी कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयबाट सङ्कलन गर्दै आएको छ । नगरपालिकाले आर्थिक ऐनमा विभिन्न किसिमका सिफारिस तथा प्रमाणित दस्तुरको दर रेट निर्धारण गरेको छ । वडाबाट सङ्कलीत सिफारिस तथा प्रमाणित दस्तुरबाट सङ्कलीत रकम वडा सचिवहरूले नगरपालिकाको राजश्व प्रशासन शाखामा दाखिला गर्ने गरेका छन् । नगर कार्यपालिकाले यसै आ. व. देखि सबै वडाहरूमा अनलाइन माध्यमबाट कर सङ्कलन कार्य शुरू गरेको छ । आ. व. २०७९/८० मा सिफारिस तथा प्रमाणित दस्तुरको एकमुस्ट रूपमा रु. १५ लाख अनुमान गरिएकोमा सो बापत रु. १८ लाख ६५ हजार ५१२ सङ्कलन भएको छ जुन चालू आ. व.को अनुमान रु. २० लाख रहेको छ र चालू आ. व. को पौष मसान्त सम्ममा रु. १० लाख ४७ हजार ४०० सङ्कलन भइसकेको छ । यसरी कूल अनुमानित रकमको ५२.३७ प्रतिशत ६ महिनामा सङ्कलन हुन सकेको देखिन्छ ।

**सम्भावना**

नगरपालिकाले प्रदान गर्ने संघसंस्थाहरू सिफारिस, इजाजत सिफारिस, नाता प्रमाणित, ठेगाना प्रमाणित,घरजग्गा नामसारी, घरजग्गाको चार किल्ला सिफारिस, वैदेशिक कामकाजको लागि सिफारिस (कन्सुलर सेवा लिन) लगायतका विभिन्न सिफारिसहरू गरे बापत लिइने दस्तुर यस शीर्षक अन्तर्गत पर्दछ, जुन नगरपालिकाको प्रमुख आन्तरिक आय मध्ये एक हो । आ. व. २०७८/७९ मा नगरपालिकाको कुल आन्तरिक आयको करिब १० प्रतिशत भन्दा बढी राजस्व यस शीर्षक अन्तर्गत सङ्कलन भएको छ । आगामी आ. व. मा हुन सक्ने सिफारिस तथा प्रमाणित दस्तुरको अनुमानित संख्या र प्राप्त तथ्याङ्क तथा विगतको आय प्रवृत्तिका आधारमा सिफारिस तथा प्रमाणित दस्तुर र दण्ड जरिबाना बापत करिब देहाय अनुसारको राजश्व प्राप्त हुने अनुमान गरिएको छ ।

**तालिका नं १८ सिफरिस तथा प्रमाणीत दस्तुरको प्रक्षेपणः**

| दस्तुर | औषत दैनिक | औषत वार्षिक निवेदन (वार्षिक १८० दिन) | औषत दर | सम्भाव्य राजश्व | आधार |
|---|---|---|---|---|---|
| विभिन्न सिफारिस दस्तुर | २५ | ४५०० | ५०० | २२५०००० | नपाको आर्थिक ऐन २०८० |
| जम्मा | २५ | | | २२५०००० | |

**तालिका नं १९ दण्ड जरिवानाको प्रक्षेपण:**

| दस्तुर | औषत दैनिक | औषत वार्षिक निवेदन ( वार्षिक १८० दिन) | औषत दर | सम्भाव्य राजश्व | आधार |
|---|---|---|---|---|---|
| दण्ड जरिवाना | ८ | १४४० | २५० | ३६०००० | **नपाको आर्थिक ऐन २०८०** |
| **जम्मा** | **८** | | | **३६००००** | |

**तालिका नं २० व्यक्तिगत घटना दस्तुरको प्रक्षेपण:**

| दस्तुर | औषत दैनिक | औषत वार्षिक निवेदन (वार्षिक १८० दिन) | औषत दर | सम्भाव्य राजश्व | आधार |
|---|---|---|---|---|---|
| व्यक्तिगत घटना | १५ | २७०० | १०० | २७०००० | **नपाको आर्थिक ऐन २०८०** |
| **जम्मा** | **१५** | | | **२७००००** | |

**सुधारका पक्षहरू**

- सिफारिस वा प्रमाणित गर्नु पूर्व दस्तुर तिरे नतिरेको एकीन गर्ने
- दस्तुर नबुझाए सम्म सम्बन्धित अधिकारीले सिफारिस वा प्रमाणित नगर्ने
- वडाबाट सङ्कलीत दस्तुरहरू शीर्षक सहितको विवरण तयार गर्ने
- सबै वडा कार्यालयहरूमा कम्प्युटर सफ्टवेयरमा आधारित अनलाइन बिलिङ प्रणालीलाई अनिवार्य बनाउने ।
- प्रविधि मैत्री कर भुक्तानी सेवाको व्यवस्था गर्ने
- वैदेशिक बैंकिग तथा अन्य प्रयोजनका लागि घर तथा जग्गाको मूल्याङ्कन गर्दा मालपोत, भूमिकर र सम्पत्तिकर प्रयोजनको लागि भएको करको आधारमा मात्र सिफारिस गर्ने ।

सिफारिस तथा प्रमाणित दस्तुर र दण्ड जरिबानाबाट प्राप्त रकम आगामी आ.व. मा नै ८० प्रतिशत सङ्कलन हुने अवस्था रहेको देखिन्छ भने त्यस पछिका वर्षहरूमा क्रमश: १० प्रतिशतका दरले वृद्धि हुने देखिन्छ ।

## (छ) सामुदायिक वनबाट प्राप्त आय

**विद्यमान अवस्था**

स्थानीय सरकार सञ्चालन ऐनको दफा ६२ (ख) मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्य योजना नगरपालिकाबाट स्वीकृत गर्नु पर्ने र त्यसबाट भएको आम्दानीको १० प्रतिशत सम्बन्धित नगरपालिकाको संचित कोषमा जम्मा गर्नु पर्ने व्यवस्था गरेको छ ।

यसैगरी वन ऐन, २०७६ को दफा १८ (५) मा सामुदायिक वन उपभोक्ता समूहले समूहको चाहना र आवश्यकताको आधारमा वन व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन उपभोक्ता समूहले सम्बन्धित स्थानीय तहको परामर्शमा सामुदायिक वनको कार्य योजना बनाउन वा आवश्यकता अनुसार संशोधन गर्न सक्ने प्रावधान रहेको छ । यसैगरी सोही ऐनको दफा २२ मा सामुदायिक उपभोक्ता समूहले कार्य योजना बमोजिम आर्जन गरेको वार्षिक आयबाट कम्तीमा पच्चीस प्रतिशत रकम वनको विकास, संरक्षण, व्यवस्थापन कार्यमा खर्च गरी बाँकी रहेको रकमको कम्तीमा पचास प्रतिशत रकम सम्बन्धित स्थानीय तहसँग समन्वय गरी गरिबी न्यूनीकरण, महिला सशक्तीकरण तथा उद्यम विकास कार्यमा खर्च गर्नु पर्ने छ र बाँकी रहेको रकम उपभोक्ता समूहको हितमा प्रयोग गरिने उल्लेख छ ।

उपर्युक्त स्थानीय सरकार सञ्चालन ऐनको व्यवस्था र वन ऐनको व्यवस्था एक अर्कामा बाँझिएको हो कि भन्ने देखिए तापनि सामुदायिक वन समूहसँग सहमति गरी दुवैलाई फाइदा हुने गरी व्यवस्थापन गर्न सकिने देखिन्छ । यस अनुसार सामुदायिक वन समूहले नगरपालिकाको परामर्शमा स्वीकृत गरेको कार्य योजना बमोजिम भएको आम्दानीको १० प्रतिशत स्थानीय सरकार सञ्चालन ऐनको प्रावधान बमोजिम स्थानीय सरकारको खातामा दाखिला गर्ने र बाँकी ९० प्रतिशतलाई शत प्रतिशत मानी त्यसको २५ प्रतिशत वनको विकासमा, ५० प्रतिशत नगरपालिकाको समन्वयमा गरिबी न्यूनीकरण, महिला सशक्तिकरण तथा उद्यम विकासमा खर्च गर्ने र बाँकी रकम समूहको हितमा खर्च गर्ने गर्दा सबै कानुनका प्रावधानलाई कार्यान्वयन गर्न सकिने हुन्छ । यसमा स्थानीय तहले यसरी सामुदायिक वन समूहबाट प्राप्त गरेको रकम सामुदायिक वनको हितमा र वातावरणीय संरक्षणमा मात्र खर्च गर्न पाउने प्रावधान अगाडि सारेर सामुदायिक वन समूहहरूसँग छलफल गरी सहमति गर्नु उपयुक्त हुन्छ ।

सामुदायिक वनबाट नगरपालिकालाई रकम प्राप्त हुने प्रावधान स्थानीय सरकार सञ्चालन ऐनमा २०७५/११/१९ मा भएको केही नेपाल ऐन संशोधनबाट भएको हुनाले यस शीर्षकमा विगतका वर्षहरूमा आम्दानी भएको थिएन । साथै चालू आ.व. २०८०/८१ का लागि नगर कार्यपालिकाबाट यस शीर्षकमा कुनै राजश्व प्राप्ति हुने अनुमान गरेको छैन ।

**सम्भावना**

यस नगर क्षेत्रमा ३६ वटा सामुदायिक वनहरू रहेका छन् । वन ऐन, २०७६ बमोजिम यीनै सामुदायिक वनहरूबाट प्राप्त आम्दानीको तोकिएको प्रतिशत रकम स्थानीय विकासका लागि महत्वपूर्ण स्रोत हुने देखिन्छ । यसरी नगर क्षेत्र भित्रका विभिन्न सामुदायिक वनको कुल आम्दानीको १० प्रतिशतले नगरपालिकालाई वार्षिक रूपमा देहाय अनुसारको आय हुने देखिन्छ ।

**तालिका २१ : सामुदायिक वनबाट आयको प्रक्षेपण**

| विवरण | संख्या | औषत वार्षिक आम्दानी | करको दर-कुल आम्दानीको १० प्रतिशत | सङ्कलन हुन सक्ने रकम | आधार |
|---|---|---|---|---|---|
| सामुदायिक वन | ३६ | २००००० | १० | ७२०००० | नपाको आर्थिक ऐन २०८० |
| जम्मा | ७२०००० | | | | |

**<u>सुधारका पक्षहरू</u>**

- सामुदायिक वन उपभोक्ता महासंघ, वन कार्यालय र स्थानीय तहका बीचमा समान धारणा नभएको अवस्था हुनाले नीतिगत तहदेखि नै स्पष्टता हुनु पर्ने ।
- सामुदायिक वन समितिलाई नगरपालिकाले प्राप्त गर्ने आयबाट गरिने विकासका क्रियाकलाप सम्बन्धमा विश्वस्त बनाई उक्त रकम स्थानीय कोषमा जम्मा गर्न पहल गर्नु पर्ने ।
- नगरपालिकाको क्षेत्रमा रहेका सबै सामुदायिक वनको अभिलेखीकरण गर्ने कार्यको योजना तर्जुमा गर्न प्राविधिक सहयोग उपलब्ध गराउने ।
- वन संरक्षण र विकास तथा जडीबुटी खेती, कृषि, वन लगायतका जीविकोपार्जन सम्बन्धी क्रियाकलापहरूको व्यवस्थापन गर्न सहयोग तथा सहजीकरण गर्ने ।
- वन संरक्षण तथा उपयोग सम्बन्धी कार्यविधि स्वीकृत गरी लागू गर्नु पर्ने ।
- सामुदायिक वनबाट प्राप्त रकम आगामी आ. व. मा नै शत प्रतिशत सङ्कलन हुने अवस्था नरहेकाले आगामी आ. व. का लागि कुल सम्भाव्य सामुदायिक वनबाट प्राप्त रकमको करिब ३० प्रतिशत हाराहारीमा मात्रै सामुदायिक वनबाट प्राप्त रकम सङ्कलन हुने देखिन्छ भने त्यस पछिका वर्षहरूमा क्रमश: १० प्रतिशतका दरले वृद्धि हुने देखिन्छ ।

सामुदायिक वनबाट प्राप्त रकम आगामी आ. व. मा नै शत प्रतिशत सङ्कलन हुने अवस्था नरहेकाले आगामी आ. व. का लागि कुल सम्भाव्य सामुदायिक वनबाट प्राप्त रकमको करिब ३० प्रतिशत हाराहारीमा मात्रै सामुदायिक वनबाट प्राप्त रकम सङ्कलन हुने देखिन्छ भने त्यस पछिका वर्षहरूमा क्रमशः १० प्रतिशतका दरले वृद्धि हुने देखिन्छ ।

### (ज) अन्य विविध आय

नगर कार्यपालिकाले विभिन्न किसिमका फारामहरू बिक्रीबाट प्राप्त आयलाई बिक्री अन्तर्गत राखेको छ भने अन्य विविध आयमा प्रशासनिक दण्ड जरिवाना, पेश्की फिर्ता, तथा अन्य विविध आयहरू रहेका छन् । यस शीर्षक अन्तर्गत नगरपालिकाले करिब रु. ४५ लाख सम्म सङ्कलन गर्न सक्ने अनुमान गरिएको छ ।

# परिच्छेद चार - आय सङ्कलनको संस्थागत क्षमता तथा सङ्कलन अवस्था

यस परिच्छेदमा नगरपालिकाको आन्तरिक आय सङ्कलनको संस्थागत क्षमता, सङ्कलनको अवस्था, राजश्व नीति लगायतका विषयमा शीर्षकगत रूपमा विश्लेषण गरिएको छ। त्यसैगरी राजश्व परिचालनमा रहेका सवालहरूको पहिचान, विश्लेषण र समस्या समाधानका उपायहरूको खोजी गरिएको छ।

मध्यनेपाल नगरपालिकाद्वारा आर्थिक वर्ष २०८०/८१ का नीति, कार्यक्रम र आयोजना कार्यान्वयन गर्न रु. ६६ करोड १७ लाख ३९ हजार विनियोजन गरिएको छ।

संघीयताको मर्म बमोजिम स्थानीय सरकारले आफैँ आम्दानी गर्ने, आफैँ बजेट निर्माण गर्ने, आफैँ खर्च गर्ने, आफैँ लेखाङ्कन गर्ने, प्रतिवेदन तयार गर्ने र लेखा परीक्षण गर्ने नीति अनुरूप नगरपालिकाको विगत ३ (तीन) वर्षको आन्तरिक स्रोतको अवस्था विश्लेषण गर्दा नगरपालिकाले थप आन्तरिक आम्दानी वृद्धिका लागि आगामी दिनहरूमा करका दायराहरू, आम्दानीका स्रोतहरू र उत्पादनमूलक क्षेत्रहरूको पहिचान र वृद्धि हुने खालको नीतिहरू अवलम्बन गर्नु पर्ने देखिन्छ।

## ४.१ राजश्व परिचालन सम्बन्धी नीति

नगरपालिकाले राजश्व परिचालन तथा व्यवस्थापनका लागि छुट्टै नीति तथा कार्यक्रम तयार गरेको छ। वित्तीय प्रणालीलाई सबलीकरण गर्न, सार्वजनिक खर्चको बढ्दो आवश्यकतालाई पूरा गर्न र पर निर्भरतालाई कम गर्न आन्तरिक स्रोत परिचालन आवश्यक छ भन्ने महत्वका साथ नगरपालिकाको नगर सभाले आ.व.२०८०/८१ का लागि राजश्व सङ्कलन सम्बन्धी देहायका नीति अवलम्बन गरेको छः

१. नगरपालिकालाई अवश्यक पर्ने ऐन, नियमावली, कार्यविधिहरूको पुनरावलोकन, परिमार्जन र थप समयमै गरी सेवा प्रवाहलाई थप सरलीकरण, व्यवस्थित र अध्यावधिक गरिनेछ।

२. नगरवासीले घरमै बसी अनलाइन भुक्तानी हुने गरी कर प्रणालीलाई प्रविधिमैत्री र झन्झटमुक्त बनाइनेछ।

३. सेवाग्राहीलाई नगरको सेवा लिन सरलीकरण र सहजीकरण गर्न एकै ठाउँबाट सेवा प्रवाह गर्ने गरी सेवा प्रवाहमा एकद्धार प्रणाली स्थापना गरिनेछ।

४. सेवा प्रवाहमा प्रभावकारीता ल्याउनको लागि कर्मचारीहरूको कार्यसम्पादन करार, कार्यविशिष्टिकरण, क्षमता विकास र अध्ययन र अनुसन्धानमा जोड दिइनेछ।

५. नवनिर्वाचित जनप्रतिनिधिहरूको क्षमता विकास र उत्प्रेरणाको लागि प्राथमिकताको साथ कार्यक्रमहरू अघि बढाइनेछ

६. न्यायिक समितिको क्षमता विकासको लागि अध्ययन, अवलोकन एवम् तालिमहरू सञ्चालन गरिनेछ

७. कर प्रशासनलाई सुदृढ गरी करका दायरालाई पुनरावलोकन, करको दर र कर प्रशासनको सेवालाई जनमुखी बनाई करप्रतिको धारणालाई परिवर्तन गरिनेछ।

८. प्रत्येक वर्ष नगरपालिका भित्र उत्कृष्ट कर्मचारी छनौट गरी कर्मचारी प्रोत्साहन गर्ने प्रणाली शुरुवात गरिनेछ।

९. नगरपालिकाको सेवा प्रवाह र विकास निर्माण कार्य र जनताको सुसूचित हुन पाउने अधिकारलाई प्रभावकारी बनाउन मिडियासँग सहकार्य गर्न विभिन्न कार्यक्रमहरू सञ्चालन गरिनेछ।

१०. नगरपालिकाको सङ्गठन र दरवन्दी संरचनालाई समयानुकूल पुर्नसंरचना गर्ने आवश्यक प्रक्रिया अघि बढाइनेछ।

११. सेवा प्रवाह र विकास निर्माण कार्यलाई पारदर्शी, जवाफदेही र उत्तरदायी बनाउन प्रत्येक चौमासिकमा नगरपालिकाले सार्वजनिक सुनुवाई कार्यक्रमको आयोजना गरिनेछ। साथै सामाजिक परीक्षण कार्यलाई निरन्तरता दिइनेछ।

## ४.२ आय सङ्कलनको संस्थागत क्षमता

नगरपालिकाको सङ्गठन स्वरूप हेर्दा राजश्व असुलीका लागि राजश्व उपशाखा स्थापना गरी नगरपालिकाले आफ्ना दैनिक प्रशासनिक कामहरू अघि बढाई रहेको देखिन्छ। अन्य शाखाहरूमा जस्तै राजश्व शाखाको कार्य सञ्चालनका निमित्त छुट्टै पर्याप्त स्थानको अभाव रहेको देखिन्छ। नगरपालिकाले राजश्व असुली कार्यमा कम्प्युटरीकृत प्रणाली (कम्प्युटर, प्रिन्टर, विलिङ सफ्टवेयर सहितको) प्रयोग गर्ने गरेको छ। निवेदन दस्तुर, सिफारिस, पञ्जीकरण दस्तुर, मालपोत भूमिकर लगायतका शीर्षकमा असुल हुने राजश्व वडा कार्यालयबाटै सङ्कलन गर्ने व्यवस्था रहेको छ। दर्ता अनुमति नवीकरण दस्तुर, नक्शापास लगायतका सेवा भने नगर कार्यपालिका कार्यालयबाटै हुने गरेको छ।

### ४.२.१ राजश्व शाखामा कार्यरत कर्मचारीहरूको विवरण

नगरपालिकाको धेरैजसो आम्दानीका शीर्षकहरूमा वडा कार्यालयहरूबाट राजश्व सङ्कलन गर्ने गरिएको छ। नगरपालिकामा राजश्व सङ्कलनका लागि छुट्टै उपशाखा छ। राजश्व उपशाखाको कामकाज सहजीकरण र सेवा प्रवाहका लागि एक जना कर्मचारी मात्रै रहेका छन्। राजश्व असुलीका लागि पर्याप्त मात्रामा भौतिक संरचना भएता पनि एकीकृत कम्प्युटर प्रणाली र आवश्यक कर्मचारीहरू उपलब्ध हुन नसकेको देखिन्छ।

## ४.२.२ राजश्व परामर्श समिति

मध्यनेपाल नगर कार्यपालिकामा उप-प्रमुखको संयोजकत्वमा ७ सदस्यीय राजश्व परामर्श समिति गठन गरिएको छ । समितिका सदस्यहरूमा कार्यपालिका सदस्य, प्रमुख प्रशासकीय अधिकृत, राजश्व उपशाखाको प्रमुख, स्थानीय उद्योग वाणिज्य संघ लगायतका प्रतिनिधिहरू समावेश गरिएको छ र आवश्यकता अनुसार बैठकहरू बसी निर्णय गर्ने गरिएको छ । नगरपालिकाको प्रभावकारी राजश्व परिचालनका लागि कार्यपालिका बैठकले नगरपालिका उप-प्रमुखको संयोजकत्वमा देहाय अनुसार ७ सदस्यीय राजश्व परामर्श समिति गठन गरेको छ :

**तालिका २२: राजश्व परामर्श समिति**

| क्र.सं. | समितिका व्यक्तिहरू (पद) | नाम | समिति (जिम्मेवारी) |
|---|---|---|---|
| १ | नगरपालिका उप-प्रमुख | श्री सिता गुरुङ | संयोजक |
| २ | प्रमुख प्रशासकीय अधिकृत | श्री चण्डिका पौडेल | सदस्य |
| ३ | कार्यपालिका सदस्य (वडा अध्यक्ष वडा नं. ५) | श्री ओमवीर गुरुङ | सदस्य |
| ४ | कार्यपालिका सदस्य (वडा अध्यक्ष वडा नं. ६) | श्री विष्णु भक्त पौडेल | सदस्य |
| ५ | उ.वा.संघ, प्रतिनिधि | श्री हरि रेग्मी | सदस्य |
| ६ | ने.चे.अ.क. प्रतिनिधि | श्री अकवर हुसेन मियाँ | सदस्य |
| ७ | राजस्व उपशाखा | श्री उद्धव प्रसाद पराजुली | सदस्य सचिव |

राजश्व परामर्श समितिले विभिन्न छलफल तथा बैठकहरू सम्पन्न गरी राजश्वका दररेटहरू तथा राजश्व सम्बन्धी नीतिगत निर्णयहरू नगर सभा समक्ष पेश गर्ने गर्दछ ।

पूनर्संरचित नगरपालिकाको संवैधानिक व्यवस्थाको आधारमा नगरपालिकाले चालू वर्षको लागि आर्थिक ऐन पारित गरेको छ । राजश्व परामर्श समितिको बैठक बसी आन्तरिक आयको दररेट प्रस्ताव गरी नगरसभाले सो दररेट स्वीकृत गरेको छ । आयका शीर्षक गत दायरा तथा उक्त दायराका दररेटहरू राखी नगरसभा मार्फत आर्थिक ऐन पारित गरिएको छ ।

## ४.२.३ राजश्व परिचालनका लागि प्रशासनिक व्यवस्था

सङ्गठन संरचनामा यस नगरपालिकामा प्रशासन शाखा अन्तर्गत रहने गरी राजश्व उपशाखा रहेको छ । स्थलगत अवलोकन तथा विभिन्न सूचनाका आधारमा हेर्दा हाल नगरपालिकाको राजश्व सङ्कलनको अवस्था देहाय अनुसार रहेको छः

- राजश्व उपशाखाका लागि बेग्लै तर साँघुरो कार्य कक्ष तथा भौतिक सुविधा भएको,
- राजश्व उपशाखा तथा उक्त उपशाखाका कर्मचारीले गर्नुपर्ने कामहरूको कार्य विवरण नरहेको,
- उपशाखामा राजश्वको काम भन्दा पनि राजश्व सङ्कलन इकाइको रूपमा रहेको । आफूले सङ्कलन गरेको तथ्याङ्कहरू बाहेक विगत आ. व. मा सङ्कलन भएका राजश्व सम्बन्धी तथ्याङ्क, विभिन्न आर्थिक वर्षहरूको राजश्व बजेट जस्ता आवश्यक तथ्याङ्क तथा दस्तावेजहरू नभएको,
- राजश्व उपशाखामा कार्यरत कर्मचारीले नम्र व्यवहारका साथ सेवाग्राहीलाई सेवा दिने गरेको,
- यसै आ. व. देखि सबै वडाहरूले कम्प्यटरकृत अनलाइन राजश्व सङ्कलन सुरुवात गरेको भएतापनि व्यवसाय कर तथा नक्शापास दस्तुर लगायतका राजश्व कर भने नगरपालिका कार्यालयबाट नै सङ्कलन  हुने गरेको,
- सम्पत्तिकरका करदाताहरूको फाइल तथा दैनिक काटिने रसिदहरू व्यवस्थित रूपमा फाइलिङ्ग भएको,
- सङ्कलीत रकम बैंक दाखिला गर्ने गरेको । वडा कार्यालयहरूले पनि सोही अनुसार बैंक
- दाखिला गरी नगर कार्यपालिका कार्यालयमा भौचर बुझाउने गरेको,
- राजश्व सङ्कलनको स्पष्ट कार्यविधि नभएकाले राजश्व सङ्कलन गर्दा शीर्षकहरू चयनमा अस्पष्टता रहेको ।
- एउटै किसिमको आम्दानी पनि समय अनुसार फरक-फरक शीर्षकमा प्रविष्टि हुने गरेको,
- व्यवसाय कर, घरजग्गा बहाल कर, विज्ञापन कर लगायतका करका कार्यविधिहरू नभएकाले कर सङ्कलनमा अस्पष्टता रहेको,
- राजश्व सङ्कलनको जिम्मेवारी सहित कार्यरत कर्मचारीहरू अस्थायी रहेको र उनीहरूका लागि थप तालिम तथा अभिमुखीकरण नभएको,
- हालसम्म राजश्व सङ्कलन तथा त्यसको प्रभावकारिताका लागि पर्याप्त मात्रामा अनुगमन तथा मूल्याङ्कन एवं अन्तरपालिका छलफल तथा अध्ययन भ्रमण नभएको ।

## ४.३ नगरपालिकाको आन्तरिक आय परिचालन

नगरपालिकासँग विगत आर्थिक वर्षहरूको तथ्याङ्कको शीर्षक गत अभिलेख रहेको देखिन्छ । आन्तरिक आयको अनुमान गर्दा समेत शीर्षकगत रूपमा गर्ने गरेको देखिन्छ तर उक्त अनुमान विगतका वर्षहरूमा सङ्कलन हुँदै आएको आयलाई आधार मानि गरिएको देखिन्छ ।

नगरपालिकाबाट प्राप्त तथ्याङ्क अनुसार नगरपालिकाले विगत आ.व. २०७९/८० मा सङ्कलन गरेको यथार्थ आयको विवरण शीर्षक गत रूपमा आय शीर्षक अनुसार रु. १ करोड १७ लाख ३५ हजार भन्दा बढी सङ्कलन भएको देखिन्छ । चालू आ.व.का लागि गरिएको अनुमानित आम्दानी रु. २ करोड ४४ लाख ५० हजार समग्रमा सम्पत्ति कर, घरबहाल कर, व्यवसाय कर, बहाल बिटौरी, भूमि तथा मालपोत कर, सिफारिस दस्तुर, नक्सा पास, दण्ड जरिबाना, व्यक्तिगत घटना दस्तुर, नाता प्रमाणित दस्तुर लगायतका स्रोतहरूबाट सङ्कलन हुने अनुमान रहेको छ । विगत आ. व. को यथार्थ सङ्कलनको आधारमा विश्लेषण गर्दा नगरपालिकाको आन्तरिक आयको संरचनामा प्रमुख स्रोतहरूमा क्रमशः सम्पत्ति कर, घर बहाल कर, व्यवसाय कर, पूर्वाधार उपयोग शुल्क, ढुङ्गा गिटी बालुवा विक्री, सिफारिस दस्तुर र दण्ड जरिबाना लगायतका करहरू रहेका छन् । परीक्षा शुल्क गत आ. व. सम्म सङ्कलन गरिएकोमा अब सो शुल्क उठाउन नपाइने कुरा शिक्षा मन्त्रालयबाट निर्देशन भइसकेको छ ।

## ४.४ राजश्व परिचालनमा रहेका सवालहरू

नगरपालिकाको आन्तरिक आय परिचालनमा नयाँ व्यवस्था अनुसारको क्षमता विकास गर्न आवश्यक देखिन्छ । उपरोक्त व्यवस्थालाई मध्यनजर गर्दा मध्य नेपाल नगरपालिकाको हालको राजश्व परिचालनका सम्बन्धमा निम्न सवालहरू विद्यमान रहेको देखिन्छ :

- राजश्व प्रशासन सम्बन्धी सबै आवश्यक ऐन, नियम तथा कार्यविधिहरू तयार नहुनु
- राजश्व प्रशासनका लागि सीप एवं क्षमताले प्रयुक्त कर्मचारी कमी हुनु
- राजश्व सम्बन्धी अभिलेख समेटिएको वस्तुगत विवरण नहुनु
- नयाँ स्रोतहरूको पहिचान र विद्यमान स्रोतहरूको दायरा विस्तारमा विशेष पहल नगर्नु
- राजश्व असुलीमा राजनैतिक प्रतिबद्धता नदेखिनु ।

मध्यनेपाल नगरपालिकाले राजश्व परिचालनका लागि तत्काल सम्बोधन गर्नुपर्ने संस्थागत सवालहरू देहाय बमोजिम रहेका छन् ।

## (क) राजश्व प्रशासनका लागि उपयुक्त सङ्गठन निर्माण

राजश्व परिचालन क्षमता सुधार तथा राजश्वको स्रोत र आधारहरू वृद्धि गर्न नगरपालिकाको राजश्व प्रशासनको वर्तमान सङ्गठनको विस्तार गर्नु पहिलो कार्यको रूपमा देखिन्छ । नगरपालिकाको

नयाँ क्षेत्र तथा परिवर्तित राजश्व अधिकारको आधारमा नगरपालिकाले भौतिक सुविधा, उपयुक्त मानव संसाधन व्यवस्था, क्षमता विकास तालिम, कार्यविधि, सूचना तथा अभिलेख प्रणालीको आवश्यकता देखिन्छ । त्यसका अतिरिक्त वडाहरूबाट समेत तोकिएका शीर्षकहरूमा आय सङ्कलन गर्न क्षमता विकास गरी आवश्यक स्रोत तथा साधन उपलब्ध गराउन आवश्यक रहेको देखिन्छ ।

## (ख) उपर्युक्त आर्थिक ऐन निर्माण

संवैधानिक व्यवस्था अनुसार कानुन नबनाई कुनै पनि राजश्व सङ्कलन गर्न पाइँदैन । नगरपालिकाले आफ्नो बेग्लै स्थानीय आर्थिक ऐन बनाई लागू गरेको छ । नगरपालिकाले आर्थिक ऐन तर्जुमा गर्दा कर सङ्कलन गर्न, सम्भाव्य राजश्व शीर्षकहरूको दर, सङ्कलनको व्यवस्था, दण्ड, सजाय तथा पुरस्कारको व्यवस्था समेत उल्लेख गरी समय सापेक्ष र वैज्ञानिक आर्थिक ऐन निर्माणमा ध्यान दिनुपर्ने देखिन्छ ।

## (ग) आन्तरिक आय परिचालन नीति तथा कार्यविधि

नगरपालिकाले आय परिचालन सम्बन्धी नीति तथा मुख्य आय शीर्षकहरूबाट आय सङ्कलन गर्ने कार्यविधिहरू तयार गरी वडा समितिहरूलाई समेत उपलब्ध गराउनु पर्दछ । यसमा आय सङ्कलन गर्ने तरिका, प्रतिवेदन बुझाउने ढाँचा, नगद दाखिला सम्बन्धी व्यवस्था, अनुगमन जस्ता विषयवस्तु समावेश गर्नु पर्दछ ।

## (घ) राजश्वका दर निर्धारण तथा प्रचार प्रसार

नगरपालिकाले हालको कानुनी व्यवस्था अनुसार राजश्व सङ्कलनको लागि दर निर्धारण गरी त्यसको प्रचार प्रसार गर्न आवश्यक देखिन्छ । त्यसैगरी करदातालाई तिर्नु पर्ने कर रकम सम्बन्धी जानकारी उपलब्ध गराउन कर शिक्षा कार्यक्रम सञ्चालन गर्नु पर्ने हुन्छ । यसका अतिरिक्त समयमा राजश्व नतिरेमा दण्ड जरिबाना लाग्ने विषयमा पनि स्थानीय पत्रपत्रिका, एफ.एम. रेडियो र सामाजिक संजाल मार्फत प्रचार प्रसार गर्नु पर्दछ ।

## (ङ) तथ्याङ्कमा आधारित अभिलेख

आन्तरिक आयको अधिकतम परिचालनका लागि यसका आधारहरूको अभिलेख अद्यावधिक हुनु जरुरी छ । नगरपालिकालाई प्राप्त राजश्वका अधिकारसँग सम्बन्धित व्यक्तिगत सम्पत्तिहरू, व्यापार व्यवसायहरू, सेवा तथा सुविधाहरू आदिको अभिलेख तयारी तथा अद्यावधिक गर्न आवश्यक रहेको छ । अद्यावधिक अभिलेख बिना राजश्व सम्बन्धी नीति निर्धारण, प्रक्षेपण, असुली व्यवस्थाको अनुगमन प्रभावकारी हुन सक्दैन ।

### (च) समन्वय संयन्त्र

राजश्व परिचालन नीति निर्माण, शुल्क तथा दस्तुरको दर निर्धारण, राजश्व सङ्कलन विधि निर्धारण जस्ता कार्यमा आन्तरिक तथा बाह्य निकायहरूसँग समन्वय अपरिहार्य हुन्छ । यसका लागि राजश्वका आधार निर्धारण तथा दरहरूमा परिमार्जनका लागि राजश्व परामर्श समितिको भूमिकालाई स्थापना गर्नु पर्दछ । आय सङ्कलनमा वडा समितिको भूमिकालाई स्पष्ट व्याख्या गरी वडा र राजश्व उपशाखा बीच निरन्तर समन्वय हुन जरुरी देखिन्छ । त्यसैगरी राजश्व बाँडफाँटका सम्बन्धमा केन्द्र, प्रदेश तथा अन्य स्थानीय सरकारहरूसँग समन्वय गर्न आवश्यक पहल समेत गर्नु पर्ने देखिन्छ ।

### (छ) चुहावट नियन्त्रण, पारदर्शिता र जबाफदेहीता

आय सङ्कलन अवस्थाको अनुगमन गरी राजश्व चुहावट भएको पाइएमा त्यसलाई नियन्त्रण गर्न तत्काल आवश्यक कार्य गर्नु पर्दछ । नगरपालिकाले आय व्ययको विवरण आवधिक रूपमा प्रकाशनमा ल्याउनु, करदातासँग निरन्तर संवाद गर्नु, सूचना प्रविधि तथा सामाजिक मिडिया मार्फत राजश्व र खर्चको विवरणबारे जनता तथा सरोकारवालालाई जानकारी गराउनु लगायतका कार्यहरू राजश्व सङ्कलनका क्षेत्रका सकारात्मक प्रयासहरू हुन सक्छन् ।

### (ज) परिवर्तित व्यवस्था अनुसार राजश्व सङ्कलन

परिवर्तित व्यवस्था अनुसार राजश्व सङ्कलनको लागि कानुनी व्यवस्था गर्नु, त्यस बमोजिमको दररेट निर्धारण गर्नु, सङ्कलनको लागि संस्थागत संयन्त्रको स्थापना गर्नु, बाँडफाँट हुने राजश्व शीर्षकहरूमा समन्वयात्मक तरिकाले राजश्व सङ्कलन गर्नु, तत्काल गर्नुपर्ने महत्वपूर्ण कार्यको रूपमा रहेको छ ।

# परिच्छेद पाँच - राजश्व सुधार कार्य योजना

## ५.१ नगरपालिकाको राजश्व सुधार कार्ययोजना:

यस परिच्छेदमा सूचना विश्लेषण तथा सहभागितामूलक छलफलबाट तयार पारिएको नगरपालिकाको राजश्व सुधार कार्ययोजना प्रस्तुत गरिएको छ । यस कार्ययोजनालाई नगरपालिकाले कार्यपालिकाबाट स्वीकृत गरी कार्यान्वयनमा ल्याउने विश्वास लिइएको छ । यसमा नगरपालिकाको राजश्व सम्बन्धी अधिकार, करको दायरा, दररेट सम्बन्धी सरोकारवालाहरूसँगको छलफल, कार्यशालामा भएको प्रस्तुतिकरण र सुझाव सङ्कलनका आधारमा राजश्व सुधारका क्षेत्रहरूको पहिचान गरी निश्चित समयावधिमा गरिने जिम्मेवारी सहितको सुधारका क्रियाकलापहरू तय गरिएको छ । यस कार्ययोजनाका क्रियाकलापहरूलाई देहाय अनुसार निम्न तीन क्षेत्रमा विभाजन गरिएको छ :

## कर तथा गैर कर राजश्व सुधार योजना

**तालिका २३ : कर राजश्व सुधार योजना**

| सुधारका क्षेत्रहरु | कर तथा गैरकर राजश्व सुधारका कृयाकलापहरु | समयावधि | जिम्वेवारी |
|---|---|---|---|
| सम्पत्ति कर तथा मालपोत (भूमिकर) | • सम्पत्ति मूल्याङ्कन पुनरावलोकन ( जस्तो पछिल्ला वर्षहरूमा बनेका बाटो र त्यस बाटोले छोएका जग्गाको अभिलेख अद्यावधिक) गर्ने ।<br>• लगत कट्टा नभएका बाटोहरूको लगत कट्टा अद्यावधिक गर्ने<br>• बाटोको मापदण्डमा नपरेका बाटोहरूको वर्गीकरण गर्ने । | २०८२ असार मसान्त सम्म | नगर सभा<br>प्रमुख प्रशासकीय अधिकृत<br>राजस्व परामर्श समिति |
| | • राजस्व उपशाखा अन्तर्गत रहने गरि सम्पत्ति कर इकाईको स्थापना तथा भौतिक सुविधाको व्यवस्था गर्ने । | २०८२ साउनको पहिलो हफ्ता सम्म | प्रमुख प्रशासकीय अधिकृत<br>राजस्व उपशाखा |
| | • एकीकृतरूपमा राजश्व असुलीका लागि सफ्टवेयर अपग्रेडिंग र इ-पेमेन्ट सहितको अनलाइन विलिंग प्रणालीको स्थापना गर्ने । | २०८१ साउनको पहिलो हफ्ता सम्म | राजस्व उपशाखा<br>वडा कार्यालयहरू |

| सुधारका क्षेत्रहरु | कर तथा गैरकर राजश्व सुधारका कृयाकलापहरु | समयावधि | जिम्वेवारी |
|---|---|---|---|
| | • मालपोत असुलीको लागि सूचना अद्यावधिक गर्ने । | २०८१ साउन १ गते देखि | राजस्व उपशाखा<br>वडा कार्यालयहरू |
| | • सम्पत्तिकरको असुली प्रकृया, दण्ड जरिवाना र प्राप्त करको सदुपयोग सम्वन्धमा जनचेतना तथा जानकारी गराउने । | २०८२ असार मसान्त सम्म एक पटक र चौमासिक रूपमा निरन्तर | प्रमुख प्रशासकीय अधिकृत<br>राजस्व उपशाखा<br>वडा कार्यालयहरू |
| | • सम्पत्ति कर असुलीको अवस्थाको बारेमा टोली बनाई वडा वडामा अनुगमन गर्ने । | निरन्तर | नगर कार्यपालिका<br>राजस्व परामर्श समिति |
| | • सम्पत्ति कर प्रभावकारी कार्यान्वयन भएका नगरपालिकाहरुको अध्ययन अवलोकन भ्रमण तथा अनुभव साटासाट गर्ने । | २०८२ जेठ मसान्त सम्म | राजस्व उपशाखा<br>वडा कार्यालयहरू |
| **व्यवसाय कर** | • नगरपालिका भित्र रहेका ब्यवसायीहरूको तथ्याङ्क अध्यावधिक गर्ने । | २०८२ आषाढ मसान्तसम्म | राजस्व उपशाखा<br>वडा कार्यालयहरू |
| | • ब्यवसायीहरूलाई कर सम्वन्धी सवै वडाहरूमा एक दिने सचेतना तथा कर अभिमुखीकरण आयोजना गर्ने ।<br>• कृषि क्षेत्रमा काम गर्ने व्यवसायका लागि करका दरमा पुनरावलोकन गर्ने । | २०८२ आषाढ मसान्तसम्म | राजश्व परामर्श समिति<br>वडा कार्यालयहरू |
| | • दर्ता नभएका ब्यवसायीलाई नगरपालिकामा दर्ताको लागि सार्वजनिक सञ्चार माध्यम मार्फत सूचना जारी गर्ने । | २०८२ आषाढ मसान्तसम्म | राजश्व परामर्श समिति<br>वडा कार्यालयहरू |
| | • निर्धारित समय भन्दा ढिलो कर तिर्नेलाई जरिवाना तथा छिटो तिर्नेलाई प्रोत्साहनको व्यवस्था गर्ने । | निरन्तर<br>नगरसभाको दिन | नगरसभा<br>प्रमुख प्रशासकीय अधिकृत |
| सवारी साधन कर | • नगरपालिका क्षेत्रमा रहेका साना सवारी (इ-रिक्सा, इ-इस्कुटर, ठेला लगायत) को लगत सङ्कलन गर्ने र | २०८२ आषाढ मसान्त भित्रमा | राजस्व उपशाखा<br>वडा कार्यालयहरू |

| सुधारका क्षेत्रहरु | कर तथा गैरकर राजश्व सुधारका कृयाकलापहरु | समयावधि | जिम्वेवारी |
|---|---|---|---|
| | दर्ता नवीकरणको प्रकृया अगाडी बढाई कर सङ्कलन गर्ने । | | |
| घरजग्गा वहाल कर | • नगरपालिका भित्र रहेका वहालमा दिने घरधनीहरूको विवरण वडा कार्यालय मार्फत अध्यावधिक गर्ने ।<br>• घर वहालकर तिर्नका लागि घरधनीलाई प्रोत्साहित गर्ने ।<br>• बसोवास प्रयोजनको लागि दिइने घर वहाल कर असुलीको विशेष अभियान सञ्चालन गर्ने र अनुगमन गर्ने ।<br>• घरवहालको लागि स्वयंकर घोषणा पद्धति लागू गर्ने र घरजग्गा धनीबाटै कर असुली गर्ने व्यवस्थाका लागि कडाई गर्ने<br>• करको दर पुनरावलोकन गर्ने | आ.व. २०८१/०८२ भित्रमा निरन्तर | राजस्व उपशाखा वडा कार्यालयहरू |
| जडीबुटी, कवाडी, जीवजन्तु कर | • जडीबुटी, कवाडी, जीवजन्तुको व्यावसायिक कारोवार गर्ने व्यावसायीको समेत सहयोगमा कारोवारको प्रकृति र परिमाणको सम्वन्धमा सूचना सङ्कलन गर्ने ।<br>• करका दरमा पुनरावलोकन गर्ने र कर को दायरामा ल्याउने ।<br>• असुली प्रकृयाबाट नगरपालिकावासीलाई असहज भएको अवस्थामा सहजिकरण गर्ने | २०८२ आषाढ मसान्त भित्रमा | नगरपालिका राजश्व परामर्श समिति |
| नदीजन्य पदार्थको बिक्रि (स्लेट, ढुङ्गा, गिट्टि, वालुवा एवम् माटो | • वातावरणीय अध्ययन र नकारात्मक प्रभाव न्यूनिकरण गर्ने<br>• चोरी निकासी र चुहावट नियन्त्रण गर्ने ।<br>• राजस्व असुली तथा वरपरको वातावरणमा प्रतिकुल असरबाट | निरन्तर | नगरकार्यपालिका, राजश्व उपशाखा, राजश्व परामर्श समिति, वातावरण शाखा, नगरप्रहरी |

| सुधारका क्षेत्रहरु | कर तथा गैरकर राजश्व सुधारका कृयाकलापहरु | समयावधि | जिम्वेवारी |
|---|---|---|---|
| जन्य पदार्थ) | जोगाउन स्थानीय समुदायहरूसँग अन्तरक्रिया तथा सहयोगको आदान प्रदान गर्ने ।<br>• माटोजन्य पदार्थका लागि विशेष कार्यविधी तर्जुमा गर्ने | | |
| वहाल विटौरी शुल्क | • वहाल विटौरी लगाउन सकिने क्षेत्रहरूको निर्धारण गर्ने ।<br>• सार्वजनिक जग्गा, ऐलानी जग्गामा रहेका घरहरूको सम्बन्धमा सरोकारवालाहरू सँग छलफल गरी दरलाई पुनरावलोकन गर्ने ।<br>• सार्वजनिक जग्गाहरू वार्षिक ठेक्का लगाई शुल्क असुली गर्ने ।<br>• सार्वजनिक, ऐलानी जग्गामा बनेका सटर, टहरा भाडामा लगाउदा सम्झौता गर्ने व्यक्ति स्वंमले व्यवसाय सञ्चालन गरे नगरेको अनुगमन गर्ने ।<br>• नगरपालिका र साविकका गा.वि.स.वाट बनेका स्थायी संरचनाहरूको संरक्षण र उपभोगलाई प्रभावकारी बनाउने ।<br>• वहाल विटौरी शुल्क वृद्धि गर्ने । | २०८१ श्रावण पहिलो हप्ता सम्म | नगरकार्यपालिका, राजश्व परामर्श समिति |
| व्यवसाय रजिष्ट्रेशन दस्तुर | • रजिष्ट्रेसन गर्नुपर्ने व्यवसायहरूको विवरण सङ्कलन तथा अध्यावधिक गर्ने ।<br>• व्यवसाय रजिष्ट्रेसनका लागि प्रचार प्रसार र समन्वय गर्ने । | २०८१ श्रावण पहिलो हप्ता सम्म | नगरकार्यपालिका, राजश्व उपशाखा |
| अचल सम्पत्ति मूल्याङ्कन शुल्क | • सम्पत्ति कर र अचल सम्पत्ति मूल्याङ्कन अभिलेखलाई एकत्रित गर्ने ।<br>• मूल्याङ्कन शुल्क दर पुनरावलोकन | २०८१ श्रावण पहिलो हप्ता सम्म | राजश्व परामर्श समिति, राजश्व उपशाखा |

| सुधारका क्षेत्रहरु | कर तथा गैरकर राजश्व सुधारका कृयाकलापहरु | समयावधि | जिम्वेवारी |
|---|---|---|---|
| | गर्ने ।<br>• वैदेशिक र वैंकिङ प्रयोजन मूल्याङ्कन र सम्पत्तीकर प्रयोजन मूल्याङ्कनमा एकरूपता ल्याउने । | | |
| पर्यटन सेवा शुल्क | • ऐतिहासिक, पर्यटकिय क्षेत्र तथा अन्य धार्मिक स्थलहरू र ती क्षेत्रहरूको प्रचार प्रसार तथा विकास गरी केहि स्थानहरूमा पर्यटन शुल्क लगाउने । | निरन्तर | नगरकार्यपालिका, राजश्व उपशाखा, प्रशासन शाखा |
| पूर्वाधार उपयोग शुल्क | • नगरपालिकाले निर्माण गरेका संरचना वा हस्तान्तरण भई आएको पूर्वाधारहरू एकिन गरी शुल्क निर्धारण तथा शुल्क लगाउने । | २०८१ श्रावण पहिलो हप्ता सम्म | नगरकार्यपालिका, राजश्व परामर्श समिति |
| नक्शापास दस्तुर | • घर, टहरा, कम्पाउण्ड, नक्सापास नियमनलाई थप प्रभावकारी बनाउने ।<br>• नियमित अनुगमन गर्ने र आवश्यकता अनुसार दण्ड जरिवाना गर्ने ।<br>• भवन अभिलेखिकरण प्रकृयालाई थप प्रभावकारी बनाई आगामी आर्थिक वर्ष पनि कायम राख्ने ।<br>• नक्सापास तथा निर्माण सम्पन्न अभिलेख राजस्व शाखालाई नियमित रूपमा जानकारी दिने । | निरन्तर | नगरकार्यपालिका, प्राविधिक उपशाखा राजश्व उपशाखा, वडा कार्यलयहरु |
| सिफारिस दस्तुर | • सिफारिस सम्बन्धी दररेटको पुनरावलोकन गर्ने | २०८१ असार मसान्त सम्म | नगरकार्यपालिका, नगरसभा |

## नयाँ क्षेत्र पहिचान तथा परिचालन सुधार योजना

**तालिका २४ : नयाँ क्षेत्र पहिचान तथा परिचालन सुधार योजना**

| सुधारका क्षेत्रहरु | नयाँ क्षेत्र पहिचान तथा परिचालन सुधारका कृयाकलापहरु | समयावधि | जिम्वेवारी |
|---|---|---|---|
| सार्वजनिक सम्पत्तिको अभिलेखिकरण तथा परिचालन | • नगरपालिका क्षेत्र भित्रका सार्वजनिक जग्गाहरू, सार्वजनिक स्थलहरू, रुखबिरुवा अभिलेखिकरण गर्ने, संरक्षण गर्ने र सो को परिचालन संभाव्यता अध्ययन गर्ने । | २०८१ जेठ मसान्त सम्म | नगरकार्यपालिका, नगरसभा, प्रमुख/शासकीय अधिकृत, वडा कार्यलयहरु |
| सम्भाव्य सुविधाको निर्माण, सञ्चालन तथा व्यवस्थापन | • नगरपालिका को दिर्घकालिन आय स्रोत हुने गरि सम्भाव्यता अध्ययन गर्ने ।<br>• कृषी तथा तरकारी बजार केन्द्र व्यवस्थापनमा प्रभावकारिता ल्याउने ।<br>• सार्वजनिक शौचालयहरू निर्माण तथा व्यवस्थित गर्ने ।<br>• संघसंस्था तथा निजि क्षेत्रका स्कुलहरू आदिसँग छलफल गरि तिनिहरूलाई करको दायरामा ल्याउनें ।<br>• जात्रा एवं मेलापर्वहरूमा मनोरञ्जन गराउने ब्यवसायीहरूलाई करको दायरामा ल्याउने ।<br>• धर्मशाला, सभाहल निर्माण गरि आय आर्जन गर्ने ।<br>• नगरपालिकाको मुख्य बजार क्षेत्रमा वाइफाइ जोनको विकास गरि आय आर्जन वृद्धि गर्ने ।<br>• यातायात स्टपेज लगायत अन्य पार्किङ्ग स्थलहरूको निर्माण तथा व्यवस्थापन गर्ने । | चालु आ.व. ०८१/८२ देखि निरन्तर | नगरकार्यपालिका, सम्बन्धित वडा कार्यलयहरु, निजी क्षेत्र |
| महत्वपूर्ण धार्मिक तथा पर्यटकिय | • नगरपालिका भित्र रहेका धार्मिक तथा पर्यटकिय स्थलहरूको | २०८२ वैसाख मसान्त सम्म | नगरकार्यपालिका, वडा कार्यलयहरु, |

| सुधारका क्षेत्रहरु | नयाँ क्षेत्र पहिचान तथा परिचालन सुधारका कृयाकलापहरु | समयावधि | जिम्वेवारी |
|---|---|---|---|
| स्थलहरूको विकास, संरक्षण तथा प्रवद्धर्धन | विकास, संरक्षण तथा प्रवद्धर्धनका लागि गुरुयोजना बनाउने/सम्भाव्यता अध्ययन गर्ने । | | निजी क्षेत्र |

## राजश्व प्रशासन सुधार योजना

### तालिका नं.२५:राजश्व प्रशासन सुधार योजना

| सुधारका क्षेत्रहरु | राजश्व प्रशासन सुधारका क्रियाकलापहरु | समयावधि | जिम्वेवारी |
|---|---|---|---|
| नीतिगत व्यवस्था | • राजश्व सुधार कार्ययोजना लगायत राजश्व ऐन तथा अन्य आवश्यक कार्यविधिहरू तर्जुमा गर्ने ।<br>• भइरहेका कर नीतिहरूको समयानुकूल परिमार्जन गर्ने । | २०८१ श्रावण १ गते भित्र | नगर सभा<br>प्रमुख प्रशासकिय अधिकृत |
| सांगठनिक व्यवस्था | • राजश्व उपशाखामा संगठनात्मक व्यवस्थापन सर्वेक्षण अनुसारको दक्ष कर्मचारीको व्यवस्थापन गर्ने ।<br>• राजश्व प्रशासनका लागि आवश्यक भौतिक सुविधाहरू (पर्याप्त कार्य स्थल, फर्निचर, ल्यापटप, प्रिन्टर, कम्प्युटर सफ्टवेयर लगायत) व्यवस्था गर्ने । | २०८१ असार मसान्त भित्रमा | राजश्व परामर्श समिति<br>राजश्व उपशाखा |
| राजश्व संकलन तथा अभिलेख | • राजश्व अभिलेख सम्वन्धी सफ्टवेयर अध्यावधिक गर्ने, करदाताको विवरण सोही सफ्टवेयरमा इन्ट्री गर्ने ।<br>• राजश्व प्रशासनमा सफ्टवेयर तथा कम्प्युटरकृत, अनलाइन, मोबाइल एप्स मार्फत सेवा दिने व्यवस्था मिलाउने । | २०८१ श्रावण १ गते भित्र | नगर कार्यपालिका<br>राजश्व उपशाखा |
| सूचना तथा पारदर्शिता | • सञ्चार माध्यमहरू (स्थानीय एफ.एम. रेडियो, टेलिभिजन तथा सामाजिक संजाल) बाट कर तिर्न प्रोत्साहित गर्ने सम्वन्धी सूचना सम्प्रेषण गर्ने । नगरपालिका र वडामा करको दररेट सहित नागरिक बडापत्रहरू राख्ने । | २०८१ श्रावण १ गते भित्र | प्रमुख प्रशासकिय अधिकृत<br>वडा सचिवहरु |
| समन्वय र | • अनुगमन गरि छुटेका करदातालाई करको | प्रत्येक | नगर कार्यपालिका |

| **सुधारका क्षेत्रहरु** | **राजश्व प्रशासन सुधारका क्रियाकलापहरु** | **समयावधि** | **जिम्वेवारी** |
|---|---|---|---|
| अनुगमन | दायरामा ल्याउने<br>• बिजुली तथा खानेपानी जडानका लागि घर निर्माण सम्पन्न प्रमाण पत्रको आधारमा मात्रै जडान गर्न समन्वय गर्ने ।<br>• करका दरको पुनरावलोकन र राजश्व बाँडफाँटलाई प्रभावकारी वनाउन प्रदेश तथा संघीय कार्यालयसँग समन्वय र सहकार्य गर्ने<br>• राजश्वसँग सम्बन्धित सरोकारवालाहरूसँग नियमित समन्वय तथा छलफल गर्ने ।<br>• आवश्यकता अनुसार राजश्वका सङ्कलन क्षेत्रमा अनुगमन गर्ने । | ३/३ महिनामा | प्रमुख प्रशासकिय अधिकृत |
| पारदर्शिता | • मासिक रूपमा आय व्यायको सार्वजनिकिकरण गर्ने ।<br>• करदाताहरू सम्मिलित सार्वजनिक अन्तरक्रिया कार्यक्रम आयोजना गर्ने । | नियमित रुपमा | प्रमुख प्रशासकिय अधिकृत |
| करदाता तथा कर्मचारी प्रोत्साहन कार्यक्रम | • करदातालाई सम्मान (बढि कर तिर्ने र नियमित तिर्नेलाई) गर्ने ।<br>• कर्मचारीलाई राजश्व असुलीको आधारमा कार्यसम्पादन मूल्याङ्कन गरी प्रोत्साहन गर्ने ।<br>• राजश्व असुलीमा उत्कृष्ट कार्य गर्ने कर्मचारीलाई पुरस्कृत गर्ने । | वार्षीक रुपमा (नगर सभा गर्ने दिनमा ) | नगर कार्यपालिका प्रमुख प्रशासकिय अधिकृत |
| समिक्षा र मुल्याङ्कन | • वार्षिक रूपमा समिक्षा तथा मूल्याङ्कन गर्ने ।<br>• स्थानीय राजश्व परामर्श समितिको बैठक नियमित बसी राजश्व सङ्कलन प्रगतिको समीक्षा गरी सुधारका कदम चाल्ने ।<br>• प्रतिवेदन तयार गर्ने र सार्वजनिकीकरण गर्ने । | चौमासिक रुपमा (अर्थिक वर्ष समाप्त भएको पहिलो चौमासिक) | नगर कार्यपालिका प्रमुख प्रशासकिय अधिकृत राजश्व उपशाखा |

# परिच्छेद छ - आगामी तीन वर्षको आय प्रक्षेपण

यस परिच्छेदमा आगामी तीन आर्थिक वर्षहरूका लागि नगरपालिकाको राजश्व प्रक्षेपण गरिएको छ । महालेखा परीक्षकले स्वीकृत गरेको एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ को आधारमा आय प्रक्षेपण गरिएको छ । नगरपालिकाको राजश्व अधिकार, हालको आय सङ्कलन अवस्था तथा राजश्व सुधार कार्य योजना कार्यान्वयन पश्चात् आय सङ्कलनमा पार्ने प्रभाव समेतलाई मध्यनजर गर्दै आगामी तीन वर्षको आय प्रक्षेपण गरिएको छ । यस प्रक्षेपणले नगरपालिकाको आय बजेट तर्जुमा गर्न सहयोग पुग्नेछ ।

सामान्यतया राजश्व प्रक्षेपण गर्दा अर्थतन्त्रका बृहत् चरणहरूमध्ये कूल गार्हस्थ्य उत्पादनलाई र विगत वर्षको राजश्व असुलीलाई नै आधार मानेर गरिन्छ । साथै राजश्व प्रक्षेपणका तीन विधिहरू: दीर्घकालीन प्रवृत्ति तथा वृद्धि दर विधि (Long term trend and growth rate method), कर उल्लावकता विधि (Tax Buoyancy Method) र औसत हिँड्ने विधि (Moving Average Rate Method) पनि अपनाइन्छ । यद्यपि मध्यनेपाल नगरपालिकाको राजश्व प्रक्षेपणका लागि सबै क्षेत्रका आवश्यक तथ्याङ्कहरू उपलब्ध नभएकोले विज्ञहरू, नगरपालिकाका जनप्रतिनिधिहरू, कर्मचारीहरू सँग परामर्श तथा छलफलका आधारमा प्रस्तुत राजश्व प्रक्षेपण गरिएको छ ।

**<u>सामान्य मान्यताहरू</u>**

- नगरपालिकाको स्थापनासँगै आय सङ्कलनको आधार (करको दायरा) स्वत: विस्तार भएको
- राजश्व सुधार कार्य योजना कार्यान्वयन भए पश्चात् नगरपालिकाको राजस्व प्रशासनमा सुधार आउने
- राजश्व प्रशासनमा सुधार आउनुले राजश्व सङ्कलन प्रभावकारी हुने ।

## ६.१ राजश्व सुधार कार्ययोजनाका आधारमा राजश्व प्रक्षेपण

राजश्व सुधार कार्ययोजनाको कार्यान्वयन पश्चात् आगामी तीन वर्ष (आ.व. २०८१/८२ देखि २०८३/८४) को लागि आय प्रक्षेपण गरिएको छ । प्रस्तुत आय अनुमान राजश्व सुधार कार्य योजनामा प्रस्ताव गरिएको क्रियाकलापहरूको आधारमा गरिएको छ । धेरैजसो शीर्षकहरूको आय प्रक्षेपण प्राप्त तथ्याङ्कमा आधारित छ भने भविष्यमा आयका आधारको दायरा बढ्न गई सोबाट हुने योगदानलाई समेत मध्यनजर गरिएको छ । त्यसैगरी केही शीर्षकहरूको आय प्रक्षेपण गर्दा विगतको आय सङ्कलनको वृद्धिदरलाई आधार मानिएको छ ।

**तालिका २६ : आगामी आ.व.का लागि राजश्व प्रक्षेपणका आधारहरू**

| क.सं. | राजश्व शिर्षक | कुल सम्भाव्य आय | आगामी आवको लागि प्रक्षेपण | |
|---|---|---|---|---|
| | | | प्रक्षेपणको आधार | प्रक्षेपित रकम |
| १ | **आन्तरिक आय तर्फ** | | | |
| १.१ | सम्पत्ति कर | ४३०४०५० | कूल सम्भावनाको ४० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने | १७२१६२० |
| १.२ | भूमि कर (मालपोत) | १२९८००० | कूल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने | १०३८४०० |
| १.३ | घर जग्गा वहाल कर | ७८०००० | कूल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने | ६२४००० |
| १.४ | वहाल विटौरी शुल्क | ५०००० | कूल सम्भावनाको ४० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने | २०००० |
| १.५ | व्यवसाय कर | ७५५००० | कूल सम्भावनाको ६० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने | ४५३००० |
| १.६ | विज्ञापन कर | २१५००० | कूल सम्भावनाको ६० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने | १२९००० |
| १.७ | ढुङ्गा, गिट्टी, बालुवा तथा माटो जन्य वस्तु बिक्री | ४०००००० | कूल सम्भावनाको ५० प्रतिशत र त्यसपछिका आ.व.मा १५ प्रतिशतले बढ्दै जाने | २०००००० |
| १.८ | नक्शापास दस्तुर | १०७७५५० | कूल सम्भावनाको ३० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने | ३२३२६५ |
| १.९ | सिफारिस तथा प्रमाणित दस्तुर | २६१०००० | कूल सम्भावनाको शत प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने | २६१०००० |
| १.१० | जडीबुटी तथा कवाडी तथा निकासी कर | २५६५००० | कूल सम्भावनाको ४० प्रतिशत र त्यसपछिका आ.व.मा २० प्रतिशतले बढ्दै जाने | १०२६००० |
| १.११ | सामुदायिक वनबाट प्राप्त आय | ७२०००० | कूल सम्भावनाको ६० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने | ४३२००० |
| १.१२ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | २१०००० | कूल सम्भावनाको ९० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने | १८९००० |

| क्र.सं. | राजश्व शिर्षक | कुल सम्भाव्य आय | आगामी आवको लागि प्रक्षेपण | |
|---|---|---|---|---|
| | | | प्रक्षेपणको आधार | प्रक्षेपित रकम |
| १.१३ | फोहोरमैला संकलन शुल्क | १००००० | हालसम्म प्राप्त नभएकाले एकमुष्ठ छ लाख अनुमान र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने | १००००० |
| १.१४ | पर्यटन शुल्क | ५०००० | कूल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा २० प्रतिशतले बढ्दै जाने | ४०००० |
| १.१५ | व्यक्तिगत घटना दर्ता दस्तुर | २७०००० | कूल सम्भावनाको शत प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जान | २७०००० |
| १.१६ | अन्य विविध आय रकम | ४५००००० | कूल सम्भावनाको शत प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जान | ४५००००० |
| | **जम्मा आन्तरिक आय** | **५९,५०४,६००** | | **३३४७६२८५** |

## ६.२ आगामी तीन आर्थिक वर्षको आयको प्रक्षेपण:

आय शीर्षकको सम्भाव्य आधार तथा राजश्व सुधार कार्य योजनाको कार्यान्वयनलाई आधार मानी नगरपालिकाको आगामी तीन वर्षको प्रक्षेपित आयको विवरण तालिकामा प्रस्तुत गरिएको छ । प्रक्षेपणको लागि राजश्व संकेत वर्तमानमा सिफारिस गरिएको लेखा कोडको आधारमा गरिएको छ । माथिका अध्यायहरूमा प्रस्ताव गरिए अनुसार ऐनले दिए बमोजिम करका दायराहरू विस्तार गर्न सकेको खण्डमा तालिकामा प्रस्तुत गरिए अनुसार मध्यनेपाल नगरपालिकाको आय वृद्धि हुने देखिन्छ :

**तालिका २७ : आगामी तीन आर्थिक वर्षको आय प्रक्षेपण**

| राजश्व संकेत | राजश्व शीर्षक | २०७८/७९ | २०७९/८० | २०८०/८१ | आय प्रक्षेपण (हजारमा) | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| **१००००** | **राजश्व तथा अनुदान** | | | | | | |
| **११०००** | **कर** | | | | | | |
| **११३००** | **सम्पत्ति कर** | | | | | | |
| ११३०० | सम्पत्ति कर( घरधुरी कर) | १३५०८१४ | १५००००० | १७२१६२० | १८९३७८२ | २०८३१६० | ४१६६७६ |
| ११३१४ | भूमि कर /मालपोत | ७८४२९५ | ५०००० | १०३७४०० | ११४२२४० | १२५६४६४ | १३८२११० |
| ११३२१ | घर वहाल कर (घर जग्गा वहाल कर) | १७१९१५ | ५०००० | ६२४००० | ६८६४०० | ७५५०४० | ८३०५४४ |
| ११३२२ | वहाल विटौरी कर( वहाल विटौरी शुल्क) | ० | ५०००० | २०००० | २२००० | २४२०० | २६६२० |
| **११६००** | **अन्य कर** | | | | | | |
| ११६१० | व्यवसायले भुक्तानी गर्ने | ३४९२५० | ५००००० | ४५३००० | ४९८३०० | ५४८१३० | ६०२९४३ |
| ११६११ | व्यवसायले भुक्तानी गर्ने (जडीबुटी तथा कवाडी कर) | | | १०२६००० | १२३१२०० | १४७७४४० | ३१०२६२४ |
| | पूर्वाधार सेवाको उपयोगमा लाग्ने कर | ३७५००५ | ११५०००० | | | | |
| **१४०००** | **अन्य राजश्व** | | | | | | |
| | | | | | | | |

| राजश्व संकेत | राजश्व शीर्षक | २०७८/७९ | २०७९/८० | २०८०/८१ | आय प्रक्षेपण (हजारमा) | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| | | | | | | | |
| १४१५१ | सरकारी सम्पत्तिको वहालबाट प्राप्त आय | ० | ० | ० | ० | ० | ० |
| १४१९१ | पर्यटन शुल्क | ० | ० | ४०००० | ४८००० | ५७६०० | ६३३६० |
| १४२१३ | अन्य बिक्रिबाट प्राप्त रकम(ढुङ्गा, गिट्टी, बालुवा विक्री तथा निकासी) | २४८४१५७ | १०००००००० | २०००००००० | २३०००००० | २६४५०००० | २९०९५००० |
| १४२१९ | अन्य क्षेत्रको आय | ३१६४९१ | ३५५०००० | ४५००००० | ४९५०००० | ५४४५००० | ५९८९५०० |
| १४२४२ | नक्शापास दस्तुर | | | ३२३२६५ | ३५५५९२ | ३९११५१ | ४३०२६६ |
| १४२४३ | सिफारिस तथा प्रमाणित दस्तुर | | | २२५०००० | २४७५००० | २७२२५०० | २९९४७५० |
| १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | | | २७०००० | २९७००० | ३२६७०० | ३६०३७० |
| | सामुदायिक वनबाट प्राप्त आय | | | ४३२००० | ४७५२०० | ५२२७२० | ५७४९९२ |
| | फोहोरमैला संकलन शुल्क | | | १००००० | ११०००० | १२१००० | १३३१०० |
| | विज्ञापन कर | | | १२९००० | १४१९०० | १५६०९० | १७१६९९ |
| १४२४९ | अन्य दस्तुर | ४८४८८९९ | | १८९००० | २०७९०० | २२८६९० | २५१५५९ |
| १४३१२ | प्रशासनिक दण्ड, जरिबाना र जफत | | | ३६०००० | ३९६००० | ४३५६०० | ४७९१६० |
| **जम्मा** | | **१०६८०८२६** | **१६८५००००** | **३३४७५२८५** | **३७९३०५१४** | **४०६९०१७५** | **४६८०५२७३** |
| **१५०००** | **विविध प्राप्ति** | | | | | | |
| १५१११ | बेरुजु | | | ० | ० | ० | ० |
| १३३११ | संघीय सरकार- समानीकरण अनुदान | १३६७००००० | १४५९००००० | १६०४९०००० | १७६५३९००० | १९४१९२९०० | २१३६१२१९० |
| १३३१२ | संघीय सरकार- शसर्त अनुदान चालु | २०९९३२००० | २२३६००००० | २४५९६०००० | २७०५५६००० | २९७६११६०० | ३२७३७२७६० |
| १३३१६ | संघीय सरकार- समपुरक अनुदान | १०७१९७६२ | ८०००००० | ८८००००० | ९६८०००० | १०६४८००० | १०७५४४८० |
| | संघीय सरकार- विषेश अनुदान | ३२४००००० | | | | | |
| १३३११ | प्रदेश सरकार - समानीकरण अनुदान | ११९४३०० | १४२४२००० | १५६६६२०० | १७२३२८२० | १८९५६१०२ | २०८५१७१२ |
| | प्रदेश सरकार - शसर्त अनुदान चालु | १५२९३००० | २४४१४००० | | | | |

| राजश्व संकेत | राजश्व शीर्षक | २०७८/७९ | २०७९/८० | २०८०/८१ | आय प्रक्षेपण (हजारमा) | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| १३३१४ | प्रदेश सरकार - विषेश अनुदान | ६०००००० | | | | | |
| १३३१६ | प्रदेश सरकार - समपुरक अनुदान | २९९९७००० | २०००००००० | | | | |
| १००२० | राजश्व बाँडफाँट-संघीय/ प्रदेश सरकार | ८५५५४५६३ | १०८३०८००० | ११९१३८८०० | १३१०५२६८० | १४४१५७९४८ | १५८५७३७४२ |
| १००१० | अन्य आय | | | २७०५३ | २९७५८ | ३२७३४ | ३६००७ |
| ३२१२२ | बैंक मौज्दात | ७९७७७१६९६ | ११५४८३८५५ | १२७०३२२४१ | १३९७३५४६५ | १५३७०९०११ | १६९०७९९१२ |
| | **जनसहभागीता** | **८२७९००** | **१४६१५०००** | | | | |
| | **कुल जम्मा** | **६३७१६९७४७** | **६९१४१२८५५** | **५८३४७२३३८** | **६४२९२६१७२** | **७०८४९६७०९** | **७७९३४६३७९** |

# परिच्छेद सात-अपेक्षित नतिजा

यस नगरपालिकाको राजश्व सुधार कार्य योजना तर्जुमाका क्रममा विभिन्न स्रोतहरूबाट तथ्याङ्क तथा सूचनाहरू सङ्कलन गरिएको थियो । विभिन्न फारामहरूको प्रयोग गरी नगरपालिकाको कार्यालय तथा वडा कार्यालयहरूबाट समेत तथ्याङ्क तथा सूचनाहरू सङ्कलन गरिएको थियो । हालको राजश्व सङ्कलन तथा प्रशासनको अवस्थालाई सुधार गर्नका लागि सहभागितामूलक पद्धति (कार्यशाला) मार्फत राजश्व सुधार कार्य योजना तर्जुमा गरिएको थियो । सङ्कलित तथ्याङ्क, सूचनाको विश्लेषण तथा राजश्व सुधार कार्य योजनामा निर्दिष्ट गरिएको क्रियाकलापहरूको कार्यान्वयन हुने मान्यता र त्यसको नतिजा समेतलाई मध्यनजर गरी नगरपालिकाको आगामी तीन आर्थिक वर्षका लागि राजश्व प्रक्षेपण गरिएको छ ।

नगरपालिकालाई राजश्व सङ्कलन अधिकार उल्लेख्य रूपमा प्रदान गरिए पनि नगरपालिकाको दायरा अधिक देखिँदैन । नगरपालिकाले आफ्नो अधिकार क्षेत्रका सम्भाव्य सबै कर, शुल्क तथा दस्तुर सङ्कलन गर्ने प्रयास गरेको देखिन्छ । सीमित साधन र श्रोतका कारण राजश्व प्रशासन प्रभावकारी हुन नसक्ने भएकोले तत्काल राजश्व वृद्धिमा योगदान पुर्याउन मद्दत गर्ने केही महत्वपूर्ण र प्रभावकारी श्रोतहरूको सङ्कलन तर्फ ध्यान दिनु जरुरी देखिन्छ । साथै राजश्व सुधार कार्य योजनामा उल्लेख भएका क्रियाकलापहरूलाई पनि प्राथमिकीकरण गरी कार्यान्वयन गर्नु उचित हुन्छ । नगरपालिकाले राजश्वको प्रभावकारी सङ्कलनका लागि प्राथमिकताका आधारमा तत्काल जोड दिनुपर्ने राजश्वका शीर्षकहरू निम्नअनुसार छन् ।

- नदि जन्य वस्तु बिक्री
- सम्पत्तिकर
- व्यवसाय कर
- घरजग्गा बहाल कर
- नक्सापास दस्तुर

त्यसैगरी, नगरपालिकाले राजश्व वृद्धि एवं करको प्रभावकारी सङ्कलनका लागि प्राथमिकताका आधारमा निम्नअनुसारका क्रियाकलापहरू गर्न सिफारिस गरिन्छः

- राजश्व परामर्श समितिलाई थप क्रियाशिल बनाउने ।
- आर्थिक ऐन थप वस्तुपरक बनाउने ।
- कर सचेतना सम्बन्धी कार्यक्रमहरू तय गरी कार्यान्वयन गर्ने ।

- आवधिक रूपमा उद्योगी तथा व्यवसायीहरू सँग कर राजश्व सम्बन्धी विषयमा छलफल तथा अन्तरक्रिया गर्ने ।
- पूर्वाधार विकासका क्षेत्रमा लगानीलाई प्रवर्धन र प्रोत्साहन गर्न सार्वजनिक निजी साझेदारी नीति तर्जुमा गरी कार्यान्वयनमा जोड दिने ।
- आवश्यक जनशक्ति तथा भौतिक सुविधा सहितको राजश्व उपशाखा व्यवस्थित गर्ने ।
- राजश्व आम्दानीका सम्भावना रहेका श्रोतहरूको खोजी गर्ने, तथ्याङ्क सङ्कलन र अद्यावधिक गर्ने ।
- बहाल बिटौरी करका क्षेत्रहरूको पहिचान र ठेक्का निर्धारण गर्ने ।
- कर चुक्ता दिने व्यवस्था गर्ने ।
- करदाताहरूलाई नियमित रूपमा पत्र, एसएमएस वा विद्युतीय सूचना पठाउने ।
- आन्तरिक राजश्व कार्यालयसँगको समन्वयमा व्यवसाय कर असुलीलाई प्रभावकारी बनाउने।
- नक्शापास प्रक्रियालाई सरलीकृत गर्दै यसबाट आय स्रोत वृद्धिमा ध्यान दिनु पर्ने र भौगोलिक सूचना प्रणाली र राजश्व उपशाखा बीच निकटतम सम्बन्ध स्थापना गर्ने ।

## आगामी आ.व. २०८१/०८२ को आर्थिक ऐन तर्जुमाका लागि केही सुधार गर्नुपर्ने कुराहरू :

### सम्पत्तिकर मालपोत (भूमिकर)

- पुस मसान्त सम्म कर बुझाउने करदाता लाइ लाग्ने करमा १० प्रतिशत छुट दिने ।
- सम्पत्तिकर तथा भूमिकर मालपोत कर प्रयोजनका लागि बाटोको वर्गीकरण अनुसार मूल्याङ्कनको दरमा पुनरावलोकन गर्ने ।
- घर निर्माण सम्पन्न भए पछि प्रमाण पत्र प्राविधिक शाखाबाट प्राप्त गरी अद्यावधिक गर्ने ।

### व्यवसाय कर

- वार्षिकरूपमा व्यवसाय कर बुझाए पछि, व्यवसाय दर्ता र नवीकरणका लागि छुट्टै शुल्क नलिने ।

### सवारी साधन कर

- करमा प्रदेश कानुन अनुसार मिलाउने र अटो रिक्साको लागि रूट प्रमिट, भाडादर निर्धारण को व्यवस्था गरी वार्षिक सेवा शुल्क राख्ने ।
- रिक्सा ठेला गाडा, इ रिक्सा, स्कुटर लगायतका सवारी साधनको करको दर रेट राख्ने

## बहाल विटौरी

- सार्वजनिक जग्गा, एलानीमा जग्गा उपभोग गरे बापत दररेट कायम गर्ने ।

## सेवा शुल्क सिफारिस

- नागरिकता सिफारिस वा प्रतिलिपि सिफारिसमा बापत रु. १०० मात्र लिने ।
- नाता प्रमाणित सिफारिस शुल्क रु. २५० मात्र लिने ।
- नाता प्रमाणित अंग्रेजीमा सिफारिस शुल्क (वैदेशिक प्रयोजनका लागि) रु. ८०० गर्ने ।
- नाबालक सिफारिस रु. १०० मात्र गर्ने ।
- विविध सिफारिस शुल्क रु. ३०० गर्ने ।
- घरायसी कारोबार रोहवर शुल्क रु. ३०० मात्र गर्ने ।
- कृषि बिमा दावि सिफारिस निःशुल्क गर्ने ।
- विधुत सिफारिस (कृषि प्रयोजनका लागि) नाम सारी, ठाउँ सारी निःशुल्क गर्ने ।

## घर बहाल कर

- घर बहाल करको छुट्टै अनुसूचीको व्यवस्था गरी हाल कायम रहेको १० प्रतिशतमा घटाइ बसोबासका लागि ७ प्रतिशत र कृषि प्रयोजनका लागि १ प्रतिशत कायम गर्ने ।

## ढुङ्गा, गिट्टी, बालुवा तथा माटो जन्य वस्तु बिक्री

- नदि जन्य पदार्थको दररेट स्थानीय आर्थिक ऐनमा समेत उल्लेख गर्ने ।

# परिच्छेद आठ - अनुगमन तथा मूल्याङ्कन

स्थानीय सरकार सञ्चालन ऐनको व्यवस्था अनुसार राजश्व परामर्श समितिलाई राजश्वका स्रोत, दायरा तथा दरको विश्लेषण गरी आय अनुमान गर्ने र स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिलाई फागुन महिनाभित्र आगामी ३ आर्थिक वर्षको आय अनुमान गर्ने कार्यमा यो राजश्व सुधार कार्य योजनाले सहयोग गर्दछ । त्यसैले हरेक आर्थिक वर्षको फागुन महिना सम्ममा राजश्व सुधार कार्य योजना तयार गरी सम्बन्धित समितिलाई उपलब्ध गराएमा समितिबाट गरिने निर्णयहरूका लागि आवश्यक आधार हुनेछ । राजश्व सुधारका नीति, क्रियाकलापहरू तथा बजेट अनुमान पश्चात् राजश्व सुधार कार्य योजना अनुसारका क्रियाकलापहरू सञ्चालन भए नभएको तथा अनुमान अनुसार आय असुली भएको नभएको सम्बन्धमा नियमित रूपमा अनुगमन गर्ने, आगामी आर्थिक वर्षको आय प्रक्षेपणको लागि त्यस अवधि सम्मको क्रियाकलाप तथा आय असुली अवस्थाको मूल्याङ्कन गर्ने तथा आर्थिक वर्ष सम्पन्न भएपछि सो आर्थिक वर्षको लागि तय गरिएका क्रियाकलापहरू तथा आय असुली अवस्थाको मूल्याङ्कन गर्न आवश्यक हुन्छ । यो राजश्व सुधार कार्य योजनाको अनुगमन तथा मूल्याङ्कनको लागि निम्न चार तहको अनुगमन तथा मूल्याङ्कन व्यवस्था सिफारिस गरिएको छ :

## ८.१ कार्यालय स्तरको अनुगमनः

अनुगमन तथा मूल्याङ्कनको लागि प्रमुख प्रशासकीय अधिकृत, राजश्व उपशाखा तथा अन्य सम्बन्धित शाखाका प्रतिनिधिहरूलाई जिम्मेवार बनाउनु पर्दछ । स्थानीय सरकारले कम्तीमा महिनामा एक पटक बैठक बसी योजनाको कार्यान्वयनको अवस्था तथा असुली अवस्थाको अनुगमन गरी लक्ष्य हाँसिल गर्ने तर्फ आवश्यक कार्य गत निर्णयहरू गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

## ८.२ राजस्व परामर्श समितिबाट अनुगमन तथा मूल्याङ्कन

राजश्व परामर्श समितिले चौमासिक रूपमा राजश्व सुधार योजनाको कार्यान्वयनको अवस्था, आय सङ्कलनको अवस्थाको नियमित अनुगमन गरी कार्यपालिकालाई आवश्यक परामर्श प्रदान गर्ने कार्य यस अन्तर्गत पर्दछ । त्यसैगरी आगामी आर्थिक वर्षको लागि आयको अनुमान गर्ने कार्य, पूर्व भएका कार्यको मूल्याङ्कन गरी स्रोत, दर तथा दायरामा सुधारको लागि क्रियाकलाप सिफारिस गर्ने र त्यसको आधारमा आयको अनुमान गर्नु पर्दछ । यसका अतिरिक्त आर्थिक वर्षको समाप्ति पश्चात् राजश्व सुधार कार्य योजनाको समीक्षा समेत अनिवार्य गरिनु पर्छ ।

## ८.३ कार्यपालिकाबाट अनुगमन तथा मूल्याङ्कन

कार्यपालिकाको बैठकले राजश्व परामर्श समितिबाट प्रस्तुत गरेका सुझावहरूलाई छलफलमा ल्याई आवश्यक निर्णय गर्ने कार्य यस अन्तर्गत पर्दछ । छलफलको क्रममा राजश्व सुधार योजना तथा आय असुली अवस्थाको समीक्षा गरी आवश्यक नीति गत तथा कार्य गत निर्णय गर्नु आवश्यक भएमा निर्णय गरिनु पर्छ ।

## ८.४ बाह्य अनुगमन तथा मूल्याङ्कन

राजश्व सुधार कार्य योजना कार्यान्वयनमा सहजीकरण गर्न चाहने संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, प्रदेश मन्त्रालय, दातृ निकायहरू आदिले अनुगमनको लागि सहयोग प्रदान गर्न सक्ने छन् । यस्तो अनुगमन प्रणालीको स्थापनाले स्थानीय सरकारको अनुगमन तथा प्रतिवेदन गर्ने क्षमतामा विकास हुनेछ । राजश्व प्रशासनसँग सम्बन्धित तथ्याङ्क बाहेक योजना कार्यान्वयन प्रक्रियाको अनुगमन तथा करदाताहरूको अनुभूति सङ्कलन पनि अनुगमनको अर्को मुख्य विधि हुन सक्छ ।

## ८.५ अनुगमन तथा मूल्याङ्कनका क्षेत्रहरू

नगरपालिकालाई प्राप्त कानुनी व्यवस्था अनुसार यो राजश्व सुधार कार्य योजना तीन वर्षको लागि आवधिक रूपमा तयार गरिएको छ । यसको कार्यान्वयनलाई सुनिश्चित गर्न नियमित प्रगति समीक्षा गर्न जरुरी पर्दछ । यसका अलावा यो योजनाका लागि राजश्व सुधारका लागि एक व्यवहारिक र जीवन्त दस्तावेज बनाउन नयाँ चुनौती, क्षेत्र र अवसरहरूलाई सम्बोधन गर्ने गरी वार्षिक रूपमा पुनरावलोकन गर्दै जानु आवश्यक देखिन्छ । नियमित अनुगमन प्रणालीको स्थापनाले नगरपालिकाको अनुगमन तथा प्रतिवेदन गर्ने क्षमतामा विकास हुनेछ । परिणाम अनुगमनमा राजश्व प्रशासनसँग सम्बन्धित तथ्याङ्क बाहेक योजना प्रक्रिया अनुगमन तथा अनुभूति सङ्कलन नै परिणाम अनुगमनको मुख्य विधि हुनेछ ।

**अनुगमनका मुख्य क्षेत्र यस प्रकार रहने छन् :**

- राजश्व सुधार कार्य योजनाको स्वीकृति
- राजश्व प्रशासनको पुनः संरचना
- मस्यौदा प्रस्ताव तयारी
- कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन प्रणाली
- व्यवसाय कर तथा घरजग्गा वहाल करको संशोधित दरहरू
- सडक व्यापारहरूबाट सङ्कलन गरिने फोहर मैला शुल्कको दर
- प्राकृतिक सम्पदामा पर्यटन प्रवेश शुल्क लागू
- सर्व कर तथा शुल्कमा ढिलो बुझाएमा हुने जरिबानाको दर
- अग्रिम कर सङ्कलन प्रक्रियामा सुधार
- नक्सापास दस्तुर नियमन प्रणाली
- पर्यटन सेवा शुल्क लागू,
- सार्वजनिक जग्गा तथा भवनहरूको स्वामित्व वा भोगाधिकार वा संरक्षणको अधिकार प्राप्ति,
- विभिन्न प्राकृतिक सम्पदाको एक द्वार पर्यटक प्रवेश शुल्क लिने व्यवस्थाको सुरुवात,
- कार्यक्रमको स्वीकृति र बजेट विनियोजन
    - कर अभियान वर्ष
    - कार्य कक्ष र साधन
    - राजश्व शाखामा कार्यरत कर्मचारीहरूको क्षमता तथा सीप विकास कार्यक्रम
    - व्यवसाय कर लगत सङ्कलन तथा अद्यावधिक गर्न
    - वहाल कर लगत सङ्कलन र अद्यावधिक
    - सार्वजनिक सम्पत्तिको अभिलेखीकरण तथा नक्साङ्कन
    - राजश्व जनचेतना अभियान तथा राजश्व परिचालन कार्यशालाहरू सञ्चालन
        - बाह्य सहयोगको लागि प्रक्रिया
        - भौगोलिक सूचना प्रविधि प्रयोग गरी सम्पत्तिको लगत तयारी तथा अद्यावधिक गर्न,
        - सहरी सेवा तथा राजस्व परिचालनका लागि नगरपालिकाको स्वामित्वमा रहेको जग्गा,
        - सार्वजनिक जग्गाको उपयोग सम्बन्धमा सम्भाव्यता अध्ययन, विस्तृत डिजाईन इष्टिमेट र कार्यान्वयन गर्न,
        - सार्वजनिक निजी साझेदारीका परियोजनाको विकास तथा खरिद प्रक्रिया पुरा गर्न ।
        - राजश्व प्रशासनको संस्थागत प्रणाली स्थापना गर्न तथा राजश्व सुधार कार्य योजना कार्यान्वयनको लागि तालिम तथा कार्यान्वयनमा सहयोग प्रदान गर्न
        - बाह्य लगानीका लागि (सार्वजनिक निजी साझेदारी तथा ऋण) वातावरण सिर्जना
        - राजश्वका वैकल्पिक श्रोतहरू खोजी ।